सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२ जेठ २०८२, शुक्रबार (16 May 2025, Friday) ▪ नेपाल संवत् ११४५ ▪ वर्ष १९ ▪ अंक ३३ ▪ पृष्ठ १०  nayapatrikaofficial  @NAYA_PATRIKA  मूल्य रु. १०/-

### बढुवाको चार वर्षपछि प्रहरीका वरिष्ठ सइको ग्रेड समायोजन गर्ने निर्णय



नयाँ पद सिर्जना गरेर बढुवा गरिएको करिब चार वर्षपछि सरकारले नेपाल प्रहरीका वरिष्ठ नायब निरीक्षक (वरिष्ठ सइ)को तलबमान र ग्रेड समायोजन गरेको छ।

(विस्तृत पृष्ठ २)


### कर्मचारी आन्दोलनमा लागेपछि सुदूरपश्चिमका स्थानीय तहको सेवा ठप्प




योजना कार्यान्वयन र बजेट खर्च प्रभावित, पालिकाले पठाए प्रदेश सरकारलाई पत्र

(विस्तृत पृष्ठ ३)

### कतारबाट विमान उपहार लिने ट्रम्पको निर्णय विवादमा



कतारले अमेरिकी राष्ट्रपतिको औपचारिक प्रयोगका लागि 'बोइङ ७४७-८' उपहार दिने भएपछि अमेरिकी राजनीति तरंगित

(विस्तृत पृष्ठ ६)

### झापामा पाइपलाइनमार्फत हजार घरमा बायोग्यास जडान गरिँदै



प्रधानमन्त्री केपी ओलीको 'घर-घरमा पाइपलाइनबाट ग्यास' योजना कार्यान्वयन गर्न आयल निगम अग्रसर, विकसित देशमा प्रयोग भइरहेको 'सिटी ग्यास पाइपलाइन' जडानका लागि काठमाडौं विश्वविद्यालयमार्फत अध्ययन हुने

### निजीकरण गर्न चल्दाचल्दैका दुई सरकारी सिमेन्ट उद्योग बन्द

१५ वैशाखको मन्त्रिपरिषद् बैठकले निजीकरण गर्ने निर्णय गरेको पाँच दिनपछि हेटौँडा सिमेन्टको प्लान्ट बन्द, आइतबारदेखि उदयपुर सिमेन्ट पनि ठप्प

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## ▪ टेरामक्स खरिदमा तीन अर्ब २२ करोड भ्रष्टाचार

# प्रक्रिया सुरु गर्ने पूर्वमन्त्री बस्नेतलाई मुद्दा, निरन्तरता दिने कार्की र बाँस्कोटालाई उन्मुक्ति

▪ तत्कालीन सञ्चारमन्त्री मोहनबहादुर बस्नेतले क्षेत्राधिकार नाघेर ०७४ मा दूरसञ्चार प्राधिकरणले प्रस्ताव नै नगरेको टेरामक्स खरिद प्रक्रिया थाल्ने निर्णय गरे

▪ ०७४ मै मन्त्री भएका गोकुल बाँस्कोटाले दूरसञ्चार प्राधिकरणको वार्षिक कार्यक्रम (टेरामक्ससहित) स्वीकृत गरे, बजेट निकासा प्रस्तावमा सहमति दिए

▪ तत्कालीन मन्त्री ज्ञानेन्द्र कार्कीले २५ कात्तिक ०७८ मा टेरामक्स कार्यान्वयनका लागि प्राधिकरणबाट सहमतिका लागि आएको ७० करोडको पूरक बजेटलाई स्वीकृति दिए



**मोहनबहादुर बस्नेत**, तत्कालीन मन्त्री

- **३ अर्ब २१ करोड ८३ लाख ७७ हजार १८२ रुपैयाँ बिगो**
- सार्वजनिक सम्पत्ति हानि-नोक्सानीमा १० देखि १४ वर्षसम्म कैद र जरिवाना
- नपाएको अधिकार पाएँ भनेर प्रयोग गरेकोमा एकदेखि दुई वर्षसम्म कैद र ५० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना
- सांसदका रूपमा विशिष्ट पदाधिकारी भएकाले उनलाई अरू तीन वर्षसम्म कैद

**सुवास भट्ट**/नयाँ पत्रिका

नेपाल दूरसञ्चार प्राधिकरणको टेलिकम्युनिकेसन ट्राफिक मोनिटरिङ एन्ड फ्रड कन्ट्रोल सिस्टम (टेरामक्स) खरिद प्रक्रियामा करिब तीन अर्ब २२ करोड रुपैयाँबराबर भ्रष्टाचार भएको आरोपमा पूर्वमन्त्रीसहित १६ विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरिएको छ। अख्तियारले बिहीबार दायर गरेको मुद्दामा तत्कालीन सञ्चारमन्त्री एवं कांग्रेस सांसद मोहनबहादुर बस्नेत मुख्य प्रतिवादी छन्।

» पृष्ठ ९ मा क्रमशः




### एक वर्षअघि नै अनुसन्धान सकिए पनि अदालत लगिएको थिएन मुद्दा

०७५ मै उजुरी परे पनि अख्तियारले ०८० देखि टेरामक्स खरिदमा भएको अनियमितताबारे छानबिन थालेको थियो। तीनजना तत्कालीन सञ्चारमन्त्री प्रत्यक्ष मुछिएको यो प्रकरणमा सुरुदेखि नै राजनीतिक लबिङ पनि सँगसँगै चलिरहेको थियो। त्यसको प्रभाव अख्तियारले मुद्दा दायर गर्ने वेलासम्म देखियो। अनुसन्धानका क्रममा तीनै मन्त्री, सचिवहरूसहित करिब ६० जनाको बयान अख्तियारले लिएको थियो। करिब एक वर्षअघि नै अनुसन्धान पनि सकाएको थियो। तर, उच्चपदस्थहरूलाई उन्मुक्ति दिन भइरहेको राजनीतिक दबाबका कारण अख्तियारले औपचारिक निर्णय गर्न सकेको थिएन। अहिले तत्कालीन दुईजना मन्त्री र सचिवसहितलाई उन्मुक्ति दिएर मुद्दा दायर गरिएको छ।

## अख्तियारको अनुसन्धानमै प्रश्न 'राजनीतिक दबाब'मा प्रमाण नपुगेको भन्दै उन्मुक्ति

टेरामक्स खरिद प्रक्रियामा भएको करिब तीन अर्ब २२ करोड आर्थिक अनियमिततामा 'राजनीतिक शक्तिको आडमा' तत्कालीन सञ्चारमन्त्रीद्वय गोकुल बाँस्कोटा र ज्ञानेन्द्र कार्कीसहित दुई सचिवलाई भने 'उन्मुक्ति' दिइएको छ।



गोकुल बाँस्कोटा



ज्ञानेन्द्रबहादुर कार्की

उनीहरूविरुद्ध प्रमाण नपुगेको अख्तियारको दाबी छ। तर, राजनीतिक प्रभाव देखिएको भन्दै अख्तियारको अनुसन्धानमै प्रश्न उठेको छ।


टेरामक्स प्रक्रिया सुरु गर्ने तत्कालीन सञ्चारमन्त्री मोहनबहादुर बस्नेतलाई मुख्य प्रतिवादी बनाउँदा खरिद प्रक्रियालाई निरन्तरता दिँदै पूरक बजेटमा सहमति दिएका बाँस्कोटा र कार्कीलाई प्रतिवादी बनाइएको छैन।

अख्तियार स्रोतका अनुसार 'राजनीतिक शक्तिको आडमा' उनीहरूलाई उन्मुक्ति दिइएको हो। बालुवाटारदेखि बुढानीलकण्ठ र पूर्वराष्ट्रपति निवाससम्मबाट अख्तियार नेतृत्वलाई दबाब आएको स्रोतको दाबी छ। साढे चार वर्षअघि ओली सरकारकै पालामा अध्यादेशमार्फत अहिलेको अख्तियारको नेतृत्व नियुक्तिका लागि सिफारिस गरिएको थियो।

मन्त्रीद्वय कार्की र बाँस्कोटा मुद्दाको दायरामा नपरेपछि तत्कालीन पूर्वसञ्चारसचिवद्वय वैकुण्ठ अर्याल र मोहनमान गुरुङलाई पनि उन्मुक्ति दिइएको छ। सुरु भइसकेको कार्यक्रमलाई निरन्तरता मात्रै दिएको अर्थमा अख्तियारले बाँस्कोटा र कार्कीलाई

» पृष्ठ ९ मा क्रमशः

## ▪ निरन्तर धर्नामा लघुवित्तपीडित



माइतीघरमा धर्नामा बसेका लघुवित्तपीडितहरू। लघुवित्त संस्थाले ऋणीलाई फेरि दबाब दिएर धितो लिलाम गर्न थालेको भन्दै लघुवित्तपीडित गत चैत तेस्रो सातादेखि प्रदर्शन र धर्नामा छन्। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

## ▪ अध्यादेश ल्याएर गरिएका ५२ संवैधानिक नियुक्ति प्रकरण

# साढे चार वर्षपछि बल्ल सकियो सुनुवाइ, २८ जेठमा निर्णय आउने

**शिल्पा कर्ण**/नयाँ पत्रिका

तत्कालीन प्रधानमन्त्री केपी ओलीको पालामा अध्यादेश ल्याएर गरिएका ५२ संवैधानिक नियुक्तिको वैधताबारे दायर मुद्दामा साढे चार वर्षपछि बल्ल निर्णय आउने भएको छ। बिहीबार अधिवक्ताहरूको जवाफी बहससँगै सुनुवाइ सकिकाएपछि सर्वोच्च अदालतले २८ जेठका लागि निर्णय सुनाउने (निसु) मिति तोकेको हो।

दुईपटक गरेर संवैधानिक परिषद्ले ५८ संवैधानिक पदाधिकारी नियुक्त गरेकामा ६ जनाले नियुक्ति बुझ्न अस्वीकार गरेका थिए। त्यतिवेला ओलीले प्रतिनिधिसभा विघटन गरेका कारण ५२ पदाधिकारी संसदीय सुनुवाइविना नै पदमा नियुक्त भएका थिए। उनीहरूको नियुक्तिविरुद्ध सर्वोच्चमा दर्जनभन्दा बढी रिट परेका थिए। जसलाई गत ३० माघदेखि हेर्दाहेर्दैमा राखेर सुनुवाइ गरिएको थियो। १० दिनसम्म सुनुवाइ गरेपछि ११औँ दिनको अन्तिम सुनुवाइपछि निसु तोकिएको हो। मुद्दामा प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतका साथै

» पृष्ठ ९ मा क्रमशः

### ▪ संवैधानिक परिषद्ले यसरी गरेको थियो सिफारिस

तत्कालीन प्रधानमन्त्री केपी ओलीले संसद् विघटन गरेर अध्यादेशका आधारमा संवैधानिक निकायहरूमा पदाधिकारी र सदस्यहरू नियुक्ति अगाडि बढाएका थिए। संवैधानिक निकायमा नियुक्ति ६ सदस्यीय संवैधानिक परिषद्को सिफारिसमा हुन्छ। जसमा प्रधानमन्त्री अध्यक्ष र प्रधानन्यायाधीश, राष्ट्रिय सभा अध्यक्ष, सभामुख, उपसभामुख र विपक्षी दलको नेता सदस्य रहन्छन्। पूर्ण सहमति नभए गणपूरक संख्या पुऱ्याएर अर्थात् चारजनाको सहमतिमा सिफारिस गर्न सकिने व्यवस्था थियो। तर, त्यति वेला शिवमाया तुम्बाहाङ्फेले राजीनामा दिएपछि उपसभामुख पद रिक्त थियो। संसद् विघटन गरेर अध्यादेशको आधारमा देश चलाउन खोजेपछि तत्कालीन सभामुख अग्नि सापकोटा र विपक्षी दलका नेता कांग्रेस सभापति शेरबहादुर देउवाले परिषद् बैठक बहिष्कार गर्दै आएका थिए। त्यसपछि सरकारले अध्यादेशमार्फत 'तत्काल बहाल रहेका बहुमत सदस्य उपस्थित भए गणपूरक संख्या पुगेको मानिने' अर्थात् तीनजना मात्रै उपस्थित भए पनि निर्णय वैध हुने व्यवस्था गरेको थियो। उक्त व्यवस्थामा टेकेर प्रधानमन्त्री ओली, प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमल्सिना गरी तीनजनाको बैठकले विभिन्न आयोग तथा निकायमा पदाधिकारी र सदस्य सिफारिस गरेका थिए।

## ▪ सुर्तीजन्य पदार्थमा मापदण्डभन्दा ३४% कम कर


# क्यान्सर बढाएको भन्दै कर बढाउन स्वास्थ्य मन्त्रालयले अर्थलाई गऱ्यो सिफारिस

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

स्वास्थ्य मन्त्रालयले विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को मापदण्डअनुसार सुर्तीजन्य पदार्थमा कर वृद्धिका लागि अर्थ मन्त्रालयलाई सिफारिस गरेको छ। गत वर्ष मात्रै मन्त्रालयले चुरोटमा प्रतिखिल्ली ९० पैसाका दरले शुल्क वृद्धि गरेको थियो। तर, त्यसले सुर्तीजन्य पदार्थ सेवनमा कमी नआएको र डब्लुएचओले पनि ध्यानाकर्षण गराएपछि स्वास्थ्यले ७५ प्रतिशत कर पुऱ्याउन अर्थलाई सिफारिस गरेको हो।

हाल नेपालमा सुर्तीजन्य पदार्थमा ४१ प्रतिशत मात्रै कर लगाइएको छ। डब्लुएचओको मापदण्डअनुसार सुर्तीजन्य पदार्थमा ७५ प्रतिशत कर लगाउनुपर्छ। डब्लुएचओले तोकेभन्दा नेपालको करको

» पृष्ठ ९ मा क्रमशः







### ▪ सुर्तीजन्य पदार्थ सेवनबाट नेपालमा बर्सेनि २७ हजारको मृत्यु

यो तथ्यांक नेपालको जम्मा मृत्युको १५% हो



सुर्तीजन्य पदार्थमा १० प्रतिशत कर बढाउँदा सेवनमा ५ प्रतिशतले कमी आउने वरिष्ठ क्यान्सर रोग विशेषज्ञ डा. सुदीप श्रेष्ठको भनाइ

# रवि पक्षलाई पेसीको सूचना नै नदिई पोखरा उच्च अदालतमा एकतर्फी सुनुवाइ

अन्य स्रोतबाट जानकारी पाएपछि रवि पक्षले स्थगितको माग राख्दै कानुन व्यवसायीमार्फत निवेदन दर्ता गराए पनि रोकिएन सुनुवाइ

पोखरामा **रोहितराज पराजुली**

सूर्यदर्शन सहकारी हिनामिना प्रकरण मुद्दामा रास्वपा सभापति रवि लामिछाने पक्षलाई पेसी तोकिएको सूचना नै नदिई उच्च अदालत पोखराले बिहीबार एकतर्फी सुनुवाइ अघि बढाएको छ। रविलाई ६५ लाख धरौटीमा छाड्ने कास्की जिल्ला अदालतको आदेशविरुद्ध उच्चमा दायर अपिल (७३ नम्बरको निवेदन)मा सुनुवाइ पेसी बिहीबारका लागि तोकिएको थियो। तर, पेसी तोकिएको सूचना रवि, छविलाल जोशी र रामबहादुर खनाल तीनैजनालाई नदिई सुनुवाइ थालिएको हो।

रविका कानुन व्यवसायी रोहित बाँस्तोलाले भने, 'हामीलाई पेसीबारे कुनै जानकारी दिइएको थिएन, तयारी गर्न

» पृष्ठ २ मा क्रमशः

### ▪ सर्वोच्चको नजिर पनि उल्लंघन

हिरासत वा कारागारमा रहेको पक्षलाई उसको मुद्दाको सुनुवाइ हुँदै छ, फलानो दिनमा पेसी चढेको छ भनेर कारागारमै सूचना पठाएर सूचित गर्ने गरिन्छ। रवि उच्च अदालत तुलसीपुर (बुटवल इजलास)को



आदेशले हाल भैरहवास्थित रूपन्देही जिल्ला कारागारमा छन्। तर, उनलाई सुनुवाइ हुनेबारे कुनै सूचना गरिएन। कुनै पनि कारणले सम्बन्धित पक्षसम्म सूचना पुगेको रहेनछ भने सूचना दिएर पुनः पेस गर्ने भनेर आदेश हुने परम्परा छ। तर, यसो नगर्नुले सर्वोच्च अदालतको पूर्ण इजलासको नजिरलाई समेत बेवास्ता गरेको देखिन्छ। सर्वोच्चले १४ असोज ०७८ मा भेषराज खत्रीसम्बन्धी बन्दी प्रत्यक्षीकरण मुद्दामा गरेको निर्णय (निर्णय नम्बर १०७१३) मा स्पष्ट रूपमा भनिएको छ, 'प्रतिवेदनउपर सुनुवाइ गर्ने अदालतले सुनुवाइका लागि प्रत्यर्थी पक्षलाई सूचना दिई, प्रतिवादको अवसर दिएर मात्र आदेश परिवर्तन गर्न सकिन्छ।' साथै, यस्तो सूचना सोही मुद्दा चलिरहेको अदालतमार्फत नै दिनुपर्ने व्यवस्था पनि सो आदेशमा उल्लेख छ।

### किर्ते जाहेरवालामा नाम राखेको भन्दै अर्का पीडितको पनि आपत्ति

व्यक्तिविशेष (रवि)लाई फसाउने उद्देश्यले किर्ते जाहेरवालामा आफ्नो नाम राखेको भन्दै आपत्ति जनाउने सहकारीपीडितहरू थपिँदै गएका छन्। बुटवलको सुप्रिम सहकारीकी बचतकर्ता पूजा न्यौपानेले पनि रविविरुद्ध



आफ्नो नाम उजुरीकर्ताको रूपमा प्रयोग गरिएकोमा आपत्ति जनाएकी हुन्। आफूले कुनै पनि व्यक्तिविशेषलाई किटानी जाहेरी वा उजुरी नगरेको भन्दै उनले फेसबुकमा लेखेकी छिन्, 'मैले कुनै व्यक्तिविशेषलाई उजुरी दिएकी छैन। तर, रवि लामिछानेसहितलाई उजुरी दिएको भन्दै मेरो नाम उजुरीकर्ताको पहिलो नम्बरमै राखिएको रहेछ! मैले ढिला मात्रै थाहा पाएँ। कसैलाई उजुरी नै नदिएको मान्छेलाई उजुरीकर्ता बनाइरहँदा प्रहरीले एकपल्ट जानकारीसम्म दिएन।' यसअघि नारायण पहराई, [illegible] र चञ्चल सेठियाले पनि आफूहरूको नाम किर्ते गरेर रविवि[illegible]को भनी उल्लेख गरिएकोमा आपत्ति जनाइसकेका छन्। पहराई [illegible]नि फेसबुकबाटै सार्वजनिक आपत्ति जनाएका थिए।

CamScanner
Scanned with CamScanner

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

**प्रकाशित मिति: २०८२/०२/०२**

यस बैंकको शाखा कार्यालय कुलेश्वर, काठमाडौंबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋण कर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋण कर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सुचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको नाम र ठेगाना**

**ऋणीको नाम : नेपाल आर बि ट्रेडर्स**
रजिष्टर्ड ठेगाना : ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १३, एकान्तकुना, नेपाल
रजिष्ट्रेशन नं. : ३-३४-३७६-७/२०८०/८१,(नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग/कार्यालय, बबरमहल )
पान नं. : ६२०३०८६२१

**साझेदारी फर्मका साझेदार तथा जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री लाल बहादुर श्रेष्ठ को नाती, श्री कृष्ण बहादुर श्रेष्ठ को छोरा, श्रीमती तुलसा श्रेष्ठ को पति, बागमती प्रदेश, सिन्धुली जिल्ला हरिहरपुरगढी गा.पा.वडा नं. ३ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १४ बस्ने **राज श्रेष्ठ** (ना.प्र.प.नं. २०१०३३/६९/५०४३, जारी मिति २०६५/०४/१५ प्रतिलिपि मिति २०७९/०३/३०, जि.प्र.का. सिन्धुली)
२. श्री काजीमान मोक्तान को नाती, श्री चन्द्र मान मुक्तान को छोरा, बागमती प्रदेश, सिन्धुली जिल्ला हरिहरपुरगढी गा.पा.. वडा नं. ३ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ८ बस्ने **बिकेश मोक्तान** (ना.प्र.प.नं., २०-०१-७१-००७७३ जारी मिति २०७१/०२/१६ प्रतिलिपि मिति २०७८/०५/२३, जि.प्र.का. सिन्धुली)
३. श्री भक्त बहादुर मानन्धर को नाती, श्री गोपाल मानन्धर को छोरा, बागमती प्रदेश, सिन्धुली जिल्ला हरिहरपुरगढी गा.पा.. वडा नं. ३ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १४ बस्ने **अरुण मानन्धर** (ना.प्र.प.नं., २०-०१-७७-०६२९०, जारी मिति २०७७/११/१६, जि.प्र.का. सिन्धुली)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री कुलमान सिं मुक्तान को नाती, श्री काजी मान मुक्तान को छोरा, श्रीमती श्री माया मोक्तान को पति, बागमती प्रदेश, सिन्धुली जिल्ला हरिहरपुरगढी गा.पा. वडा नं. ३ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, सिन्धुली जिल्ला, हरिहरपुरगढी न.पा. वडा नं. ३ बस्ने **चन्द्र मान मुक्तान** (ना.प्र.प.नं., १०५८/१००७४, जारी मिति २०४५/०१/२८, जि.प्र.का. सिन्धुली)
२. श्री काजी मान मुक्तान की बुहारी, श्री भद्रलाल वाइवा की छोरी, श्री चन्द्र मान मुक्तान को पत्नी, बागमती प्रदेश, सिन्धुली जिल्ला पिप्लमाडी गा.वि.स. वडा नं. ७ स्थाई ठेगाना भई हाल बागमती प्रदेश, सिन्धुली जिल्ला, हरिहरपुरगढी गा.पा. वडा नं. ३ बस्ने **माया मोक्तान** (ना.प्र.प.नं., २०३०३३/५००, जारी मिति २०६३/१०/१४, जि.प्र.का. सिन्धुली)

**मुख्य कार्यालयः**
Citizens Bank
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

## कर्जा सुरक्षण बापतको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना

**प्रकाशित मितिः २०८२/०२/०२**

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपाई ऋणीले तपसिलमा उल्लेखित अचल सम्पत्ति धितो सुरक्षण दिई कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुर समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाईलाई पटक पटक लिखित मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको किस्ता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोमा सो सम्बन्धमा कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न आउने सम्बन्धि ३५(पैंतिस) दिने सूचना प्रकाशित गर्दा समेत ऋण कर्जाको सम्पूण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरि बस्नु भएकोले कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको धितो जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको १५(पन्ध्र) दिन भित्र यस वित्तीय संस्थामा उपस्थित भई ऋणीले यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु नबुझाएमा प्रचलित अन्य ऐन कानून एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(१) को अधिकार प्रयोग गरी ऋण कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा उल्लेखित अचल सम्पत्ति लिलाममा खरिद गर्न ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस वित्तीय संस्थाको का.जि. का.म.न.पा. वडा नं. १ हात्तीसार स्थित प्रधान कार्यालयमा कार्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। साथै तपसिल बमोजिमको धितोबाट यस संस्थाको लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानी दिनेको घर घराना, चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने तथा नेपाल राष्ट्र बैंकको निर्देशानुसार कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समेत समावेश गरिने व्यहोरा ऋणी तथा सम्बन्धित व्यक्तिहरुलाई समेतलाई यसै सूचना मार्फत जानकारी गराईन्छ।

**तपसिल**

ऋणीको विवरणः
१. नामः दिपंशा ट्रेड लिङ्क प्रा. लि., ठेगानाः काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३२, दर्ता कार्यालयः उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय, कम्पनी दर्ता नं.: ३२५२०३/०८०/०८१, दर्ता मितिः २०८०/०८/२८, पान नं.: ६१९८२६९३२, पान दर्ता मितिः २०८०/०८/२८, अख्तियार प्राप्त व्यक्तिः दिपक प्रसाद वारकोटी, कर्जाः रियल स्टेट।

सूरक्षण बापत धितोको विवरणः
१. पोडे मिजाराको बुहारी गोपी सार्कीको छोरी पूर्ण काजी सार्कीको एकाघरकी श्रीमती काभ्रे जिल्ला काभ्रे गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काभ्रे जिल्ला धुलिखेल न.पा. वडा नं. ९ पिपलबोट बस्ने दिल माया सार्कीको नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको काभ्रे जिल्ला काभ्रे वडा नं. ४, कि.नं. २१६७ र २१९५ को क्षेत्रफल क्रमशः ०-१५-३-१ र ०-१५-३-१ को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत।
२. लम्बोधर दहालको नाति कृष्ण प्रसाद दहालको छोरा ललितपुर जिल्ला बुखेल गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काभ्रे जिल्ला धुलिखेल न.पा. वडा नं. ६ बस्ने दीपक प्रसाद दहालको नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला काभ्रे न.पा. वडा नं. ४ सिट नं. ४ कि.नं. ४७३० को क्षेत्रफल ०-१२-३-३ को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत।
३. दिपंशा ट्रेड लिङ्क प्रा. लि.को नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकमा एकलौटी दर्ता श्रेस्ता कायम काभ्रेपलान्चोक जिल्ला काभ्रे वडा नं. ४, नक्सा सिट नं. ४ कि.नं. ३७०३ र ३८४२ को क्षेत्रफल क्रमशः ०-१४-३-१ र ०-५-२-० को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत।
४. दिपंशा ट्रेड लिङ्क प्रा. लि. को नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकमा एकलौटी दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला काभ्रे वडा नं. ४, नक्सा सिट नं. ४ कि.नं. ४८१३ र ४८१५ को क्षेत्रफल क्रमशः १-६-३-३ र ०-९-३-१ को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत।

व्यक्तिगत जमानीकर्ता
नामः दिपक प्रसाद वारकोटी, ठेगानाः तेह्रथुम जिल्ला थोकलुङ गा.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ३२ बस्ने, बाबुः खड्ग प्रसाद वारकोटी, बाजेः माधव वारकोटी, ना.प्र.नं. २४५६४/१८७, जारी मितिः २०५१/१२/०६, जि.प्र.का. तेह्रथुम।
नामः पवित्रा अधिकारी, ठेगानाः झापा जिल्ला हल्दीवारी न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ३२ बस्ने, बाबुः नगेन्द्र अधिकारी, बाजेः कृष्ण प्रसाद अधिकारी, पतिः दिपक प्रसाद वारकोटी, ना.प्र.नं. ०४१०१६/७१३, जारी मितिः २०६७/०६/१४, जि.प्र.का. झापा।
नामः दिपक प्रसाद दहाल, ठेगानाः ललितपुर जिल्ला बुखेल न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल काभ्रे जिल्ला धुलिखेल न.पा. वडा नं. ६ बस्ने, बाबुः कृष्ण प्रसाद दहाल, बाजेः लम्बोधर दहाल, ना.प्र.नं. ६१३८, जारी मितिः २०५८/०७/२२, जि.प्र.का. ललितपुर।
नामः दिल माया सार्की, ठेगानाः काभ्रे जिल्ला काभ्रे न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल काभ्रे जिल्ला धुलिखेल न.पा. वडा नं. ९, बाबुः गोपी सार्की, ससुराः पोडे सार्की, पतिः पूर्ण काजी सार्की, ना.प्र.नं. १०२५६०, जारी मितिः २०५८/०८/१४, जि.प्र.का. काभ्रे।
नामः पूर्ण काजी सार्की, ठेगानाः काभ्रे जिल्ला काभ्रे न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल काभ्रे जिल्ला धुलिखेल न.पा. वडा नं. ९ वस्ने, बाबुः पोडे सार्की, ना.प्र.नं. ९८५७६९, जारी मितिः २०५८/०२/११ जि.प्र.का. काभ्रे।

**लिलामी बिक्री सम्बन्धी शर्तहरु**

- शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्राप्त भई सक्नु पर्नेछ। सो समय पछि प्राप्त भएका रीत नपुगी वा अमान्य शर्तहरु राखि पेश गरिएको बोलपत्रहरु मान्य हुने छैन। उल्लेखित समय भित्र प्राप्त भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा (सो दिनमा विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुल्ने दिनमा) यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तीसारमा खोलिने छ।
- उल्लेखित समय भित्र परेका बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहीत रहनेछ।
- शिलबन्दी बोलपत्रमा प्रष्टरुपमा ईच्छुक खरिदकर्ताको नाम, ठेगाना, नागरिकताको फोटोकपी प्राकृतिक व्यक्तिको हकमा तिन पुस्ते विवरण एंव आफ्नो पहिचान खुल्ने कागजात संलग्न गरी आफुले सो अचल सम्पत्ति के कति मुल्यमा खरिद गर्ने हो सो मुल्य अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ। बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुने रकम धरौटी स्वरुप यस कार्यालयमा रहेको खाता नं. १८०८००००००००१००४ Margin Deposit Auction मा नगद वा यस वित्तीय संस्थाको नाममा खिचिएको Good For Payment चेक जम्मा गर्नु पर्नेछ। उक्त रकम बोलपत्र स्वीकृत नभएमा फिर्ता गरिनेछ। धरौटी रकम फिर्ता गरिँदा धरौटी रकमको ब्याज दिईने छैन।
- प्राप्त बोलपत्रमा अधिकतम अंक कबोल गर्ने ब्यक्तिको कबोल अंक यस वित्तीय संस्थालाई स्विकार्य भएमा सो अचल सम्पत्ति बिक्री गरिनेछ।
- लिलाम बिक्री हुने अघिल्लो दिन सम्ममा ऋणीको तर्फबाट यस संस्थालाई भुक्तानी गर्नु पर्ने सम्पूण रकम बुझाएमा वित्तीय संस्थाले सो लिलाम बिक्री रद्द गर्न सक्नेछ।
- स्वीकृत बोलपत्रवालाले वित्तीय संस्थाले तोकेको मितिमा धरौटी बाहेकको बाँकी रकम नगद जम्मा गरि सो अचल सम्पत्ति आफ्नो नाममा नामसारी गर्नु पर्नेछ। सो कार्य गर्दा हाल सम्मको बक्यौता तथा कानून बमोजिम लाग्ने नामसारी दस्तुर लगायत अन्य कर शुल्क आदि बोलपत्रवालाले नै ब्यहोर्नु पर्नेछ। तोकिएको समय भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी बापत जम्मा गरेको रकम जफत हुनेछ।
- बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरिक्षण गर्न र सो बारे अन्य थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तीसारमा सम्पर्क राख्न सक्नुहुनेछ।
- बोलपत्र नपरेमा वा परेका बोलपत्र वित्तीय संस्थाले अस्वीकृत गरेमा वा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उल्लेखित अचल सम्पत्तिको स्वामित्व आफ्नो अनुकुलमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(७) बमोजिम आफ्नो नाममा लिई सोझै बिक्री वितरण गर्न सक्ने ब्यहोरा समेत सूचित गरिन्छ।
- आवश्यक कागजातहरु लगायत उपरोक्त सम्बन्धमा अन्य विस्तृत विवरणका लागि यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तीसारमा सम्पर्क राख्न सक्नु हुनेछ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था
केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३५, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

# नक्कली कागजात बनाउने गिरोह पक्राउ

नयाँ पत्रिका

सरकारी कार्यालय, स्थानीय तह, बैंक तथा वित्तीय संस्था, शैक्षिक प्रमाणपत्रलगायत कागजात किर्ते गरी नक्कली बनाउने गिरोहका तीनजना पक्राउ परेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले काठमाडौंको तारकेश्वर नगरपालिका- ७ फुटुङबाट उनीहरूलाई पक्राउ गरेको हो।

प्रहरीले नक्कली कागजात बनाउने गोरखाको भीमसेन गाउँपालिका- १ मसेलकी ४६ वर्षीया अञ्जनी बयलकोटी, ओखलढुंगाको चम्पादेवी गाउँपालिका- ७ का २८ वर्षीय निर्मल खड्का र मकवानपुरको कैलाश गाउँपालिका- २ छ्याङडुङका २३ वर्षीया अञ्जु खत्रीलाई किर्ते कागजातसहित पक्राउ गरेको हो।

उनीहरूलाई आवश्यक कारबाहीका लागि बिहीबार जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको कार्यालयका प्रवक्ता काजीकुमार आचार्यले जानकारी दिए। उनका अनुसार पक्राउ परेकी बयलकोटीले आठ वर्षदेखि सरकारी तथा गैरसरकारी कार्यालयका कागजात, विभिन्न स्थानीय तहको सिफारिस पत्र, विभिन्न शैक्षिक संस्थाका प्रमाणपत्र, जग्गाधनी पुर्जा, सवारीचालक अनुमतिपत्रलगायत कागजात किर्ते गरी प्रयोग तथा प्रचलनमा ल्याउने गरेको अनुसन्धानबाट खुलेको छ। उनले फुटुङमा कोठा भाडामा लिई नक्कली कागजात डिजाइन गर्न दुईजना सहयोगीलाई मासिक १० देखि १५ हजार रुपैयाँसम्म तलब दिई कार्यालय सञ्चालन गरेकी पाइएको प्रहरीले जनाएको छ।

> गोरखाकी अञ्जनी बयलकोटीले दुईजना सहयोगी राखेर आठ वर्षदेखि सरकारी तथा गैरसरकारी कार्यालयका कागजात किर्ते गरी प्रचलनमा ल्याएको प्रहरीको भनाइ

बैंकबाट ऋण लिने प्रयोजनार्थ नक्कली जग्गाधनी पुर्जा बनाइदिने गरेको अनुसन्धानबाट खुल्न आएको प्रवक्ता आचार्यले जानकारी दिए। उनका अनुसार पक्राउ परेकाले विद्यार्थी भिसामा जापान जानेका लागि सहकारी संस्थाका 'स्टेटमेन्ट'समेत बनाएर कुरिअरमार्फत पठाउने गरेका पाइएको छ। उनीहरूले विभिन्न शैक्षिक संस्था तथा सरकारी कार्यालयका 'होलोग्राम' आवश्यकताअनुसार उपलब्ध गराउने, जापानलगायत विभिन्न देशमा कामदार भिसामा जानका लागि विभिन्न तहको शैक्षिक प्रमाणपत्र तथा अनुभवपत्र बनाइदिने गरेको अनुसन्धानबाट खुलेको छ।

# बढुवाको चार वर्षपछि प्रहरीका वरिष्ठ सइको ग्रेड समायोजन गर्ने निर्णय



नयाँ पत्रिका

नयाँ पद सिर्जना गरेर बढुवा गरिएको करिब चार वर्षपछि सरकारले नेपाल प्रहरीका वरिष्ठ नायब निरीक्षक (वरिष्ठ सइ)को तलबमान र ग्रेड समायोजन गरेको छ। बुधबार बसेको मन्त्रिपरिषद् बैठकले यससम्बन्धी निर्णय गरेको हो। यसअघि वरिष्ठ सइले बढुवा हुँदा पनि खाइपाइ आएकोभन्दा कम तलब पाउँदै आएका थिए। गृह मन्त्रालय स्रोतका अनुसार अब वरिष्ठ सइले पाँच ग्रेडसम्म पाउने भएका छन्। यसअघि दुई ग्रेडसम्म मात्र हुँदा उनीहरूको तलब सइको भन्दा कम भएको थियो।



तह र फुली बढ्दा पनि वरिष्ठ सइको तलब घटेपछि उनीहरू सर्वोच्च अदालतसमेत गएका थिए। गत १७ साउनमा सर्वोच्चले उनीहरूको तलबमान समायोजन गरी ग्रेड बढाउन परमादेश दिएको थियो। सो परमादेशको पनि करिब १० महिनापछि कार्यान्वयन गरिएको हो।

कनिष्ठ प्रहरी अधिकृतहरूको बढुवा हुन लामो समय लाग्ने गरेको भन्दै ०७८ मा सरकारले प्रहरी नियमावली संशोधन गरी सइ र इन्स्पेक्टरबिच वरिष्ठ सइ पद थपेको थियो। वरिष्ठ सइको एक हजार ४१८ जनाको दरबन्दी छ। वरिष्ठ सइको आधारभूत तलब ४० हजार ९९८ रुपैयाँ छ। उनीहरूले अधिकतम दुई ग्रेड थप पाउने भएकाले ४३ हजार ७३२ मात्र पाउने गरेका थिए। तर, सइको तलब भने ४३ हजार ९९४ रुपैयाँसम्म छ। वरिष्ठ सइले अधिकतम दुई ग्रेड मात्र पाउने प्रावधान राख्दा यस्तो समस्या सिर्जना भएको थियो।

प्रहरी नियमावलीको नियम १४३ मा कुनै प्रहरी कर्मचारीलाई निजको नियुक्ति हुँदाको बखत कायम रहेको तलब, उपदान, निवृत्तिभरण र त्यस्तै अन्य सुविधासम्बन्धी सेवाका सर्तमा निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिनेछैन भन्ने व्यवस्था छ। सो प्रावधानविपरीत वरिष्ठ सइको तलब घटेको थियो। सइबाट वरिष्ठ सइमा बढुवा हुँदा काँधमा फुली बढे पनि तलब घटेपछि निराश बनेका प्रहरी अधिकारीले ०८० को असार र पुसमा रिट हालेका थिए। उनीहरूले बढुवा भएकै वेलादेखिको तलब वृद्धिको माग गरी रिट दायर गरेकोमा सर्वोच्चले मागअनुसार हुने फैसला गरेको थियो।

## दरभाउपत्र आव्हान पुन : प्रकाशन

**सूचना प्रकाशित मिति : २०८२/०२/०२**

यस चन्द्रागिरि हिल्स लि.लाई आ.व २०८२/०८३ का लागि आवश्यक पर्ने तपशिल बमोजिमको सामाग्रीहरूको सप्लाई गर्न सक्ने फर्म/ कम्पनीले सप्लाई गर्न सक्ने दर, परिमाण, डेलिभरीको समय र भुक्तानीको प्रकृया सहित कम्पनी दर्ताको प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र र आ.व २०८०/०८१ को कर चुक्ताको प्रतिलिपि संलग्न गरी दरभाउपत्र आव्हान गरिन्छ।

**Description**

- Grocery Items/ Packed/ Canned Food Items
- Dairy /poultry product
- Fresh vegetables and fruits
- Stationary items
- Bakery Raw items
- Scrap Materials
- Chemical/ Cleaning /General Store Supply
- Kerosene / Diesel /Petrol Oil/LP Gas
- Garments / Souvenir Items
- Electrical/ Hardware And Plumbing items
- Packed/ Canned Food items
- Meat and Fish item
- Out Fresh Flowers
- Laundry Services
- Water Jar/ Bottle Supply
- Pooja Samagri
- Room Amenities
- Imported/Domestic Alcoholic Beverage

**कोटेशन आई पुग्नु पर्ने अन्तिम मिति :** २०८२ जेष्ठ ११ गते भित्र।
आवश्यक मालसामानको विस्तृत सुची तथा अन्य विवरणहरू संलग्न कागजपत्रको प्रति सेट रु १००/ पछि फिर्ता नहुने गरि दाखिला प्राप्त गर्न सकिनेछ।
**नोट :** कोटेशन स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा सुरक्षित रहनेछ साथै छनोट भएका सप्लायरहरूको करार अवधि आर्थिक वर्ष २०८२/०८३ को आषाढ मसान्तसम्म हुनेछ।

CHANDRAGIRI HILLS — WHERE WISHES COME TRUE
**चन्द्रागिरि हिल्स लि.**
थानकोट काठमाडौं, फोन नं ०१-५९७०७९६
ई-मेल : sunil.shakya@chandragirihills.com

## कार्यालय भवनको आवश्यकता

**(प्रकाशित मिति : २०८२/०२/०२)**

यस बैंकको देहाय बमोजिमको स्थानमा संचालन भई रहेको शाखा कार्यालय हालको भवनबाट नयाँ भवनमा स्थानान्तरण गर्न का लागि उक्त स्थानको प्रमुख व्यापारिक तथा बजार क्षेत्रमा शाखा कार्यालय संचालानार्थ भूईं तल्ला वा पहिलो तल्लाको १,००० देखि १५०० वर्ग फिट क्षेत्रफल भएको भवन भाडामा उपलब्ध गराउन ईच्छुक घरधनीहरुबाट यो शिलबन्दी प्रस्ताव आव्हान गरिएको छ।

**शाखा कार्यालयको प्रस्तावित स्थान**

| ठेगाना | शाखा | क्षेत्रफल (वर्ग फिट) | प्रदेश |
|---|---|---|---|
| सर्लाही जिल्ला, ब्रहमपुरी गाँउपालिका-०१ अथवा ०२ | ब्रहमपुरी | १०००-१५०० | मधेश |

**शर्तहरु :**

१) प्रस्तावित भवनमा पानी, बिजुली तथा पार्किङ्गको सुविधासहित घटीमा ६ मिटर चौडाईको मोटर बाटो हुनुपर्नेछ।
२) प्रस्तावित भवन सडक विस्तार योजनामा नपरेको हुनुपर्नेछ।
३) भूकम्प प्रतिरोधात्मक भवनलाई प्राथमिकता दिइनेछ।
४) भवनको भूईं तल्लामा ATM तथा जेनेरेटर राख्नको लागि स्थान उपलब्ध गराउनु पर्नेछ।
५) शाखा कार्यालय संचालानार्थ घटीमा १५ (पन्ध्र) बर्षको लागि भवन उपलब्ध गराउनु पर्नेछ।
६) बैंकले घरभाडा भुक्तानी गर्दा प्रचलित कानून अनुसार सम्पूर्ण कर कट्टी गर्नेछ।

**शिलबन्दी प्रस्तावमा खुलाउनु पर्ने विवरणहरु :**

१) शिलबन्दी बोलपत्र बुझाउदाँ चाहिने सम्पुर्ण कागजातहरु कार्यालय भवन भाडामा दिने सम्बन्धी प्रस्ताव फाराममा उल्लेखित छन्। ईच्छुक घरधनीहरुले सो प्रस्ताव फाराम, बैंकको घण्टाघर, काठमाण्डौ स्थीत प्रशासन विभाग वा सम्बन्धित शाखा कार्यालयबाट निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ वा बैंकको website: www.nabilbank.com बाट डाउनलोड पनि गर्न सक्नु हुनेछ।
२) शिलबन्दी बोलपत्र खामबन्दी सहित खाम बाहिर **"भवन भाडामा दिने सम्बन्धी शिलबन्दी बोलपत्र प्रस्ताव"** प्रष्ट रुपमा लेखि **प्रस्तावित ठाँउको नाम, सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर** समेत उल्लेख गरि आफुलाई पाएक पर्ने नबिल बैंकको निम्न लिखित कार्यालयमा मिति **२०८२ जेष्ठ १६ गते (तदनुसार 30th May, 2025)** दिनको ३:०० बजे भित्र आई पुग्ने गरी बुझाउनु पर्नेछ।

| प्रदेश | कार्यालय/शाखा |
|---|---|
| मधेश | ब्रहमपुरी शाखा कार्यालय/ प्रादेशिक कार्यालय-विरगञ्ज शाखा, |
| बागमती | प्रशासन विभाग, घण्टाघर, काठमाण्डौ |

३) प्राप्त शिलबन्दी बोलपत्र प्रस्तावहरु मिति २०८२ जेष्ठ १८ गते, बैंकको घण्टाघर, काठमाण्डौ स्थीत प्रशासन विभागमा समय बिहान ११.०० बजे बैंक कर्मचारी तथा बोलपत्र दाता र/वा निजका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्र दाता वा निजको प्रतिनिधीको उपस्थिति नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
५) म्याद नाघी वा रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
६) कुनै पनि प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकसगं सुरक्षित रहने छ। साथै अस्वीकृत कुनै पनि प्रस्तावमा कारण दिन बैंक बाध्य हुने छैन।

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, काठमाण्डौ फोन नं. ०१-५९७१८१

# प्रमुख कार्यकारीको राजीनामा माग्दै केयुकेएलका कर्मचारीले थाले आन्दोलन



**काठमाडौं/** काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)का प्रमुख कार्यकारी अधिकृत अशोककुमार पौडेलको राजीनामा माग गर्दै कर्मचारीले आन्दोलन सुरु गरेका छन्। पौडेललाई पदमुक्त गराउनुपर्ने मागसहित बिहीबारदेखि आन्दोलन थालिएको केयुकेएल कर्मचारी संगठनका उपाध्यक्ष ओम ढकालले बताए। 'नियुक्ति भएर आएदेखि कुनै काम गर्न सक्नुभएन। १४ महिनादेखि संस्थामा डिस्टर्ब मात्र गर्नुभयो। त्यसैले एक हप्ताभित्र राजीनामा दिनुभएन भने पानी वितरण नै बन्द गर्ने चरणमा पुग्छौं,' उनले भने।

केयुकेएलमा क्रियाशील पाँचै कर्मचारी संगठनका अनुसार प्रमुख कार्यकारी अधिकृत पौडेल पदमुक्त हुनुपर्ने कारण कम्पनीको संस्थागत हकहित तथा कर्मचारीको वृत्तिविकाससम्बन्धी ४ जेठ ०८१ मा व्यवस्थापन पक्ष र आधिकारिक टेड युनियनबिच भएको ३२ बुँदे सहमति कार्यान्वयन गराउनु रहेको छ। यस्तै, कम्पनीको संस्थागत, नीतिगत तथा संरचनागत सुधार गराउन वा अधिकार सम्पन्न एकल संरचना निर्माण गराउन, उपभोक्ता वर्गमा छिटोछरितो, सर्वसुलभ तथा प्रभावकारी र गुणस्तरीय सेवा प्रभाव गराउन, कम्पनीको क्षमता विकास गरी व्यावसायिक कम्पनीका रूपमा सञ्चालन गराउन पौडेललाई पदमुक्त गराउनुपर्ने संयुक्त विज्ञप्तिमा उल्लेख छ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०२/०२**

यस साविकको कम्पनी स्नेहा ह्याण्डिक्रकफ्ट ट्रेडर्स प्रा.लि. (Sneha Handicraft Traders Pvt. Ltd.) (दर्ता नं. १४१९७२/०७२/०७३) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०१/२८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी स्नेहा मेटल इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. (Sneha Metal Engineering And Construction Pvt. Ltd.) कायम गरिएको जानकारी गराईन्छ।

## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०२/०२**

यस **ढुंग्रेखोला सा.व.उ.स. मरिण गा.पा. ३, सिन्धुली**बाट आ.व. २०८१/०८२ मा उत्पादन भई **ढुंग्रेघुम्ती चौर, मरिण गा.पा. ३, सिन्धुली**मा घाटगद्दि गरी राखिएको **लट नं. १ को साल र असना** जातको गोलिया थान **१५७** को **१६२६.५१** क्यू.फि गोलिया काठ र **१.००** चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री ढुंग्रेखोला सा.व.उ.स., मरिण गा.पा.- ३, सिन्धुली**

## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०२/०२**

यस **जनकल्याण सा.व.उ.स. मरिण गा.पा. ३, सिन्धुली**बाट आ.व. २०८१/०८२ मा उत्पादन भई **लहरेन चौर, मरिण गा.पा. ३, सिन्धुली**मा घाटगद्दि गरी राखिएको **विभिन्न लटको साल र असना** जातको गोलिया थान **३४३** को **३२०८.८०** क्यू.फि गोलिया काठ र **२.५०** चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री जनकल्याण सा.व.उ.स., मरिण गा.पा.- ३, सिन्धुली**

## भाखा नाघेको कर्जा बुझाउने बारे जोईन बचत तथा ऋण सहकारी संस्था लि.को २१ दिने सूचना

यस संस्थाको तपसील बमोजिमका सदस्यले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा संस्थाले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, यस संस्थाको कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी संस्थाको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका सदस्यलाई संस्थाबाट कर्जा लिन मञ्जूरीनामा (जमानत) दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन सुचित गरिन्छ।

**तपसिल**


| क्र.सं. | कर्जा सदस्यको नाम | ठेगाना | बाजेको नाम | ग्राहकको पिता/ पतिको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८२/०२/०१ सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | जमानत बस्नेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | बिजय कुमार थापा | दहचोक-१, काठमाडौं | नर बहादुर थापा | गंगाराम थापा | ब्यावसायिक | रु.५०,००,००० | रु.५६४,८७७ | रु.५५,६४,८७७ | श्रीकृष्ण बस्नेत | |

**जोईन बचत तथा ऋण सहकारी संस्था लि.**
काठमाण्डौं-१६ सोह्रखुट्टे
फोन नं. [illegible]

Scanned with CamScanner


# कर्मचारी आन्दोलनमा लागेपछि सुदूरपश्चिमका स्थानीय तहको सेवा ठप्प

## योजना कार्यान्वयन र बजेट खर्च प्रभावित, पालिकाले पठाए प्रदेश सरकारलाई पत्र



● **झलक दौल्याल**, संयोजक, स्थानीय तह कर्मचारी संघर्ष समिति

ऐन नआउँदा स्थानीय तहमा समायोजन भएर आएका कर्मचारीको सरुवा, बढुवालगायत वृत्तिविकास काम रोकिएका छन् । अन्य प्रदेशमा ऐन जारी भइसक्दा यहाँको सरकारले उदासीनता देखाएको छ ।



● **पदमबहादुर बोहरा**, प्रमुख मंगलसेन नगरपालिका

अहिले बजेट कार्यान्वयनको चटारो हुने वेला हो, तर कर्मचारीको आन्दोलनले पालिकाका काम ठप्प छन् । आन्दोलन लम्बिए योजनाहरू सम्पन्न गर्नै समस्या हुन्छ ।



● **उमेशप्रसाद भट्ट**, अध्यक्ष अजयमेरु गाउँपालिका

अधिकांश कर्मचारी आन्दोलनका लागि धनगढी गएपछि आर्थिक कारोबार ठप्प छ । भएका कर्मचारीबाट नागरिकताको सिफारिसलगायत अत्यावश्यक सेवाहरू दिइरहेका छौँ ।




धनगढीमा **तेजराज भट्ट**

स्थानीय सेवा ऐन जारी गर्न माग गर्दै कर्मचारी आन्दोलनका लागि धनगढी पुगेपछि सुदूरपश्चिमका स्थानीय तहमा अत्यावश्यकबाहेकका सेवा ठप्प भएका छन् । सुदूरपश्चिमका ८८ वटै पालिकामा समायोजन भएका र स्थानीय तहमातहतका कर्मचारी ऐन माग्दै गत आइतबारदेखि धनगढीस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअगाडि धर्नासँगै प्रदर्शन गरिरहेका छन् । पालिकामा प्रमुख प्रशासकीय अधिकृत भने संघले खटाउँछ ।

ऐन नहुँदा आफूहरूको वित्तृविकासको बाटो रोकिएकाले आन्दोलन गर्नुपरेको स्थानीय तह कर्मचारी संघर्ष समितिका संयोजक झलक दौल्यालले बताए । 'ऐन नआउँदा स्थानीय तहमा समायोजन भएर आएका कर्मचारीको सरुवा, बढुवालगायत वृत्तिविकास काम रोकिएका छन्,' संयोजक दौल्यालले भने, 'अन्य प्रदेशमा ऐन जारी भइसक्दा यहाँको सरकारले उदासीनता देखाएको छ ।' पालिकाका कर्मचारीले ऐनसँगै नियमावली जारी गरी रिक्त दरबन्दीको पदपूर्ति प्रक्रिया प्रदेश लोकसेवा आयोगबाट सञ्चालन गर्नुपर्ने माग पनि राखेका छन् । 'ऐन जारी नहुँदासम्म संघर्षका कार्यक्रम जारी राख्छौँ,' उनले भने ।

आन्तरिक मामिला तथा कानुनमन्त्री हिरा सार्कीले प्रदेश सभाको अधिवेशन आगामी ११ जेठका लागि आह्वान भएको र अधिवेशनबाट जतिसक्दो चाँडो कर्मचारीका माग सम्बोधन हुने गरी ऐन जारी गर्ने प्रक्रिया अगाडि बढाइने बताए । 'समितिले प्रतिवेदन बुझाइसकेको छ । यसअघि नै विधेयक पारितको प्रक्रिया अगाडि बढिसक्थ्यो । त्यतिवेला प्रतिपक्षीले लगातार सदन अवरुद्ध गरेकाले विधेयक पारित हुन सकेन । अब सबैसँग छलफल गरेर छिटोभन्दा छिटो विधेयक पारित गर्छौं,' उनले भने ।

आर्थिक वर्ष सकिन दुई महिना मात्र बाँकी रहेकाले अहिले विकास निर्माणका कामले तीव्रता पाउने समय हो । यही वेला कर्मचारी आन्दोलनमा उत्रिएपछि योजना कार्यान्वयन र बजेट खर्च प्रभावित बनेको छ भने नागरिकलाई सेवा पाउन समस्या भएको छ । अछामको मंगलसेन नगरपालिकाका मेयर पदमबहादुर बोहराले कर्मचारीको आन्दोलनका कारण पालिकाका सबैजसो काम ठप्प बनेका बताए । कार्यान्वयन भइरहेका योजनाको मूल्यांकन, बजेट खर्च तथा सेवा प्रवाह रोकिएको उनले बताए । 'अहिले बजेट कार्यान्वयनको चटारो हुने वेला हो, तर कर्मचारीको आन्दोलनले पालिकाका काम ठप्प छन्,' उनले भने, 'आन्दोलन लम्बिए योजनाहरू सम्पन्न गर्नै समस्या हुन्छ ।'

डडेल्धुराको अजयमेरु गाउँपालिकाले सूचना जारी गर्दै कर्मचारीले सेवा प्रवाह नगरेकाले कार्यालयका सेवा प्रभावित बनेका जनाएको छ । अध्यक्ष उमेशप्रसाद भट्टले लेखा, योजना शाखालगायत गाउँपालिकाका अधिकांश कर्मचारी आन्दोलनका लागि धनगढी गएको बताए । 'आर्थिक कारोबार ठप्प छ । भएका कर्मचारीबाट नागरिकताको सिफारिसलगायत अत्यावश्यक सेवाहरू दिइरहेका छौँ,' उनले भने ।

कैलालीको जोशीपुर गाउँपालिकाले पनि सूचना जारी गर्दै कर्मचारीको आन्दोलनका कारण अत्यावश्यकबाहेकका सेवा बन्द रहेको जनाएको छ । प्रमुख प्रशासकीय अधिकृत अमितकुमार शाहले परिस्थिति सहज नभएसम्म सेवा बन्द गर्नुपरेको बताए । बझाङको दुर्गाथली गाउँपालिकाले कर्मचारीको आन्दोलनले सेवाहरू ठप्प रहेको जनाएको छ ।

कर्मचारीको आन्दोलनले सेवा प्रभावित भएको भन्दै धनगढी उपमहानगरपालिका तथा मंगलसेन र बेलौरी नगरपालिकाले ऐन जारी गर्न आग्रहसहित प्रदेश सरकारलाई पत्र पठाएका छन् । धनगढी उपमहानगरका मेयर गोपाल हमालले प्रदेश सरकारलाई ध्यानाकर्षणपत्र पठाउँदै कर्मचारी आन्दोलनमा गएकाले कार्यालयका सेवाहरू प्रभावित भई कार्यसम्पादनमा असर परेको उल्लेख गरेका छन् । उनले ऐन जारीका लागि यथाशीघ्र पहल गर्न प्रदेश सरकारसमक्ष आग्रह गरे ।

### ■ विधेयक एक वर्षदेखि संसद्मा

सुदूरपश्चिम प्रदेश स्थानीय तहको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धीमा व्यवस्था गर्न बनेको विधेयक एक वर्षदेखि विधानयन समितिमा विचाराधीन छ । तत्कालीन आन्तरिक मामिला तथा कानुनमन्त्री शिवराज भट्टले गत वर्ष जेठमा प्रदेश सभामा विधेयक पेस गरेका थिए । विधायन तथा प्रदेश मामिला समितिले गत माघमा सभामुखलाई प्रतिवेदन बुझाएको थियो । प्रतिवेदनमा स्थानीय तहमा अस्थायी र करारमा कार्यरत कर्मचारीलाई एकपटकका लागि प्रदेश लोकसेवा आयोगमार्फत आन्तरिक प्रतिस्पर्धा गराएर स्थायी गर्ने प्रावधान राखिएपछि विरोध हुँदा विधेयक अगाडि बढ्न सकेन । विद्यार्थी र सामाजिक क्षेत्रबाट उक्त प्रावधानको विरोध भएपछि फागुनमा सच्याएर फेरि प्रतिवेदन बुझाएको थियो । करार र अस्थायी कर्मचारीले भने उक्त व्यवस्था हटाउन नहुने दबाब दिँदै आएका छन् ।

■ दलित विद्यार्थीमाथि जातीय विभेद प्रकरण

# उपप्राध्यापक शर्माविरुद्ध जातीय विभेद तथा छुवाछुत कसुरमा जाहेरी

पोखरामा **रोहितराज पराजुली**



विद्यार्थीमाथि जातीय विभेद गर्ने पोखरास्थित पृथ्वीनारायण (पिएन) क्याम्पसका उपप्राध्यापक देवीलाल शर्माविरुद्ध जातीय विभेद तथा छुवाछुत कसुरमा जाहेरी परेको छ । यद्यपि, प्रहरीले भने बिहीबार कार्यालय समयको अन्तिमतिर जाहेरी आएको र अध्ययनपछि दर्ता गरी कारबाही प्रक्रिया अगाडि बढाउने जनाएको छ ।

क्याम्पसमा व्यवस्थापन संकायअन्तर्गत एमबिए फाइनान्समा अध्ययनरत अमन परियारलाई औद्योगिक अवलोकन भ्रमणका क्रममा उपप्रध्यापक शर्माले अपमानजनक र जातीय विभेदका शब्द प्रयोग गरेका थिए । शैक्षिक भ्रमणमा आफूमाथि जातीय रूपमा गाली र अपमानजनक व्यवहार गरेको भन्दै विद्यार्थी अमनले उपप्राध्यापक शर्माविरुद्ध बिहीबार जिल्ला प्रहरी कार्यालय कास्कीमा जाहेरी दिएका हुन् । 'यसरी शैक्षिक संस्थाले आयोजना गरेको शैक्षिक भ्रमणमा नै ममाथि जातीय रूपमा अपमानजनक व्यवहार गरी नेपालको संविधानको धारा २४, जातीय तथा अन्य छुवाछुत र भेदभाव कसुर र सजाय ऐन, २०६८ को दफा ३ (१) बमोजिम छुवाछुत गरी दफा ४ (१), २ बमोजिमको कसुर गरेकाले दफा ७ (१) क र ७ (२) बमोजिमको सजाय गरी पाऊँ,' उनले जाहरीमा उल्लेख गरेका छन् ।

आफूमाथि उपप्राध्यापक शर्माले २ ९ वैशाखमा सिन्धुली कमलामाईमा जातीय विभेद गरेको र पोखरा आइपुग्दासम्म गाडीमा पनि जातीय रूपमा गाली गरी धम्की दिएको थमनले बताए । 'मंगलबार बिहान साढे ११ बजे पृथ्वीनारायण क्याम्पसका क्याम्पस प्रमुखको कार्यकक्षमा छलफल गर्दासमेत ममाथि शर्माले जातीय अपमान गरेकाले विभेदकारी व्यवहारविरुद्ध यो जाहेरी लिई उपस्थित भएको छु,' जाहेरीमा छ ।

थमनका अनुसार २५ देखि २९ वैशाखसम्म भएको भ्रमणका क्रममा पूर्वी नेपालको भ्रमणपछि सिन्धुली आइपुगेपछि सोमबार बिहान करिब ११ बजे बस बिग्रिएको थियो । थमनका अनुसार बसमा चढेपछि पनि शर्माले जातका आधारमा अपमान गरेका थिए । 'बसमा पनि विपक्षी (शर्मा)ले तेरो शैक्षिक प्रमाणपत्र पोखरामा नबिक्ने, पोखराबाट नै गायब गरिदिन्छु, लोकसेवाको कपी मैले जाँच्ने हो, तलाई जान्या छु, नो लगाई कहीँ न कतैको बनाइदिन्छु भनी धम्कीसमेत दिनुभयो,' जाहेरीमा भनिएको छ, 'पोखरा आएपछि क्याम्पस प्रमुखको कोठामा छलफल गर्दासमेत मलाई जातीय अपमान हुने रहेकाले ममाथि भएको विभेदकारी व्यवहारविरुद्ध यो जाहेरी लिई उपस्थित भएको छु ।' घटनापछि क्याम्पस प्रमुख हरिप्रसाद पाठकले शर्मालाई विभागीय प्रमुखको जिम्मेवारीबाट हटाइसकेका छन् । तर, विद्यार्थीले भने क्याम्पसबाट निष्कासन गर्नुपर्ने माग गर्दै आएका छन् ।

**जाहेरी अध्ययनपछि दर्ता गरी कारबाही प्रक्रिया अघि बढाउँछौँ** : प्रहरी

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता हरिबहादुर बस्नेतले बिहीबार कार्यालय समयको अन्तिमतिर जाहेरी आएकाले अध्ययन गर्न दर्ता हुन बाँकी रहेको बताए । 'जाहेरी अध्ययन, प्रमाण हेरेर र घटनाबारे बुझेर दर्ता गरी आवश्यक कानुनी प्रक्रिया अघि बढाउँछौँ,' उनले भने ।

संक्षेप

## मेरिटोक्रेसीका आधारमा गभर्नर नियुक्त गरिनेछ : प्रधानमन्त्री




**काठमाडौं**/ प्रधानमन्त्री केपी ओलीले नेपाल राष्ट्र बैंकको रिक्त गभर्नर पदमा योग्यता क्रमका आधारमा क्षमतावान् व्यक्तिलाई नियुक्ति गर्ने कुरालाई महत्त्व दिइने बताएका छन् । पूर्वयोजनाकार मञ्च नेपालको औपचारिक शुभारम्भ कार्यक्रमलाई बिहीबार सम्बोधन गर्दै उनले भने, 'राष्ट्र बैंकमा मेरो कोही ल्याउनु छैन । मेरिटोक्रेसीका आधारमा क्षमतावान् मान्छे ल्याउने हो । काम गर्न सक्ने मान्छे भए देशलाई भइहाल्छ । मेरो मान्छे भन्ने चाहिँदैन । म प्रधानमन्त्री हो, तर सरकारमा म मात्र छैन, त्यसैले सकेसम्म मेरिटोक्रेसीलाई महत्त्व दिन्छु ।'

सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको अध्यक्ष र सदस्यमा पनि सिफारिस समितिको सिफारिसका आधारमा क्षमता भएका व्यक्तिलाई नै नियुक्ति गरिएको उनले स्पष्ट पारे । सरकारले बुधबार आयोगका पदाधिकारी नियुक्त गरेको थियो । एक आयोगका अध्यक्षलाई मुख्यसचिव हुँदा चिनेकोबाहेक अरू पदाधिकारीसँग आफ्नो व्यक्तिगत चिनजान र सम्बन्ध नरहेको उनको भनाइ थियो ।

## स्वास्थ्य संस्था सञ्चालन मापदण्ड परिमार्जन गर्न समिति गठन

**काठमाडौं**/ स्वास्थ्य मन्त्रालयले स्वास्थ्य संस्था सञ्चालन मापदण्ड परिमार्जन गर्न गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा. सरोज शर्माको संयोजकत्वमा समिति गठन गरेको छ । हाल कार्यान्वयनमा रहेको स्वास्थ्य सञ्चालन मापदण्ड, २०७७ र स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० लाई परिमार्जन गर्न समिति गठन गरिएको मन्त्रालयले जनाएको छ ।



समितिमा मन्त्रालयका एघारौँ तहका सहसचिव डा. अनुप बास्तोला, वीर अस्पतालका प्रमुख नर्सिङ प्रशासक रोशनी लक्ष्मी तुइतुई, स्वास्थ्य समन्वय महाशाखाका वरिष्ठ जनस्वास्थ्य अधिकृत डा. समीरकुमार अधिकारी, कानुन उपसचिव गोपीकृष्ण रेग्मीलगायत छन् । हालको मापदण्डले आँखा अस्पताल, नाक, कान र घाँटी अस्पताल तथा न्युक्लियर मेडिसिनलगायत स्वास्थ्य संस्थाको मापदण्ड नसमेटेकाले त्यसलाई थप्ने तयारी मन्त्रालयको छ । मन्त्रालयले स्वास्थ्य संस्थाको सेवा सुधार तथा प्रभावकारिता ल्याउन तयार पारेका सबै विषयलाई समेटेर मापदण्ड परिमार्जन गर्ने गरी तयारी अघि बढेको जनाइएको छ । कोरोना महामारीपछिको परिवर्तित अवस्थामा स्वास्थ्य सेवा प्रभवकारी बनाउनसमेत अहिलेको मापदण्ड परिमार्जन जरुरी रहेकाले मन्त्रालयले प्रक्रिया अघि बढाएको हो ।

## काठमाडौंबाट चोरी भएको माइक्रोबस धादिङमा भेटियो

**काठमाडौं**/ काठमाडौंबाट चोरी भएको माइक्रोबस धादिङमा भेटिएको छ । काठमाडौं महानगरपालिका- १६ वनस्थलीस्थित विश्वकर्मा बाबा वर्कसप तथा चार्जिङ सेन्टरभित्रको पार्किङबाट चोरी भएको बागमती प्रदेश ०१-००२ ज ६७६६ नम्बरको विद्युतीय माइक्रोबस प्रहरीले धादिङमा भेट्टाएको हो । माइक्रोबस स्याङ्जाको बिरुवा गाउँपालिका- १ घर भई काठमाडौंको वनस्थली बस्ने १९ वर्षीय सुदीप थापाले चोरी गरी धादिङ पुऱ्याएको अवस्थामा जिल्ला प्रहरी कार्यालय धादिङको समन्वयमा बरामद गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए । प्रहरीले माइक्रोबस चोरीमा संलग्न थापालाई बिहीबार सार्वजनिक गरेको हो । उनीविरुद्ध चोरीसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको छ । थापाले २९ वैशाखमा बिहान साढे ४ बजे पार्किङबाट माइक्रोबस चोरेर लगेको खुलेको छ ।

# मन्त्रीको नाम सिफारिसलाई लिएर नागरिक उन्मुक्तिभित्र चर्कियो विवाद



कैलाश चौधरी



रामेश्वर चौधरी

**धनगढी**/ सुदूरपश्चिम प्रदेश सरकारमा पार्टीबाट मन्त्रीमा कसलाई सिफारिस गर्ने भन्ने विषयलाई लिएर नागरिक उन्मुक्ति पार्टीभित्र विवाद चर्किएको छ । पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठ र संरक्षक रेशम चौधरी पक्षबिच विवाद बढेपछि मन्त्रीको नाम सिफारिसमा सकस देखिएको छ ।

नागरिक उन्मुक्तिको भागमा परेको उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्रीका लागि दुवै पक्षले आफूनिकटको नाम सिफारिस गरेका छन् । अध्यक्ष श्रेष्ठले प्रदेश सांसद कैलाश चौधरीलाई मन्त्रीमा सिफारिस गर्न संसदीय दललाई सिफारिससहित निर्देशनात्मक पत्र बुधबार पठाएकी थिइन् ।

मुख्यमन्त्री कमलबहादुर शाहलाई समेत उनले पार्टीबाट कैलाशलाई मन्त्री बनाउन सिफारिस गरिएको पत्र पठाएकी थिइन् । तर, प्रदेश संसदीय दलले भने अध्यक्ष श्रेष्ठको निर्देशनविपरीत सांसद रामेश्वर चौधरीलाई अघि सारेको छ । संसदीय दलमा अध्यक्ष श्रेष्ठ पक्ष अल्पमत र रेशम पक्ष बहुमतमा छ । अध्यक्ष श्रेष्ठले कैलाशलाई मन्त्री बनाउन निर्देशनात्मक पत्र पठाएपछि बुधबार बसेको संसदीय दलको बैठकले दलका नेता घनश्याम चौधरीलाई मन्त्रीमा सिफारिस गर्ने निर्णय गरेको थियो । तर, प्रदेश सभाको अर्थ विकास तथा प्राकृतिक स्रोत समितिको सभापतिसमेत रहेका चौधरीको साटो रामेश्वरलाई अघि सार्ने निर्णय बिहीबार गरेको छ । रामेश्वर रेशमनिकट र कैलाश रञ्जितानिकट हुन् ।

गत ३० वैशाखमा बसेको संसदीय दलको बैठकले मन्त्रीको नाम दिन वा नाम सिफारिस गर्ने जिम्मा संसदीय दललाई दिन पार्टी केन्द्रलाई आग्रह गर्ने निर्णय गरेको थियो ।

संसदीय दलको पत्रका आधारमा अध्यक्ष श्रेष्ठले कैलाशको नाम सिफारिस गरेकी थिइन् । 'गत मंगलबार बसेको दलको बैठकले मन्त्री कसलाई बनाउने भनेर पार्टी केन्द्रसँग नाम माग्ने निर्णय गरेको थियो । दलको पत्रका आधारमा अध्यक्षले मलाई सिफारिस गर्नुभएको हो,' कैलाशले भने, 'पार्टी नेतृत्वसँग निर्देशन पनि माग्ने र अध्यक्षले नाम पठाएपछि त्यसलाई नमान्नु गद्दारी हो ।' उनले बुधबार र बिहीबार बसेको भनिएको दलको बैठकबारे आफूलाई जानकारी नदिइएको बताए ।

मन्त्रीको नाम सिफारिसको विषयको विवादले अध्यक्ष श्रेष्ठ र संरक्षक रेशमबिच पुनः द्वन्द्व सुरु भएको देखिएको छ । रञ्जितानिकट एक नेताका अनुसार उनीहरूबिच लुम्बिनीमा रेशमनिकट र सुदूरपश्चिममा रञ्जितानिकटलाई मन्त्री बनाउने सहमति थियो । 'दुवै पक्षबिच ब्यालेन्स हुने गरी लुम्बिनीमा रेशमनिकट राजकुमार चौधरी र सुदूरपश्चिममा रञ्जितानिकट कैलाशको नाम सिफारिस गरिएको हो,' उनले भने, 'तर, रेशम पक्षले आफूखुसी गर्न खोज्यो ।'

# आजदेखि माओवादीको मध्यपहाडी अभियान

**काठमाडौं**/ प्रमुख प्रतिपक्ष दल माओवादीको मध्यपहाडी लोकमार्गकेन्द्रित अभियान शुक्रबारबाट सुरु हुँदै छ । माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले बैतडीको पाटनबाट अभियानको सुरुवात गर्दै छन् । प्रचण्डसहित माओवादीका शीर्ष नेताहरू अभियानमा खटिनेछन् । मध्यपहाडी अभियान दुई चरणमा सम्पन्न गर्ने माओवादीको योजना छ । दुवै चरणको अभियान जेठभित्रै सक्ने तयारी छ । संघीय संसद्मा १५ जेठमा बजेट प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्थाका कारण अभियान दुई चरणमा गर्नुपरेको माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले बताए । 'मध्यपहाडी अभियान शुक्रबारबाट सुरु हुँदै छ । दुई चरणमा अभियान सक्नेछौँ । बिचमा १५ जेठमा बजेट प्रस्तुत हुने संवैधानिक व्यवस्थाका कारण केही दिन अभियान स्थगित हुन्छ । त्यसपछि फेरि सुरु हुन्छ । दोस्रो चरणको कार्यक्रम पछि तय गरिनेछ । जेठभित्रै मध्यपहाडी अभियान सक्छौँ,' उनले भने ।

मध्यपहाडी लोकमार्गमा पर्ने प्रत्येक स्थानमा पार्टीको प्रत्येक प्रदेश समितिले एक-एक स्थानमा जनसभा आयोजना गर्नेछन् । प्रत्येक जिल्ला समन्वय समितिले एक-एक स्थानमा जनसभा आयोजना गर्नेछन् । पहिलो चरणमा अभियान १० जेठमा पोखरा पुगेर समापन हुनेछ । दोस्रो चरणको अभियान बजेट प्रस्तुत भइसकेपछि सुरु हुनेछ र सोलुमा पुगेर समापन हुनेछ । दोस्रो चरणको कार्यक्रम पछि तय गरिने सापकोटाले बताए । यसअघि १२ फागुनदेखि १७ वैशाखसम्म माओवादीले हुलाकी राजमार्गकेन्द्रित अभियान सञ्चालन गरेको थियो । उक्त अभियान सोचेभन्दा बढी उपलब्धिमूलक भएको माओवादी निष्कर्ष छ ।

# सुकुम्बासीलाई स्थानान्तरण गर्दै त्रियुगा नगरपालिकाले भत्कायो अवैध संरचना

उदयपुरमा **विदुर कटुवाल**

उदयपुरको त्रियुगा नगरपालिकाले त्रियुगा नदीकिनारमा रहेका सुकुम्बासीलाई स्थानान्तरण गर्ने गरी अवैध घरका संरचना भत्काएको छ । त्रियुगा नरपालिका- ३ मा पर्ने गाईघाटको त्रियुगा नदीकिनारमा रहेको त्रियुगा बसपार्कछेउका अवैध संरचना बिहीबार भत्काएको हो ।

त्रियुगा नगरपालिका- ३ का वडाध्यक्ष तिलकबहादुर कटुवालका अनुसार नदीकिनारमा अवैध बसोबास गर्ने सत्यदेवदास चौधरी, बलदेवदास चौधरी, शंकर चौधरी, हरिहरवती चौधरी, शर्मिला चौधरी, नीरबहादुर रोका, श्यामकुमार चौधरी, घरधनी पहिचान हुन नसकेका भाडावाला सोनु चौधरी, सञ्जयवती चौधरीको घर भत्काएको हो । 'सार्वजनिक ऐलानी जग्गामा बसोबास गर्नेविरुद्ध जिल्ला अदालतमा परेको मुद्दाको फैसला हुँदा पनि अवैध संरचना भत्काउन नगरपालिकालाई पत्र आएको र निर्माणाधीन त्रियुगा बसपार्कमा परेकाले नगरपालिकाको भवन तथा बाटो मापदण्ड, २०७४ अनुसार भत्काउन बाध्य भएका हौँ,' उनले भने ।

कटुवालका अनुसार एउटा सार्वजनिक शौचालय, एउटा बन्दै गरेको पक्की घर तथा अन्य टिन र थाकलले छाएका घर भत्काइएका छन् । नगरपालिकाका प्रवक्तासमेत रहेका कटुवालले भने, 'पटक-पटक अवैध घर बनाएर बसेकालाई भत्काउन आग्रह गरेका थियौँ, तर उहाँहरूले मान्नुभएन । बाध्य भएर आज डोजर चलाएर भत्काएका हौँ । जसको घर भत्केको छ, उसलाई बसपार्ककै अर्को छेउमा जग्गा उपलब्ध गराइएको छ ।' छानबिन गरेर वास्तविक सुकुम्बासी पत्ता लगाएर भत्काइएको ठाउँमा एक कट्ठा छ भने अर्को स्थानमा दश धुर र दुई कट्ठा हुनेलाई एक कट्ठा दिइने नगरपालिकाले तयारी गरेको कटुवालले बताए ।



डोजर लगाएर त्रियुगा नदीकिनारामा बनेका अवैध घर भत्काउँदै त्रियुगा नगरपालिकाको टोली ।

घर भत्केकी शर्मिला चौधरीले नगरपालिकाले भनेका वेला अर्कोतर्फ घर नसर्दा भत्काइएको बताइन् । 'अब स्थायी रूपमा नगरपालिकाले नदीकिनारभन्दा सुरक्षित स्थानमा राख्ने भनेको छ । हामी त्यहीँ सर्ने योजनामा छौँ । मेरो जग्गाजमिन कतै पनि छैन । सुकुम्बासी हुँ,' उनले भनिन् ।

भत्काइएका नौ घर त्रियुगा नदीकिनारमा पर्छन् । अहिले त्यही क्षेत्रमा आधुनिक रूपमा त्रियुगा बसपार्क निर्माण भइरहेको छ । बसपार्क निर्माणमा अवरोध पुग्ने भएकाले भत्काइएको नगरपालि[…] भनाइ छ । नगरपालिकाले घर भत्काउन थाले[…] घरमा रहेका सामान झिक्न समय माग्नेलाई […] उपलब्ध गराइएको थियो ।



● **वसन्तकुमार बस्नेत**, प्रमुख, त्रियुगा नगरपालिका

घर भत्काइएका वास्तविक सुकुम्बासीलाई अर्को स्थानमा घडेरी पनि उपलब्ध गराइएको छ

त्रियुगा नगरपालिका- १३ वडाध्यक्ष नवीनकुमार चौधरीले हवाई फिल्डमा सरकारी नम्बरी जग्गाभित्र रहेका बन्धु पञ्जियार थारू, जयप्रकाश राई, भूपेन्द्र चौधरीको पनि घर भत्काइएको बताए । 'उहाँहरू तीनजनको घर भत्काइएको छ । हामीले दुई ठाउँमा स्थानान्तरणका लागि जग्गा रोज्न भनेका छौँ । पटक-पटक भत्काउन आग्रह गर्दा पनि नमानेपछि जबर्जस्ती भत्काउन बाध्य भएका हौँ,' उनले भने ।

त्रियुगा नगरपालिकाका प्रमुख वसन्तकुमार बस्नेतले नगर क्षेत्रमा रहेका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्दै जाने र नगर क्षेत्रभित्र रहेका वास्तविक सुकुम्बासीको पहिचान गर्दै व्यवस्थित गर्ने अभियानअन्तर्गत बसपार्क निर्माणमा अवरोध भएका तथा अवैध बसोबास भएका घर भत्काउन थालिएको बताए । 'घर भत्काइएका वास्तविक सुकुम्बासीलाई अर्को स्थानमा घडेरी पनि उपलब्ध गराइएको छ,' उनले भने । वास्तविक सुकुम्बासीको नगरपालिकाले व्यवस्थापन गर्ने र गैरसुकुम्बासीको हकमा नगरपालिकाले कुनै पनि सहयोग नगर्ने बस्नेतको भनाइ छ ।

Scanned with CamScanner

# जलवायु परिवर्तनका प्रभाव

## ग्लोबल वार्मिङका कारण हिमालयको हिउँ पग्लेको छ, तर भयावह तरिकाले हिमाल नै नांगो हुने अवस्था भने छैन



● डा. डिबी कट्टेल

अग्रलेख

चीनको चाइनिज एकेडेमी अफ साइन्सले 'थर्डपोल इन्भायरमेन्ट' परियोजना सञ्चालन गर्छ। थर्डपोलका शाखा विभिन्न देशमा छन्। नेपालको पनि त्रिविको सेन्ट्रल डिपार्टमेन्ट अफ हाइड्रोलोजी एन्ड मेटोरोलोजीसँग थर्डपोलको विधिवत् सहकार्य छ। थर्डपोलले ताजकिस्तान, किर्गिस्तान, पाकिस्तान, नेपाल, बंगलादेश, भुटानजस्ता हिमालका पामिरदेखि हिन्दुकुश, काराकोरम हिमालयसम्मको अनुसन्धान गर्छ। यसले वैश्विक रूपमा यसको विस्तार गरिरहेको छ। थर्डपोल इन्भायरमेन्ट प्रोग्राममा अन्तर्राष्ट्रिय सहकार्य नेपालका लागि पनि महत्त्वपूर्ण छ।

हाम्रा हिमशृंखलाले अर्बौं मानिस, प्राणी तथा वनस्पतिलाई जीवन दिएका छन्। वैश्विक तापमानमा आएका चुनौतीबाट यी हिमशृंखला अत्यधिक प्रभावित छन्। यस्तो समस्यालाई एक्लो प्रयासबाट मात्रै सम्बोधन गर्न सम्भव छैन। भूराजनीतिका विद्यार्थीले तिब्बतलाई राष्ट्रिय सुरक्षा संवेदनशीलताका रूपमा नेपालमा अध्ययन गरिरहेका छन्। तर, तिब्बती पठारको वैज्ञानिकता, दुई अर्ब मानिसको जीवनरेखाका रूपमा हामीले बुझ्न सकेका छैनौं।

तिब्बत र तिब्बती पठार फरक हुन्। तिब्बती पठार क्षेत्रमा चीन, नेपाल, पाकिस्तान, भारत, भुटान, ताजिकिस्तान, किर्गिस्तान पनि पर्छन्। यो प्राकृतिक विषय हो, यसलाई राजनीतिक सीमांकनका नजरबाट हेर्नु हुँदैन र हेरिँदैन पनि। तिब्बती पठार यस्तो क्षेत्र हो, जुन क्षेत्रको तापक्रमको चरित्रले हाम्रो दक्षिण एसियाको जलवायु मात्र नभई एसिया र उत्तरी गोलार्द्धसँगै संसारकै जलवायुलाई नै प्रभावित पार्छ। त्यहाँको सानो परिवर्तनले नेपालमाथि ठुलो असर पर्छ। हिमशृंखलाको स्रोत सुक्नेबित्तिकै कृषिमा आधारित हाम्रो जनजीवन समाप्त हुन्छ। जलवायु परिवर्तनले ल्याउने खतराले जनजीवनलाई अति अस्तव्यस्त पार्छ। यो साह्रै नै संवेदनशील क्षेत्र हो। यसमा अमेरिकी र युरोपेली वैज्ञानिकले त्यसै काम गरेका होइनन्।

दक्षिण एसियामा हामीले वन मासेका छौं, स्रोतहरूको क्षयीकरण गरेका छौं। तिब्बतबाट यो दक्षिणतिरको समस्या हो। जलवायु परिवर्तनको प्रवृत्तिले त्यसमा असर गरेको छ। चीनले तिब्बतको वातावरण र जलवायु बचाउन, तिब्बतको वातावरणीय संरचना, तिब्बतीय सेरोफेरोको जलवायु बचाउन काम गरिरहेको छ। तिब्बतको वातावरणीय संरक्षण त्यहाँको जनजीवनलाई मात्र नभई संसारकै वातावरण संरक्षणका लागि महत्त्वपूर्ण छ, जसमा चीनले अहिले ध्यान दिएर काम गरिरहेको छ।


तिब्बतमा सिमसार र घाँसेमैदान बढेको छ। त्यहाँको वातावरणीय संरक्षणले त्यहाँको हिमशृंखलाको तापक्रम नियन्त्रण हुन्छ, जसबाट हामी प्रत्यक्ष लाभान्वित छौं। भारत, भुटान, पाकिस्तान, नेपाल, चीन हामी सबैले एउटै स्रोतको पानी पिउँछौं। संसारको ठुलो स्वच्छ पानीको मुहान तिब्बत हो। हामी सबैको मूल पँधेरो एउटै हो। पँधेरोमा असर पर्‍यो भने हामी सबै प्रभावित हुन्छौं। यही सन्दर्भमा चीनमा जलवायु वैज्ञानिकले काम गरिरहेका छन्। हामीले गरेको वैज्ञानिक शोध अनुसन्धानबाट नेपालले फाइदा लिनुपर्छ।

तिब्बत पठार जलस्रोत, जैविक विविधता र मानिसको जीवनयापनको महत्त्वपूर्ण क्षेत्र हो। तिब्बती पठार क्षेत्रमा हुने हानिले एउटा क्षेत्रलाई मात्रै नभई संसारलाई नै प्रभावित गर्छ। तिब्बती पठार तातो भएन भने मनसुन नै अघि बढ्न सक्दैन। त्यसको संरक्षण अपरिहार्य छ, यसलाई नेपालीले पनि बुझ्नु जरुरी छ। हाम्रो सुन्दर प्रकृति बचाउन हामीले चीनसँग सहकार्य गर्नु ठिक हुन्छ। यो राजनीतिक वा भूराजनीतिक विषय होइन, हामीले सहकार्य गरेर जानुपर्छ।

सगरमाथा क्षेत्रको 'स्नोकभर चेन्जेज'का विषयमा म अनुसन्धान गरिरहेको छु। हिउँ तह घटेको छ, के कारण यो भएको हो भन्ने अनुसन्धान गरिरहेको छु। हिमालय क्षेत्रमा अनुसन्धान निकै कठिन छ। समुद्रमुनि या सगरमाथा क्षेत्रमा सम्मेलन गर्दैमा वातावरण संरक्षण गर्न सम्भव छैन। यो काम हाम्रो बुताले मात्रै सम्भव छैन। अहिले चीनले लिएको पहलकदमीमा हामी सहभागी हुनुपर्छ।

हिमालको सन्दर्भमा जापानी, फ्रेन्च, युरोपियन वैज्ञानिकले सन् ८० को दशकमा अनुसन्धान गरेका छन्। तर, सन् १९९० पछि हिमाली र पहाडी भेगमा अनुसन्धान भएकै छैन। भूगोल र स्रोतका हिसाबले यस क्षेत्रको अध्ययन निकै कठिन पनि हुन्छ। चीनले हिमाल बचाउ र वातावरण संरक्षणका लागि गरेको पहलकदमी विश्वका लागि महत्त्वपूर्ण र उदाहरणीय छ। त्यसमा हामी सहभागी हुनुपर्छ। तिब्बती पठारको संरक्षण वातावरण र जलवायु संरक्षणका लागि सबैभन्दा महत्त्वपूर्ण छ। यो पठार मध्य एसियाका देशसँग जोडिएको छ। चाइना एकेडेमी अफ साइन्सअन्तर्गतको इन्स्टिच्युट अफ तिब्बतीयन प्लेटोले पाकिस्तान, भारत, अन्य देशका वैज्ञानिकसँग मिलेर काम गरिरहेको छ। चीनमा अमेरिकी, भारतीय र युरोपियन वैज्ञानिक आइरहेका छन्। युरोपका नाम चलेका वैज्ञानिक हाई माउन्टेन र क्लाइमेट सिस्टमबारे अनुसन्धान गर्न चीन पुगिरहेका छन्। संसारका सबै वैज्ञानिक यसमा संलग्न छन्।

३० देशका चार सय वैज्ञानिक चाइना एकेडेमिक साइन्सअन्तर्गत इन्स्टिच्युट अफ तिब्बतीयन प्लेटोमा काम गर्छन्। उनीहरूले एसियाको वाटर टावर बचाउन संसारका वैज्ञानिकसित मिलेर काम गरिरहेका छन्,



नेपालले यसमा किन सहभागिता नजनाउने ? वैज्ञानिक भनेका राजनीतिसँग गाँसिने होइन। चीनले स्पेस क्रान्ति, प्राविधिक उच्चता, अन्तरिक्षको अनुसन्धानमा मारेको फड्को निकै उदाहरणीय छ। यसबाट नेपालले सिक्नुपर्छ। यसका लागि नेपालको विज्ञान तथा प्रविधि कूटनीति आवश्यक पर्छ। यो ट्र्याक टु डिप्लोमेसीका लागि महत्त्वपूर्ण छ। दुनियाँले यो कार्य गरिरहेका छन्, हामीले पनि गर्नुपर्छ। हाम्रा अनुसन्धान पेपर कागजका खोस्टा होइनन्। यिनले देशलाई पनि योगदान दिएका छन्, जसको उपयोग नीति-निर्माताले गर्नुपर्छ। हामीले अप्रत्यक्ष रूपमा यहाँबाट नेपाललाई योगदान गरिरहेका छौं। चीनमा त्यसरी कार्य गर्ने वातावरण छ, प्रयोगशाला छ, स्रोत छ। त्यसैले, थर्डपोल इन्भायरमेन्टल प्रोग्रामअन्तर्गत अहिले अनुसन्धानका गहन काम भइरहेको छ।

> गत वर्ष काठमाडौंमा आएको बाढी तथा अघिल्लो वर्ष अहिलेको काठमाडौंको गर्मी वैश्विक जलवायु परिवर्तनले बढेको होइन। यो लोकल वार्मिङको परिणाम हो, ग्लोबल वार्मिङको होइन।

अब सामाजिक वैज्ञानिकलाई पनि जलवायुका सन्दर्भमा सहभागी गराउनुपर्छ भन्ने आवाज उठिरहेको छ। कोर वैज्ञानिकले प्राविधिक पक्षलाई मात्रै हेर्छन्, अब सामाजिक वैज्ञानिक पनि मिलेर काम गर्नुपर्ने अवस्था छ। जलवायु परिवर्तनको असर त समाजलाई पर्ने हो। उच्च हिमाली क्षेत्रका मानिसलाई अनुसन्धानमा सामेल गराउनुपर्छ र उनीहरूको सहभागिता बढाउनुपर्छ भन्ने मत अगाडि आइरहेको छ। उनीहरूको परम्परागत ज्ञान निकै महत्त्वपूर्ण हुन्छ। तीस वर्षदेखि हिमालमा भएको परिवर्तनका प्रत्यक्ष पर्यवेक्षक उनीहरू नै हुन्। इन्टरनेसनल ग्लेसियर सोसाइटीले यसको महसुस गरेको छ। यसबारे जर्नलमा लेख नै प्रकाशित भएको छ।

प्राकृतिक संरक्षण एवं वातावरणका सन्दर्भमा चीन एसियाको भविष्य हो। यहाँ अनुसन्धान र अध्ययन गर्न विश्वले चाहिरहेको छ। नेपालले किन नचाहने ? हामी वल्लोघर पल्लोघर हौं। वैज्ञानिक खोज अनुसन्धान र अभ्यासमा चीनसँग हामीले सहकार्य गर्नुपर्छ र आफूलाई त्यही रूपमा माथि उठाउनुपर्छ। यो सम्भव पनि छ।

अब अर्को सन्दर्भ हेरौं, हामी जलवायु परिवर्तनलाई ग्रिन हाउस कार्बनडाइअक्साइड, मिथेन ग्यासको असरको परिणाम मान्छौं। उत्तरतिर न्यूनतम तापक्रम बढेको छ। हामीकहाँ अधिकतम तापक्रम बढेको छ। नेपालको परिवर्तन हरितगृह ग्यास कार्बनडाइअक्साइडले गरेको होइन। अधिकतम तापक्रम हामी आफैंले बढाएका हौं। वनजंगलमा बुट्यानदेखि ठुला रुखको समानुपातिकता छैन। भुइँमा झार छैन, ठुला रुख मात्रै छन्। पहाडी भेगमा तीव्र सहरीकरण भइरहेको छ। यो जलवायु परिवर्तनको कारण होइन, हाम्रो लापरबाहीको कारण हो। हामी अरूलाई दोष दिन्छौं, तर हाम्रो दुष्प्रभावका कारण अधिकतम तापक्रम बढेको कुरा स्वीकार गर्नुपर्छ। गत वर्ष काठमाडौंमा आएको बाढी, गत वर्ष र अहिले काठमाडौंको गर्मी वैश्विक जलवायु परिवर्तनले बढेको होइन। यो लोकल वार्मिङ हो, ग्लोबल वार्मिङ होइन। जाडो याममा तापक्रम बढ्ने र जलवायु परिवर्तनको असर देखिने हो, गर्मीमा होइन। भुइँमा माटो, झार, बिरुवा नभएका कारण काठमाडौंमा गर्मी बढेको हो, अन्य कारणले होइन।

तिब्बती पठारको जलवायुमा पनि अनिश्चितता देखिने उपलब्ध तथ्यांकले बताउँछन्। उच्च हिमाली क्षेत्रमा अझै पनि अनुसन्धान जति हुनुपर्ने हो, भएको छैन। ग्लोबल वार्मिङ र स्थानीय प्रभाव सँगसँगै भएको छ। उत्तरतिर न्यूनतम तापक्रम बढेको छ। अधिकतम तापक्रममा स्थिरता छ, न्यूनतम तापक्रममा विविधता छ। हामीले आफ्नो तहमा सुधार गर्नुपर्छ।

हाम्रो देश भारतको चेरापुन्जीको छेउमै छ, जहाँ प्राकृतिक रूपमा धेरै वर्षा हुन्छ। धेरै वर्षा हुनु, बाढी हुनु हाम्रो विरासत हो। हाम्रो क्षेत्रमा पहिरो जान्छ, भुइँचालो जान्छ। भुइँचालोलाई पनि हामीले प्रकृतिप्रदत्त प्रकोपका रूपमा लिएका छौं। यस क्षेत्रमा पानी, बाढी हुनु नयाँ होइन। यसको आवृत्ति प्राकृतिक पक्षभन्दा बढी भयो भने चिन्ताको विषय हो। खडेरी र वर्षाको चक्र तीन-चार वर्षको छ। पामिर, काराकोरम, तिब्बती पठारको हिउँको अध्ययन गर्दा पश्चिममा हिउँ बढेको छ, बिचतिर हिउँ पग्लेर सामान्य रूपमा घटेको छ र दक्षिणी तिब्बती पठारमा तीव्र रुपमा हिउँ घटेको छ। यस क्षेत्रमा दश वर्षदेखि गम्भीर रूपमा अनुसन्धान भइरहेको छ। अझै धेरै काम गर्न बाँकी नै छ।

वैज्ञानिकहरू भविष्यवाणीमा विश्वास गर्दैनन्। एक्काइसौं शताब्दीमा हिमशृंखला समाप्त हुन्छ भनेर नीति-निर्मातालाई घचघच्याउन त सकिन्छ। तर, यथार्थमा भविष्य त्यस्तो देखिँदैन। यो घचघच्याउने काम अभियन्ताले गरिरहेका छन्। हाम्रो अनुसन्धानअनुसार हाम्रा हिमालको ग्लोबल वार्मिङ रेट ०.७ सेल्यियस छ। सगरमाथा क्षेत्रको उपलब्ध तथ्यांक हेर्दा ०.०३ सेल्सियसले तापक्रम बढेको देखिन्छ, यसले धेरै भयावह असर गर्दैन। हिमशृंखला पग्लेका छन्, लेकमा वनस्पति छैनन्, भुइँ उजाड छ। हिउँ पग्लेको छ, तर भयावह हुने गरी हिमाल नै नांगो हुने अवस्था भने छैन। आजभन्दा १५ सय वर्षअघि तापक्रम धेरै थियो, औद्योगिक क्रान्ति पनि भएको थिएन। त्यसकारण, पृथ्वी बचाउने सचेतनाका लागि हुने भविष्यवाणीले हामीलाई नराम्रो गर्दैन। तर, यसको अनिश्चितताका सन्दर्भमा वैज्ञानिक अनुसन्धानरत छन्।

अर्को विषय, हरेक विषयलाई ग्लोबल वार्मिङसँग जोड्नु हुँदैन। सन् १९९० को दशकमा ओजोन तह घटेको विषय निकै चर्चामा थियो। अब ओजोन तहको समस्या समाधान भइसक्यो। त्यसपछि ग्रिनहाउस ग्यासको चर्चा चल्यो, मानिसले ओजोन तहलाई बिर्से। खतरा पनि कम भयो। अब ग्लोबल वार्मिङको चर्चा सुरु भएको छ। वातावरण र प्रकृति हाम्रो कारणले तलमाथि भएको छ, जसलाई सन्तुलनमा फर्काउन सकिन्छ। हरेक परिवर्तनलाई मौसम परिवर्तनसँग जोडेर हेर्नुहुँदैन, तर सतर्कचाहिँ हुनुपर्छ।

*(जलवायु वैज्ञानिक डा. कट्टेल चीनको बेइजिङस्थित चाइनिज एकेडेमी अफ साइन्समा कार्यरत छन्)*

---

## ३ प्रश्न

अधिकारकर्मी **गणेश विश्वकर्मा**लाई



**मुक्तिको घोषणापछि मुक्त भएका हलियाको अवस्था कस्तो छ ?**

सुरुमा हलिया मुक्तिका लागि सुदूर पश्चिमका ९ र मध्यपश्चिमका हुम्ला, जाजरकोट र सुर्खेतसमेत गरी १२ जिल्लाको तथ्यांक संकलन गरिएको थियो। संकलित तथ्यांकअनुसार १६ हजार ५९ हलिया सूचीकृत भएका थिए। तीमध्ये करिब ९२ प्रतिशत अर्थात् १४ हजारजति पुनर्स्थापित भइसके भने बाँकी दुई हजारजति हलियाको पुनर्स्थापना अझै हुन सकेको छैन। पद्मा अर्याल भूमिसुधार मन्त्री भएको समयमा पुनर्स्थापना पूरा भयो भनेर कार्यक्रम नै बन्द गरिएयता सरकारले बाँकी हलियाबारे कुनै चासो दिएको छैन। पछि श्याम श्रेष्ठको नेतृत्वमा हलियासम्बन्धी अध्ययन समिति बनेको थियो। त्यसमा म पनि सदस्य थिएँ। हामीले त्यसबारे विस्तृत अध्ययन गरी सरकारलाई सुझावसँगै त्यससम्बन्धी कानुनसमेत ड्राफ्ट गरेर दिएका थियौं। तर, सरकारले चासो नदिँदा त्यो अघि बढ्न सकेन।

**मुक्तिपछि पनि साहुको खेत जोतेरै जीविका चलाउन हलियाहरू किन बाध्य छन् ?**

सरकारले अधिकांश हलियाको पुनर्स्थापना गरे पनि केही हजार त्यसमा छुटेका थिए। सरकारले वास्ता नगरेपछि जीविकोपार्जनको भरपर्दो विकल्प नभएका हलियाले आफूले जे जानेका थिए, त्यही काम सुरु गरे। पहिले औपचारिक रूपमा हलिया भएर काम गरेका मुक्त हलिया अहिले अनौपचारिक रूपमा अन्त नभन्ने सर्तमा बाँच्नकै लागि सस्तो मूल्यमा पुनः पुरानै साहु महाजनकहाँ श्रम बेच्न बाध्य भएका हुन्।

**मुक्त हलियाको जीवनस्तरमा सुधार ल्याउन के गर्नुपर्ला त ?**

सरकारले विगतमा आफैंले लिएको तथ्यांकअनुसार हलियालाई रातो, सेतो, हरियो र पहेंलो गरी चारथरी परिचयपत्र दिएको थियो। त्यसैका आधारमा पुनर्स्थापना गर्न बाँकी रहेका हलियालाई पुनर्स्थापना गर्नु जरुरी छ। यसका साथै, तथ्यांकमै छुटेकालाई निश्चित 'कटअफ' मिति तोकेर भूमिहीन तथा अव्यवस्थित बसोबासीहरूसँगै समेटेर पुनर्स्थापित गर्नु राम्रो हुन्छ।

---

प्रेरक प्रसंग

## साधु र जँड्याहा शिष्य

एक साधुको आश्रममा सयौं शिष्य थिए। उनीहरू सबै सात्विक नियमको अनुशासन पालनासँगै पूजाआजा र धार्मिक अनुष्ठानमा पनि सहभागी हुन्थे। उनीहरूमध्ये एक शिष्य भने जँड्याहा थिए। उनी न अनुशासनको पालना गर्थे, न पूजापाठ र धार्मिक अनुष्ठानमा सहभागी नै हुन्थे। अध्ययन कार्यमा भने उनी निकै तीक्ष्ण थिए। साधु वृद्ध हुँदै थिए। उनले आफूपछि कसलाई आफ्नो ज्ञानको रहस्य बताउलान् र आफ्ना उत्तराधिकारी घोषित गर्लान् भनेर आश्रममा सबैले आआफ्नै हिसाबले अनुमान लगाइरहेका थिए। धेरैले उनका केही प्रिय र गुणी शिष्यमध्ये कोही उनका उत्तराधिकारी बन्ने अनुमान लगाइरहेका थिए।

तर, साधुले आफ्ना तिनै जँड्याहा शिष्यलाई बोलाएर आफ्नो ज्ञानको रहस्य बताएर उनैलाई आफ्नो उत्तराधिकारी घोषित गरिदिए। तर, साधुको यो निर्णय स्विकार्न बाँकी शिष्यलाई कठिन भयो। उनीहरूले साधुको विरोध गर्दै आआफ्नो आक्रोश पोख्न सुरु गरे। एक शिष्यले त क्रोधित हुँदै भने- एक साधु भएर पनि हाम्रा गुरुले एक जँड्याहालाई कसरी आफ्ना उत्तराधिकारी घोषित गर्न सक्नुभएको होला ? के उहाँले आश्रममा कुनै अनुशासित र गुणी शिष्य देख्नुभएन ?

शिष्यहरूका यस्ता प्रतिक्रिया साधुका कानमा पनि पुगे। उनले आश्रमका सबै शिष्यलाई एकै ठाउँमा बोलाएर भने- मेरा प्रिय शिष्यहरू हो, मैले मसित भएको रहस्य उसैलाई बताउन सक्थें, जसलाई मैले सबै कोणबाट बुझेको या जानेको छु। तपाईंहरू सबै निकै ज्ञानी र गुणी हुनुहुन्छ। अनुशासित पनि हुनुहुन्छ। तपाईंहरू सबैले जहिल्यै आफ्नो राम्रो पक्षलाई मात्र मेरा अगाडि देखाउनुभयो। आफ्ना कमी-कमजोरी कहिल्यै अगाडि आउन दिनुभएन। जसले गर्दा मैले तपाईंहरूलाई आधा मात्र चिन्न सकेको छु। यो अवस्था अलिक खतरनाक पनि हुन्छ। किनकि, प्रायः राम्रा गुणका पछाडि घमण्ड, असहिष्णुता, ईर्ष्या आदि लुकेका हुन्छन्। त्यसैले, मैले जुन शिष्यको राम्रा, नराम्रा सबै पक्ष देख्न पाएको छु, उसैलाई मैले सबैभन्दा राम्रोसित बुझेको छु। त्यसैले, मैले यस्तो निर्णय गरेको हुँ।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## बुद्धको जन्ममिति कुन सही हो ?

भगवान् बुद्धको जन्म नेपालको लुम्बिनीमा भएको हो। यस वर्ष बुद्धको २५६९औं जन्मजयन्ती संसारभर मनाइरहँदा विभिन्न सञ्चार माध्यमबाट प्रसारण र प्रकाशन भएका समाचारमा बुद्धको जन्म कसैले इपू ६२३ त कसैले इपू ५६३ वैशाख पूर्णिमाको दिन भएको भनेर प्रसारण र प्रकाशन गरेको पढ्न, सुन्न र देख्न पाइयो। केकसरी बुद्धको जन्ममिति फरक-फरक लेखिएको होला ? तर, यी दुई फरक-फरक मिति पनि सही होइन जस्तो लाग्छ। यसको सत्यतथ्य के हो ? खासमा भगवान् बुद्धको जन्म कहिले भएको हो ? सम्बन्धित विज्ञ, विद्वान् र सरोकारवाला महानुभावले हामी सर्वसाधारणलाई जानकारी गराइदिन ढिलो नगरियोस्।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

## बेरुजु फस्र्योट कहिले गर्ने हो ?

महालेखा परीक्षकको कार्यालयले देशको बेरुजु झन्डै १३ खर्ब पुगेको समाचार पढियो। देशको बेरुजु हरेक वर्ष घट्दै जानुको साटो झन्-झन् बढिरहेको देखिनु चिन्ताको विषय हो। झन्, पछिल्ला पाँच वर्षमा बेरुजु झन्डै दोब्बर बढेको देखिनु राज्यका हर्ताकर्ताको सुशासनमाथि गम्भीर प्रश्न हो। बेरुजु फस्र्योट नगर्ने, नघटाउने, उल्टै बढाइरहने हो भने यो देशबाट भ्रष्टाचार कहिले अन्त्य होला ? के बेरुजुका नाममा भ्रष्टाचारलाई बढावा दिइरहने हो अब ?

● **कपिल महर्जन**
गठ्ठाघर, भक्तपुर

## कहिलेसम्म हलिया बनिरहने ?

'तीन पुस्ता हलियामै' शीर्षकको समाचार पढियो। सरकारले कुनै तयारीविनै उतिखेर हलिया मुक्तिको घोषणा गरिदियो। तर, गरिब र भोका मुक्त हलियालाई आफू र आफ्नो परिवारको गुजारा चलाउनै कठिन भयो। जब गुजारा चलाउनै सकस भयो, तब बाजुराका हलिया पुनः साहुका खेत जोत्न बाध्य भएको समाचार पढ्दा यो बाध्यता बाजुरेली किसानको मात्र नभई सम्भवतः देशैभर छरिएर रहेका हलियाको हो भन्ने लाग्छ। कहिलेसम्म हलिया भइरहने हो ?

● **गौरिका महतरा**
नयाँबजार, काठमाडौं

## प्रधानमन्त्रीले के बोलेको यस्तो ?

प्रधानमन्त्री केपी ओलीले केही समयअघि प्रतिनिधिसभामा दुई-दुईपटक कास्केली जनताको साथ पाई चुनाव जितेकी र शिक्षामन्त्रीसमेत बनेकी विद्या भट्टराईलाई सांसदका लागि मात्र लायक भएकी तर मन्त्री बन्ने क्षमता नभएकी भनेर हदैसम्म होच्याउने र अपमान गर्ने शब्द प्रहार गरेका छन्। जुन आलोचनायुक्त मात्र नभई भर्त्सनायोग्यसमेत छ। आफैंले बनाएका मन्त्रीलाई आफैं मन्त्रीका लागि योग्य रहिनछिन् भन्नुजस्तो विडम्बना अरू के होला ?

मैले जे गरे पनि हुन्छ, जे बोले पनि हुन्छ भन्ने अहं भावना प्रधानमन्त्री ओलीमा पलाएको छ। उनलाई यसरी मत्ता हात्ती बनाउने काममा उनका आसेपासे मात्र होइन, कांग्रेस सभापति शेरबहादुर देउवाको पनि ठुलो हात छ। ओलीले गरेको र बोलेको हरेक काममा देउवाको मौन समर्थनले उनलाई निरंकुश मात्र बनाएको छैन, लोकतन्त्र नै धरापमा पारेको छ। केही दिनअघि देउवा बैंकक गएका वेला ओलीले कुलमान घिसिङको पक्षमा बोलेको भनी राज्यमन्त्री कान्छाराम तामाङलाई बर्खास्त गरे। त्यसमा ओलीलाई देउवा र आरजुले साथ दिएका थिए। देउवाको छैटौंपटक प्रधानमन्त्री बन्ने पदलोलुपताले गर्दा सम्पूर्ण कांग्रेसी सांसदलाई ओलीको छाया बन्न बाध्य बनाएका छन्।

आज विद्या भट्टराईको राजीनामा होस् कि कान्छारामको बर्खास्तगी वा गभर्नर नै नियुक्ति नगरेर देशलाई असफल राष्ट्रउन्मुख बनाउँदा पनि कांग्रेस महामन्त्रीद्वय गगन-विश्वले चुँसम्म बोल्न नसक्नुको कारण के हो ?

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

---

# मध्यपूर्वमा सफल होलान् त ट्रम्प ?

## ट्रम्प र नेतन्याहुबिच मनमुटाव देखिन्छ। पार्टीमा बलियो पकड भएका ट्रम्पविरुद्ध जान नेतन्याहुसँग विकल्प निकै सीमित छन्।





देश/विदेश

● एरोन डेभिड मिलर ● लरेन मोर्गनबेसर

डोनाल्ड ट्रम्पले मध्यपूर्वको भ्रमण गर्दा पहिलो कार्यकालको भन्दा पृथक् मध्यपूर्व देख्नेछन्। उसो त इजरायल-प्यालेस्टाइन द्वन्द्व, इरानको परमाणु कार्यक्रम, इराक, लेबनान, लिबिया, सिरिया र यमनको अस्थिरता अझै जारी छ। तर, नयाँ परिस्थितिले यस क्षेत्रलाई पुनः परिभाषित गरिरहेको छ। यसले अमेरिकी नीतिमा थप चुनौती उत्पन्न गरिरहेको छ। ७ अक्टोबर २०२३ मा हमासले इजरायलमा गरेको आक्रमणपछि इजरायल एक क्षेत्रीय शक्तिका रूपमा उदाएको छ। ट्रम्प र बाइडेन प्रशासन तथा प्यालेस्टाइनलाई समर्थन नगर्ने अरब शासकको सहयोगले इजरायलले हमास र हेजबोल्लाहका धेरै वरिष्ठ नेताको हत्यासँगै तिनलाई कमजोर बनाएको छ।

अमेरिका, युरोप र साझेदार अरब राष्ट्रका सहयोगमा इजरायलले इरानका मिसाइल आक्रमण परास्त गर्‍यो र जवाफी कारबाहीमा इरानको मिसाइल उत्पादन क्षमता र हवाई सुरक्षा प्रणाली ध्वस्त पारेको दाबी गर्‍यो। अब इजरायलसँग 'एस्केलेसन डोमिनेन्स' (युद्ध आफूअनुकूल बढाउने या घटाउने क्षमतामा वर्चस्व) छ र यसले विपक्षी शक्तिलाई नियन्त्रणमा राख्न सघाउँछ। इजरायलले गाजा, लेबनान, वेस्ट बैंक र सिरियामा एकल निर्णयमार्फत सीमा सुरक्षालाई पुनः परिभाषित गरेको छ। इजरायलको सैन्य शक्तिलाई राजनीतिक सहमति वा शान्ति सम्झौतामा रूपान्तरण गर्नु तर्कसंगत देखिन्छ। तर, प्रधानमन्त्री बेन्यामिन नेतन्याहुको दक्षिणपन्थी सरकार त्यसमा खासै इच्छुक देखिँदैन। प्रगति हासिल गर्न प्यालेस्टिनी र प्रमुख अरब नेता शान्तिका लागि आवश्यक राजनीतिक जोखिम लिन तयार छन् कि छैनन् भन्ने पनि महत्त्वपूर्ण छ। यसैबिच अरब विश्व अझै विखण्डनको अवस्थामा छ, जहाँ कम्तीमा पाँच देश गम्भीर आन्तरिक संकटसँग जुझिरहेका छन् र विभिन्न स्तरमा असफल राज्य बनिरहेका छन्।

यो शक्ति रिक्तताबिच दुई वैकल्पिक शक्ति केन्द्र देखा परेका छन्। पहिलो साउदी अरेबिया, युएई, कतारलगायत पर्सियन खाडीका राष्ट्र हुन्। अरब वसन्तको प्रभावबाट प्रायः अछुतो रहेर तेल र ग्यासको सम्पत्तिले भरिपूर्ण यी स्थिर अधिनायकवादी देश, विशेषतः साउदी अरेबियाले अहिले क्षेत्रीय भूमिकामा बढ्दो प्रभाव जमाउँदै छन्। दोस्रो समूहमा इजरायल, टर्की र इरान जस्ता गैरअरब राष्ट्र पर्छन्। यी देशले आफ्ना सीमाबाहिर सैन्यशक्ति प्रक्षेपण गर्न सक्छन्, आन्तरिक स्थिरता कायम राखेका छन् र यीसँग बलियो अर्थतन्त्र तथा रक्षा क्षमता छ।

इजरायल अमेरिकाको प्रमुख क्षेत्रीय साझेदार हो, टर्की नाटो सदस्य तथा सिरियामा रहेको प्रभावशाली शक्ति हो। इरानले हमास र हेजबोल्लाह मामिलामा क्षति व्यहोरे पनि प्रभावशाली छ। र, परमाणु कार्यक्रमले इरानलाई अमेरिकी र इजरायली नीतिको केन्द्रमा राख्छ। अरब सरकार इजरायल, टर्की र इरानप्रति सन्देह गर्छन्। तैपनि, उसलाई चिढ्याउनु नहुने महत्त्वपूर्ण शक्ति मान्छन्। उसो त यी तीन देश प्रायः एक-अर्कासँगको टकरावमै हुन्छन् र एक-अर्काको उद्देश्यमा अवरोध पुर्‍याउँछन्। तर, यी सबै आआफ्ना ठाउँबाट हट्नेवाला छैनन्। अरब विश्व विभाजित रहेको अवस्थामा यी देशको प्रभाव बढिरहनेछ।

७ अक्टोबरमा हमासको आक्रमणपछि प्यालेस्टिनी मुद्दा केही समयका लागि फेरि अन्तर्राष्ट्रिय चासोको केन्द्रमा आएको छ। इजरायलको हमासविरुद्धको युद्धले मानवीय संकट ल्याएसँगै गाजावासीप्रति सहानुभूति बढ्यो। राष्ट्र संघले युद्ध रोक्न प्रस्ताव पारित गर्‍यो। यससँगै इजरायलको आलोचना बढ्यो। त्यसैगरी अन्तर्राष्ट्रिय अदालतले नेतन्याहुविरुद्ध पक्राउ आदेश जारी गर्नुका साथै इजरायलले नरसंहार गरिरहेको छ कि छैन भन्ने विषयसमेत उठायो।



तस्बिर : विन म्याकनेमी/गेटी इमेजेस

वास्तवमा ७ अक्टोबरको आक्रमणले प्यालेस्टिनी मुद्दालाई कमजोर बनाएको छ। अहिले प्यालेस्टिनी थप अलग-थलग र विभाजित भएका छन्। प्यालेस्टिनीका लागि बलियो गरी समर्थन गर्ने कोही छैन। अमेरिकाले इजरायलको युद्धलाई निरन्तर समर्थन गरिरहेको छ, जसले इजरायललाई नकारात्मक परिणामबाट जोगाएको छ। प्रमुख अरब सरकारले पनि प्यालेस्टिनी नागरिकको मृत्यु बढ्दा खासै प्रतिक्रिया जनाएका छैनन्। अन्तर्राष्ट्रिय समुदाय विभाजित, व्यस्त र स्वार्थी देखिन्छ, जसले प्यालेस्टाइनको पक्षमा ठोस कदम चाल्न सकेको छैन। यसैबिच प्यालेस्टिनी राष्ट्रिय आन्दोलन विभाजित र कमजोर अवस्थामा पुगेको छ। उनीहरूका अगाडि हमास वा वयोवृद्ध राष्ट्रपति महमुद अब्बासको विकल्प मात्र बाँकी छ। दुई-राज्यीय समाधानको सम्भावना अहिलेसम्मकै सबैभन्दा कमजोर देखिन्छ।

ट्रम्प प्रशासनले मध्यपूर्वका पछिल्ला घटनालाई कसरी सम्हाल्छ भन्ने अझै स्पष्ट छैन। प्रशासनले स्पष्ट रूपमा इजरायल-समर्थन नीति अपनाएको छ। ट्रम्पले नै गाजालाई रिसोर्ट बनाउने योजनासमेत सुनाएका थिए। त्यसैगरी, प्रशासनले गाजा, लेबनान, सिरिया र वेस्ट बैंकमा इजरायलका सैन्य कारबाही र इजरायलका सीमाजन्य नीतिलाई समर्थन गरेको छ। तर, ट्रम्पबारे अनुमान गर्न सकिँदैन। उनले नेतन्याहुको उपस्थितिमा इरानसँग वार्ताको संकेत दिएका छन्, जब कि नेतन्याहु सैन्य कारबाहीको पक्षमा छन्। यदि ट्रम्प इजरायल-साउदी सम्बन्ध सामान्यीकरणमा लागे भने उनलाई गाजाको भविष्य र प्यालेस्टिनी राजनीतिक समाधानसमेत सम्हाल्नुपर्ने हुन सक्छ।

ट्रम्पको हालको भ्रमणमा उनी इजरायल गएनन्। यसले उनको नेतन्याहुसँग मनमुटाव भएको देखाउँछ। पार्टीमा बलियो पकड भएका ट्रम्पको ह्वाइट हाउसले यदी नेतन्याहुको विरोधमा नीति प्रस्ताव गर्‍यो भने नेतन्याहुसँग अमेरिकी रिपब्लिकनमार्फत विरोध गर्ने विकल्प धेरै नहुन सक्छ। ट्रम्प जे चाहन्छन्, त्यो पाउन दबाब दिन हिचकिचाउँदैनन् भन्ने अधिकांश अमेरिकी साझेदारले बुझिसकेका छन्।

*(मिलर कार्नेगी एन्डोमेन्ट फर इन्टरनेसनल पिसका वरिष्ठ फेलो हुन् भने लरेन मोर्गनबेसर कनिष्ठ फेलो हुन्) प्रोजेक्ट सिन्डिकेटबाट*



CamScanner
Scanned with CamScanner

# सगरमाथा संवाद आजदेखि

## आइपुगे विदेशी प्रतिनिधि, ३५० सहभागी हुने

नयाँ पत्रिका

जलवायु परिवर्तनका विषयमा नेपालले पहिलोपटक आयोजना गर्न लागेको सगरमाथा संवाद शुक्रबार सुरु हुँदै छ। संवादमा सहभागी हुन भारतीय वातावरणमन्त्री भूपेन्द्र यादव, चिनियाँ जनकंग्रेस स्थायी समितिका उपाध्यक्ष सिआओ जीसहितका विदेशी प्रतिनिधिमण्डल काठमाडौं आइपुगेका छन्।

तीन दिन सञ्चालन हुने संवादको प्रधानमन्त्री केपी ओलीले शुक्रबार बिहान उद्घाटन गर्नेछन्। संवादको मूल विषय 'जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य' राखिएको छ। आइतबारसम्म चल्ने संवादका लागि विदेशी १७५ जना र स्वदेशी पनि यही संख्या गरी जम्मा ३५० जना सहभागी हुनेछन्। चिनियाँ नेता जी बुधबार राति र भारतीय नेता यादव बिहीबार अपराह्न आइपुगेका हुन्। उनीहरूले शुक्रबार सम्बोधन गर्ने कार्यक्रम छ।

संवादको पूर्वसन्ध्यामा जारी सन्देशमा प्रधानमन्त्री ओलीले जलवायु परिवर्तन मानवताका लागि गम्भीर खतरा रहेको उल्लेख गर्दै यो समयको सबैभन्दा ठूलो चुनौती सामना गर्ने विषयमा संवाद राखिएको बताएका छन्। उनले संवाद र छलफलमार्फत समाधान खोज्ने प्राचीन अभ्यासको बिरासतका रूपमा सगरमाथा संवाद हुन लागेको उल्लेख गरे। 'हामीले यतिवेला मानवताका लागि गम्भीर खतराहरूको सामना गर्दै गर्दा, संवाद अझ सान्दर्भिक भएको छ,' प्रधानमन्त्रीले भने, 'हामी संवादका लागि नेपालको स्थायी मञ्च सगरमाथा संवाद सुरु गर्न पाउँदा गर्व गर्छौं, जहाँ विश्वका हरेक कुनाबाट नेता, विचारक, बुद्धिजीवी, विज्ञ र नागरिक भेला हुनेछन्।'

यो समयको सबैभन्दा दबाबपूर्ण चुनौती जलवायु संकट भएको उल्लेख गर्दै प्रधानमन्त्रीले यो टाढाको खतरा नभई अहिलेको यथार्थ भएको पनि बताएका छन्। 'हिमालहरू पृथ्वीका मौन संरक्षक हुन्, तिनीहरू हाम्रा पानीका टावर र जलवायु नियामक हुन्, जसले आफ्नो चुचुरोभन्दा धेरै टाढा जीवनलाई कायम राख्छन्,' ओलीले भने, 'यो तथ्यलाई बुझौँ, हामी सबै एक-अर्कासँग जोडिएका छौँ, हाम्रो भविष्य पनि एक-अर्कासँग जोडिएको छ। हाम्रो मात्र होइन, सम्पूर्ण मानवताका लागि जलवायु परिवर्तन कुनै अमूर्त मुद्दा होइन, यो दैनिक वास्तविकता हो।'

सगरमाथा संवादमार्फत नेपालले जलवायु संकटको आवाज उठाउन, संसारलाई एकताबद्ध गर्न र सबैतिर हिमाली र तटीय समुदायहरूको संघर्ष र शक्ति प्रतिबिम्बित गर्न खोजेको प्रधानमन्त्रीले बताए।

### चिनियाँ नेता भेटवार्तामा व्यस्त



सगरमाथा संवादका लागि काठमाडौं आएका चिनियाँ नेता सिआओ जीले बिहीबार प्रधानमन्त्री केपी ओली, सभामुख देवराज घिमिरे, उपसभामुख इन्दिरा रानालगायतसँग भेटवार्ता गरेका छन्। चिनियाँ नेताले प्रधानमन्त्री ओलीलाई सगरमाथा संवादको सफलताको कामना गर्दै दुई देशबिचको लामो र मित्रवत् सम्बन्धलाई अझ अभिवृद्धि गर्न चीन तत्पर रहेको बताएका छन्। नेपालको विकास र समृद्धिका लागि चिनियाँ नेतृत्वको शुभेच्छा रहेको उल्लेख गरेका थिए।

प्रधानमन्त्री ओलीले नेपाल र चीनबिच लामो समयदेखि मित्रवत् र समस्यारहित एवं हार्दिक सम्बन्ध रहिआएको उल्लेख गरेका थिए। नेपाल एक चीन नीतिप्रति पूर्ण प्रतिबद्ध रहेको दोहोऱ्याउँदै ओलीले दुई देशबिच भएका सहकार्यका सम्झौताको कार्यान्वयनका लागि सबै पक्षबाट अग्रसरता लिनुपर्नेमा जोड दिएका थिए।

सगरमाथा संवादलाई समाधानको मञ्च, आशाको मुहान र भविष्यका लागि शक्ति बनाउन प्रधानमन्त्रीले आह्वान गरेका छन्।

तीन दिनसम्म विभिन्न सत्रमा छलफल हुनेछ भने सहभागी विदेशी प्रतिनिधिमण्डललाई माउन्टेन फ्लाइटमा लैजानेसमेत व्यवस्था मिलाइएको छ। संवादमा अजरबैजानकी प्राकृतिक स्रोतसम्बन्धी मन्त्री तथा कोप-२९ की अध्यक्ष मुख्तार बाबायेभ, बंगलादेशकी समाजकल्याण, महिला तथा बालबालिकासम्बन्धी अन्तरिम मन्त्री सर्मिन सोनेया मुर्सिद, भुटानका ऊर्जा तथा प्राकृतिक स्रोतमन्त्री जेम छेरिङ, माल्दिभ्सका पर्यटन तथा वातावरणमन्त्री थोरिक इब्राहिम सहभागी हुने कार्यक्रम छ।

संवादमा जापानका संसदीय मामिलासम्बन्धी उपविदेशमन्त्री इकुइना अकिको, संयुक्त अरब इमिरेट्स (युएई)का ऊर्जा मामिला हेर्ने सहायक विदेशमन्त्री अब्दुल्लाह बलाला, बेलायतकी संसदीय उपविदेशमन्त्री ब्यारोनेस सुसान हेमन, कतारका जलवायु परिवर्तनसम्बन्धी उपमन्त्री एवं विशेष दूत बदर उमर अल दाफा, किर्गिजस्तानका राष्ट्रपतिका विशेष प्रतिनिधि, पर्वतीय क्षेत्र विकासका लागि पाँच वर्षको कार्ययोजना कार्यान्वयन हेर्ने अधिकारी दिनारा केमेलोभा सहभागी हुनेछन्।

यीबाहेक ओमानकी राजदूत इस्सा बिन सालेह अल सिवानी, ब्राजिलका राजदूत कार्लोस अल्बर्टो माइकलसेन डेन हार्टोग, इजिप्टका राजदूत नोहा हम्दी अहमद एलगेबाली, सार्कका महासचिव गोलम सरवर, बिमस्टेकका महासचिव इन्द्रमणि पाण्डे, संयुक्त राष्ट्रसंघकी नेपाल प्रतिनिधि हाना सिंगर हम्दी, विश्व बैंकका दक्षिण एसिया क्षेत्रीय उपाध्यक्ष मार्टिन रायसर, एसियाली विकास बैंक (एडिबी)का क्षेत्रीय उपाध्यक्ष फातिमा यास्मिनले पनि सहभागीता जनाउने कार्यक्रम छ।

# संयुक्त लोकतान्त्रिक मोर्चाको सचिवालय गठन

**संविधान संशोधनबारे मोर्चाको अवधारणा तय गर्न सचिवालयलाई निर्देशन, न्यायोचित रूपमा बजेट वितरण गर्न सरकारसँग माग**



नयाँ पत्रिका

तराई-मधेशकेन्द्रित दलहरूको संयुक्त लोकतान्त्रिक मोर्चाले सचिवालय गठन गरेको छ। लोसपाको केन्द्रीय कार्यालय बबरमहलमा अध्यक्ष महन्थ ठाकुरको अध्यक्षतामा बसेको मोर्चाको बैठकले प्रत्येक दलबाट एक-एकजना प्रतिनिधि रहने गरी सचिवालय गठन गरेको हो।

सचिवालयमा जसपा नेपालबाट रामकुमार शर्मा, जनता प्रगतिशील पार्टीबाट डा. शिवजी यादव, राष्ट्रिय मुक्ति पार्टीबाट केशव झा, जनमत पार्टीबाट अब्दुल खान, तमलोपाबाट ब्रजकिशोर सिंह र लोसपाबाट ज्ञानेन्द्र झा छन्। नागरिक उन्मुक्ति पार्टीबाट सदस्य चयन हुन बाँकी छ।

बैठकले संविधान संशोधनबारे मोर्चाको अवधारणा यथाशीघ्र तय गर्न सचिवाललाई निर्देशन दिएको छ। सचिवालयले मोर्चाको रणनीति, योजना र कार्यक्रम निर्माण र कार्यान्वयनमा काम गर्ने सचिवालय सदस्य यादवले बताए। 'मोर्चाको सचिवालय गठन भएको छ। मोर्चालाई व्यवस्थित बनाउन सचिवालयले काम गर्छ,' उनले भने।

मोर्चाले जनसंख्या मानव विकास सूचकांकलाई आधार मानेर बजेट विनियोजन हुनुपर्ने माग गरेको छ। तराई-मधेशलगायत सबै क्षेत्रमा न्यायोचित रूपमा बजेट वितरण हुनुपर्ने माग बैठकले सरकारसँग गरेको छ। मधेश जनविद्रोह, आन्दोलन, किराँत-लिम्बुवानलगायत आन्दोलनका क्रममा झुटा मुद्दा लगाई जेलमा राखिएका राजबन्दीलाई विनासर्त रिहा गर्न पनि बैठकले सरकारसँग माग गरेको छ। संसद्मा प्रस्तुत भएको भूमि विधेयकको सम्बन्धमा मोर्चाको समान धारणा तय गरी प्रस्तुत हुने निर्णयसमेत बैठकले गरेको छ।


## ग्लोबल आइएमई बैंक लिमिटेडको

## धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

**प्रकाशित मिति : २०८२/०२/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक**

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत चुक्ता भुक्तान नगरेपश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने तथा १५ (पन्ध्र) दिने धितो लिलामको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहां जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**नयाँ वानेश्वर शाखा, काठमाडौं**

| ऋणीको विवरण | |
|---|---|
| १. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २१६७२०/७५/०७६ अन्तर्गत मिति २०७६/०२/२१ मा दर्ता कायम भएको **बिनु इन्टरप्राइजेज प्रा.लि.**<br>कम्पनी दर्ता ठेगाना : काठमाडौं म.न.पा. -१६, बालाजु, काठमाडौं<br>स्थायी लेखा नं. ६०९५५१२०४, मिति २०७६/०२/२४<br>**सञ्चालक अध्यक्ष तथा जमानतकर्ता : पुष्कर राज श्रेष्ठ**<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट तथा अल्पकालिन कर्जा** | २. पुष्कर राज श्रेष्ठ<br>ना.प्र.नं. १८१७/१०२०, जारी मिति २०३८/०५/१७, जि.प्र.का. काठमाडौं<br>बाबुको नाम : शिव राज श्रेष्ठ<br>बाजेको नाम : हिराकाजी श्रेष्ठ<br>स्थायी ठेगाना : काठमाडौं म.न.पा. -२०, काठमाडौं<br>हालको ठेगाना : काठमाडौं म.न.पा. -१३, ताहाचल, काठमाडौं<br>**कर्जा शिर्षक : आवधिक कर्जा** |

| व्यक्तिगत जमानत दिनेको विवरण | | |
|---|---|---|
| **सशिन श्रेष्ठ**<br>ना.प्र.नं. २७१०६०/१२०४०७<br>जारी मितिः २०७०/०६/०३, जि.प्र.का. काठमाडौं<br>बाबुको नाम : पुष्कर राज श्रेष्ठ<br>बाजेको नाम : शिव राज श्रेष्ठ<br>स्थायी ठेगाना : काठमाडौं म.न.पा. -२०, काठमाडौं<br>हालको ठेगाना : काठमाडौं म.न.पा. -१३, ताहाचल, काठमाडौं | **बिनु श्रेष्ठ**<br>ना.प्र.नं. २९९६/०४०/४१<br>जारी मितिः २०४१/०१/०७, जि.प्र.का. ललितपुर<br>बाबुको नामः हरि भक्त श्रेष्ठ<br>पतिको नामः पुष्कर राज श्रेष्ठ<br>ससुराको नामः शिव राज श्रेष्ठ<br>स्थायी ठेगान : ललितपुर उ.म.न.पा. -१६, ललितपुर<br>हालको ठेगानाः काठमाडौं म.न.पा. -१३, ताहाचल, काठमाडौं | **श्रेया श्रेष्ठ**<br>ना.प्र.नं. २७१०६०/७८९८६<br>जारी मितिः २०६८/०२/२२<br>जि.प्र.का. काठमाडौं<br>बाबुको नामः पुष्कर राज श्रेष्ठ<br>बाजेको नामः शिव राज श्रेष्ठ<br>स्थायी ठेगानाः भिमसेनस्थान -२०, काठमाडौं<br>हालको ठेगानाः काठमाडौं म.न.पा. -१३, ताहाचल, काठमाडौं |

**धितोको विवरण (घरजग्गाको विवरण)**

हिरा श्रेष्ठको नाति, शिवराज श्रेष्ठको छोरा, पुष्कर राज श्रेष्ठको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १६ (बालाजु चोक नजिक) स्थित कि.नं. १४२ को क्षेत्रफल ०-१२-१-३ रोपनीको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**कलंकी शाखा, काठमाडौं**

| ऋणीको विवरण | |
|---|---|
| १. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २३३६०४/०७६/ ०७७ अन्तर्गत मिति २०७६/१०/१९ मा दर्ता कायम भएको **कसमस मेडिसोल ट्रेड प्रा.लि.**<br>कम्पनी दर्ता ठेगाना : काठमाडौं म.न.पा. -१६, बालाजु, काठमाडौं<br>स्थायी लेखा नं. ६०९७१३४५५, मिति २०७६/१०/२३<br>**सञ्चालक अध्यक्ष तथा जमानतकर्ताः पुष्कर राज श्रेष्ठ**<br>**कर्जा शिर्षकः ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा** | २. **पुष्कर राज श्रेष्ठ**<br>ना.प्र.नं. १८१७/१०२०, जारी मिति २०३८/०५/१७, जि.प्र.का. काठमाडौं<br>बाबुको नामः शिव राज श्रेष्ठ<br>बाजेको नामः हिराकाजी श्रेष्ठ<br>स्थायी ठेगानाः काठमाडौं म.न.पा. -२०, काठमाडौं<br>हालको ठेगानाः काठमाडौं म.न.पा. -१३, ताहाचल, काठमाडौं<br>**कर्जा शिर्षकः घर कर्जा** |

| व्यक्तिगत जमानत दिनेको विवरण | | |
|---|---|---|
| **सशिन श्रेष्ठ**<br>ना.प्र.नं. २७१०६०/१२०४०७<br>जारी मितिः २०७०/०६/०३,जि.प्र.का. काठमाडौं<br>बाबुको नामः पुष्कर राज श्रेष्ठ<br>बाजेको नामः शिव राज श्रेष्ठ<br>स्थायी ठेगानाः काठमाडौं म.न.पा. -२०, काठमाडौं<br>हालको ठेगानाः काठमाडौं म.न.पा. -१३, ताहाचल, काठमाडौं | **बिनु श्रेष्ठ**<br>ना.प्र.नं. २९९६/०४०/४१<br>जारी मितिः २०४१/०१/०७, जि.प्र.का. ललितपुर<br>बाबुको नामः हरि भक्त श्रेष्ठ<br>पतिको नामः पुष्कर राज श्रेष्ठ<br>ससुराको नामः शिव राज श्रेष्ठ<br>स्थायी ठेगानः ललितपुर उ.म.न.पा. -१६, ललितपुर<br>हालको ठेगानाः काठमाडौं म.न.पा. -१३, ताहाचल, काठमाडौं | **श्रेया श्रेष्ठ**<br>ना.प्र.नं. २७१०६०/७८९८६<br>जारी मितिः २०६८/०२/२२<br>जि.प्र.का. काठमाडौं<br>बाबुको नामः पुष्कर राज श्रेष्ठ<br>बाजेको नामः शिव राज श्रेष्ठ<br>स्थायी ठेगानाः भिमसेनस्थान -२०, काठमाडौं<br>हालको ठेगानाः काठमाडौं म.न.पा. -१३, ताहाचल, काठमाडौं |

**धितोको विवरण (घरजग्गाको विवरण)**

हिराकाजी श्रेष्ठको नाति, शिवराज श्रेष्ठको छोरा, पुष्करराज श्रेष्ठको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला, किटिनी गा.वि.स./न.पा. वडा नं. १ ख (हाल गोदावरी न.पा. -३, ललितपुर, गोदावरी भिलेज रिसोर्ट नजिक) स्थित कित्ता नं. ८५१ र ८५२ को क्षेत्रफल क्रमशः ०-२-०-० र २-२-०-० रोपनीको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**दुलेगौंडा शाखा, तनहुँ**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण | | |
|---|---|---|---|
| नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २७५७०८/०७८/०७९ अन्तर्गत मिति २०७८/०७/११ मा दर्ता कायम भएको **हबिब हसिना एग्रो फार्म प्रा.लि.**<br>कम्पनी दर्ता ठेगाना : शुक्लागण्डकी न.पा. -८, तनहुँ<br>स्थायी लेखा नं. ६१०१३३७६१ मिति २०७८/११/१२<br>**संचालक : अलाउदीन मिया**<br>**कर्जा शिर्षक : आवधिक कर्जा** | **अलाउदीन मिया**<br>ना.प्र.नं. ७५६७१<br>जारी मिति २०६१/०८/१०<br>जि.प्र.का. तनहुँ<br>बाबुको नाम : हवि वकस मिया<br>बाजेको नाम : नवि उल्ला मिया<br>स्थायी ठेगाना : ढोरफिर्दी -३, तनहुँ<br>हालको ठेगाना : शुक्लागण्डकी न.पा.-५, तनहुँ | **आमिना खातुन**<br>ना.प्र.नं. ४३३०३९/१२३६<br>जारी मिति २०६३/१०/१८,<br>जि.प्र.का. तनहुँ<br>बाबुको नाम : आजम अलि मिया<br>पतिको नाम : अलाउदीन मिया<br>ससुराको नाम : हवि वकस मिया<br>स्थायी ठेगाना : ढोरफिर्दी -३, तनहुँ<br>हालको ठेगाना : शुक्लागण्डकी न.पा.-५, तनहुँ | **हसिना मिया**<br>ना.प्र.नं. १०१२<br>जारी मिति २०४१/१२/१४<br>जि.प्र.का. स्याङ्जा<br>पतिको नाम : हवि वकस मिया<br>ससुराको नाम : नवि उल्ला मिया<br>स्थायी ठेगाना : पुतलीवजार -४, स्याङ्जा<br>हालको ठेगाना : शुक्लागण्डकी न.पा.-५, तनहुँ |

**धितोको विवरण (घरजग्गाको विवरण)**

नवि उल्ला मियाको नाति, हवि वकस मियाको छोरा, अलाउदीन मियाको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको तनहुँ जिल्ला दुलेगौंडा गा.वि.स/न.पा. वडा नं. ८ क (मस्जिद नजिक) स्थित कि.नं. ४०६ को क्षेत्रफल ०-४-३-० रोपनीको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**राजविराज शाखा, सप्तरी**

| ऋणीको विवरण | धितोको विवरण (जग्गाको विवरण) |
|---|---|
| नेपाल सरकार, वाणिज्य आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय राजविराज, सप्तरीमा प्रा.फ.र.नं. ५१०५/०७३/०७४ अन्तर्गत मिति २०७४/०१/२० मा दर्ता कायम भएको **हाम्रो ट्रेडर्स एण्ड सप्लायर्स**<br>फर्म दर्ता ठेगाना : राजविराज न.पा. -९, सप्तरी<br>स्थायी लेखा नं. ६०६१०८९३९, मिति २०७४/०१/२२<br>**प्रोप्राइटर : सरोज यादव**<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा** | १. वासुदेव यादवको नाति, धनराज यादवको छोरा, सरोज यादवको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला, मलेठ गा.वि.स./न.पा. वडा नं. ७ ख (गिता पेट्रोल पम्प नजिक) स्थित कि.नं. २४३ को क्षेत्रफल ०-०-१२-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>२. स्व. राम प्रसाद यादवको छोरी, वासुदेव यादवको बुहारी, धनराज यादवको पत्नी, जगमाया देवीको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला, मलेठ गा.वि.स./न.पा. वडा नं. ७ क (पम्प क्यानेल नजिक) स्थित कि.नं. १०६ को क्षेत्रफल ०-१०-११.५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

| व्यक्तिगत जमानत दिनेको विवरण | | | |
|---|---|---|---|
| **सरोज यादव**<br>ना.प्र.नं. १६१०५६/०९<br>जारी मिति २०६४/१०/१५<br>जि.प्र.का. सप्तरी<br>बाबुको नाम : धन राज यादव<br>बाजेको नाम : बासु देव यादव<br>स्थायी ठेगाना : मलेठ -७, सप्तरी<br>हालको ठेगाना : राजविराज न.पा. -९, सप्तरी | **धन राज यादव**<br>ना.प्र.नं. ४९२७३५२५<br>जारी मिति २०४०/०४/२९<br>जि.प्र.का. सप्तरी<br>बाबुको नाम : बासु देव यादव<br>बाजेको नाम : खुसी लाल यादव<br>स्थायी ठेगाना : मलेठ -६, सप्तरी<br>हालको ठेगाना : राजविराज न.पा. -९, सप्तरी | **मनोज कुमार यादव**<br>ना.प्र.नं. ५०३७<br>जारी मिति २०५८/०२/३०<br>जि.प्र.का. सप्तरी<br>बाबुको नाम : धन राज यादव<br>बाजेको नाम : बासु देव यादव<br>स्थायी ठेगाना : मलेठ -७, सप्तरी<br>हालको ठेगाना : राजविराज न.पा. -९, सप्तरी | **श्रीमती जगमाया देवी**<br>ना.प्र.नं. ५६६७४४५१<br>जारी मिति २०५१/०४/२७<br>जि.प्र.का. सप्तरी<br>बाबुको नाम : स्व. राम प्रसाद यादव<br>पतिको नाम : धनराज यादव<br>ससुराको नाम : बासु देव यादव<br>स्थायी ठेगाना : मलेठ -७, सप्तरी<br>हालको ठेगाना : राजविराज न.पा. -९, सप्तरी |

**कुमारीपाटी शाखा, ललितपुर**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण | |
|---|---|---|
| नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापनविभाग,फर्मरजिष्ट्रेशनशाखामाप्रा.फ.र.नं. ११६९५७/०७०/७१ अन्तर्गत मिति २०७१/०२/०८ मा दर्ता कायम भएको **लक्ष्मी मिरा इन्टरप्राइजेज फर्म**<br>फर्म दर्ता ठेगाना : ललितपुर उ.म.न.पा.-१५, ललितपुर<br>स्थायी लेखा नं. ६०२१४५८५३ मिति २०७१/०२/११<br>**प्रोप्राइटर : उमेश जंग थापा मगर**<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा** | **उमेश जंग थापा मगर**<br>ना.प्र.नं. ४४८२०-१३५५-४६४८<br>जारी मिति २०६०/०१/२२, जि.प्र.का. भोजपुर<br>बाबुको नाम : काजीमान दर्लामी मगर<br>बाजेको नाम : सिंह बहादुर दर्लामी मगर<br>स्थायी ठेगाना : च्याङ्ग्रे -९, भोजपुर<br>हालको ठेगाना : ललितपुर म.न.पा. -१५, ललितपुर | **लक्ष्मी थापा मगर**<br>ना.प्र.नं. ०९१०३९/२९<br>जारी मिति २०६६/१२/०५, जि.प्र.का. भोजपुर<br>बाबुको नाम : बल बहादुर मगर<br>पतिको नाम : उमेश जंग थापा मगर<br>ससुराको नाम : काजीमान दर्लामी मगर<br>स्थायी ठेगाना : च्याङ्ग्रे -९, भोजपुर<br>हालको ठेगाना : ललितपुर म.न.पा. -१५, ललितपुर |

**धितोको विवरण (घरजग्गाको विवरण)**

सिंह बहादुर दर्लामी मगरको नाती, काजीमान दर्लामी मगरको छोरा, उमेश जंग थापा मगरको नाममा मालपोत कार्यालय, कंलकी, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, दहचोक गा.वि.स./न.पा. वडा नं. २ घ स्थित कित्ता नं. १०२८ को क्षेत्रफल १-०-०-० रोपनीको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**लालबन्दी शाखा, सर्लाही**

| ऋणीको विवरण | | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| १. प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्रा.फ.नं. ६२१८/०७५/०७६ अन्तर्गत मिति २०७५/०८/१७ मा दर्ता कायम भएको **सुश्री स्टेशनरी तथा जेनरल स्टोर्स**<br>फर्म दर्ता ठेगाना : बाग्मती न.पा. -११, सर्लाही<br>स्थायी लेखा नं. ६०८८२९३२४, मिति २०७५/०८/१७<br>**प्रोप्राइटर तथा जमानतकर्ता : युवराज भुजेल**<br>**कर्जा शिर्षक : आवधिक कर्जा** | २. **युवराज भुजेल**<br>ना.प्र.नं. ५४९८०३६१<br>जारी मिति २०५७/०१/१२<br>ई.प्र.सा. हरिवन, सर्लाही<br>बाबुको नाम : विर बहादुर घर्ति<br>बाजेको नाम : मंगले घर्ति<br>स्थायी ठेगाना : कमैया -५, सर्लाही<br>हालको ठेगाना : बाग्मती न.पा. -११, सर्लाही<br>**कर्जा शिर्षक : घर कर्जा** | **शुशीला कुमारी गौतम**<br>ना.प्र.नं. ५४९८०२७१<br>जारी मिति २०५६/०८/२४<br>ई.प्र.सा. हरिवन, सर्लाही<br>बाबुको नाम : कर्ण बहादुर गौतम<br>पतिको नाम : युवराज भुजेल<br>ससुराको नाम : विर बहादुर घर्ति<br>स्थायी ठेगाना : कमैया -५, सर्लाही<br>हालको ठेगाना : बाग्मती न.पा. -११, सर्लाही |

**धितोको विवरण (घरजग्गाको विवरण)**

मंगले घर्तिको नाति, विर बहादुर भुजेलको छोरा, युवराज भुजेलको नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन गा.वि.स./न.पा. वडा नं. ८ ड (बेबिलोन एकेडेमी, सर्लाही) स्थित कि.नं. ३९६ को क्षेत्रफल ०-३-१३-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:**

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्तादिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम बिना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पुर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ जेठ ८ गते (कार्यालय समय भित्र) बोलपत्र खोलिने मिति : २०८२ जेठ ९ गते**
**समय : दिउँसो १ बजे**
**स्थान : सम्बन्धित शाखा कार्यालयमा**

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं**
**फोन नं.: ०१-५३२८६७१/५३२६३४७**
**ग्लोबल कनेक्टः ०१-५९७०६००**


CamScanner
Scanned with CamScanner

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय

## कर्जा असुली विभाग

## नेपाल बैंक लिमिटेडको धितोमा रहेको सुरक्षण गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५(पन्ध्र) दिने सूचना

(प्रकाशित मिति : २०८२/०२/०२)

नेपाल बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखाहरूबाट कर्जा पार्टीहरूले उपभोग गरेका कर्जाहरूको भुक्तानी म्याद समाप्त भई कर्जा चुक्ता गर्नका लागि पटक-पटक तरताकेता गरिएकोमा हालसम्म पनि कर्जा चुक्ता नभएको हुँदा सुरक्षण बापत बैंकलाई लेखिदिएको तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने हुँदा सो चल अचल सम्पत्ति खरिद गर्न इच्छुक फर्म वा व्यक्तिबाट आफूले के-कति मूल्य तिरी लिने हो सो को मूल्य खोली सम्बन्धित शाखा वा यस विभागबाट उपलब्ध गराएको फाराम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०८२/०२/१६ गते) भित्र उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिन निम्नानुसारको शर्तनामा पालना गरी गोप्य सिलबन्दी बोलपत्र सम्बन्धित शाखा वा यस विभागमा पेश गर्नुहुन आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम दस्तुर पछि फिर्ता नहुने गरी जम्मा गरेपछि सम्बन्धित शाखा वा प्रधान कार्यालय कर्जा असुली विभागबाट उपलब्ध गराइनेछ ।
२. बोलपत्र पेश गर्दा खाम बाहिर आफुले लिन चाहेको "सम्बन्धित जग्गा, घर टहरा, मिल मेशिनरी र सवारी साधन खरिद गर्ने बारेको गोप्य सिलबन्दी बोलपत्र" भनी उल्लेख गर्नुपर्नेछ ।
   बोलपत्र पेश गर्ने अन्तिम मिति (अर्थात मिति २०८२/०२/१६ गते) को भोलिपल्ट वा लगत्तै अफिस खुलेको दिनको ११:०० बजे सम्बन्धित शाखा र प्रधान कार्यालय कर्जा असुली विभागमा बोलपत्रदाताहरू वा निजका प्रतिनिधिहरूको उपस्थिति तथा अन्य प्रतिनिधिहरूको रोहवरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम यस बैंकको सण्ड्री केडिटर्स हिसाबमा जम्मा गरेको सक्कल भौचर वा यस बैंकको नाममा कम्तिमा ३ महिनाको म्याद भएको यस बैंक बाहेक अन्य बैंकको जमानतपत्र वा Managers Cheque/ Good for Payment Cheque धरौटी बापत पेश गर्नुपर्नेछ ।
४. बोलपत्र स्वीकृत भएपछि सो को सूचना पत्रबाट दिइनेछ र उक्त सूचना दिएको मितिले ३५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको सम्पत्तिहरू आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ । उपरोक्त म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । सोको कारण बोलपत्रदातालाई दिइने छैन ।
६. जग्गा, घर टहरा, मिल मेशिनरी र सवारी साधनसँग सम्बन्धित कागजात हेर्न चाहनेले सम्बन्धित शाखा वा प्रधान कार्यालय, कर्जा असुली विभाग र अचल सम्पत्ति स्थलगत रुपमा हेर्न चाहेमा सम्बन्धित शाखामा सम्पर्क राखी हेर्न बुझ्न सकिनेछ ।
७. बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।
८. बोलपत्र स्वीकृत भएपछि हक हस्तान्तरण गर्दा नियमानुसार लाग्ने सबै सरकारी दस्तुर खरिद गरिलिने फर्म वा व्यक्ति स्वयम्ले व्यहोर्नुपर्नेछ ।
९. निम्न उल्लेखित जग्गा, घर टहरा छुट्टाछुट्टै वा संयुक्त खरिद गर्ने गरी बोलपत्र पेश गर्न सकिनेछ ।
१०. व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । फर्म/कम्पनीले खरिद गर्ने भए सो फर्म/कम्पनी दर्ता/नविकरण प्रमाणपत्र तथा कर दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
११. बोलपत्रमा उल्लेख गर्नुपर्ने सबै कुराहरू स्पष्ट रुपमा केरमेट नगरी लेख्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
१२. रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको वा शर्तहरू राखी पेश भएको बोलपत्रहरू उपर कुनै कारवाही हुनेछैन ।

**तपसिल**

**राजविराज शाखा**

१. ऋणीको नाम : गणेश निर्माण सेवा, प्रोप्राईटर : कपिल देव यादव, ठेगाना : साबिक मलेठ - ७, सप्तरी

| जग्गाधनीको नाम | सुरक्षणको विवरण: ठेगाना | कि. नं. | क्षेत्रफल (विगाहा) | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| सावित्री देवी यादव | सप्तरी जिल्ला, साबिक मलेठ -७ ख | ४२९ | ०-०-७ | जग्गा/घर तथा सोले चर्चेको सम्पुर्ण लिगलगापात समेत | रु. १०००/- |
| | | ५८ | ०-०-८ | | |
| | | ४२८ | ०-०-१२ | | |

२. ऋणीको नाम : ववि स मिल, प्रोप्राईटर : बबीता कुमारी राय, ठेगाना : साबिक अर्नाहा ७, सप्तरी

| जग्गाधनीको नाम | सुरक्षणको विवरण: ठेगाना | कि. नं. | क्षेत्रफल (विगाहा) | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| चिरन्जीवी राय | सप्तरी जिल्ला, साबिक अर्नाहा गा.वि.स. वडा न.७ क | ३४३ | ०-३-१६ | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. १०००/- |
| | | ४५६ | ०-०-५.५ | | |
| | | ४५८ | ०-१-१४.५ | | |

३. ऋणीको नाम : अजय कुमार झा र निलम देवी झा, ठेगाना : साबिक छिन्नमस्ता - १, सप्तरी

| जग्गाधनीको नाम | सुरक्षणको विवरण: ठेगाना | कि. नं. | क्षेत्रफल (विगाहा) | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| नीलम देवी झा | सप्तरी जिल्ला, साबिक बोरीया-६ | १८३० | ०-३-१७-० | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु.१०००/– |

**महाराजगंज शाखा**

१. ऋणीको नाम : सफल वस्त्रालय प्रा.लि, सञ्चालक : श्रीहरि थापा, ठेगाना : वार्ड नं. २४, वटु, काठमाडौं

| जग्गाधनीको नाम | सुरक्षणको विवरण: ठेगाना | कि.नं. | क्षेत्रफल (व.मी.) | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| श्रीहरि थापा | काठमाडौं जिल्ला, गोठाटार-८ | १०६६ | २५४.४० | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु.५०००/– |

२. ऋणीको नाम : गंगा न्यौपाने/दिपेश न्यौपाने, ठेगाना : साबिक धापासी–९, काठमाडौं

| जग्गाधनीको नाम | सुरक्षणको विवरण: ठेगाना | कि.नं. | क्षेत्रफल (व.मी.) | कैफियत | फाराम दस्तुर |
|---|---|---|---|---|---|
| गंगा न्यौपाने | काठमाडौं जिल्ला, का.म.न.पा-३ | ५०७ | १२७.१६ | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु.३,०००/– |

**खाँदवारी शाखा**

१. ऋणीको नाम : क) जेनिशा स्टोर्स एण्ड सप्लायर्स, प्रोप्राईटर : हिरा कुमार गुरुङ्ग, ठेगाना : खाँदबारी–०३, संखुवासभा
ख) अम्बीका गुरुङ्ग/हिरा कुमार गुरुङ्ग, ठेगाना : मत्स्यपोखरी–४, संखुवासभा

| जग्गाधनीको नाम | सुरक्षणको विवरण: ठेगाना | कि.नं. | क्षेत्रफल (व.मि.) | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| अम्बीका गुरुङ्ग | संखुवासभा जिल्ला, साबिक मनकामना–३ | १४७३ | १९० | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु.५०००/– |

२. ऋणीको नाम : क) कोशी हार्डवेयर एण्ड सप्लायर्स, प्रोप्राईटर : बिजय कालधन, ठेगाना : खाँदबारी–९, संखुवासभा
ख) बिजय कालधन/लोकेन्द्र बहादुर तामाङ्ग, ठेगाना : तुम्लिङटार–४, संखुवासभा

| जग्गाधनीको नाम | सुरक्षणको विवरण: ठेगाना | कि.नं. | क्षेत्रफल (व.मी.) | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| गंगा बहादुर तामाङ्ग | संखुवासभा जिल्ला, साबिक मनकामना–७ | ११४५ | ५८७० | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु.५०००/– |
| | | १४७३ | ५१८१ | | |
| लोकेन्द्र बहादुर तामाङ्ग | संखुवासभा जिल्ला, साबिक मनकामना–७ | २३१३ | ४४०५ | | रु.५०००/– |

**गौशाला शाखा**

कर्जा भएको शाखाः गौशाला शाखा, शिल्ड टेण्डर बुझाउने शाखा : प्र.का. कर्जा असुली बिभाग वा गौशाला शाखा

१. ऋणीहरूको नाम : क) सोनामाई फिक्स इट्टा उद्योग, प्रोप्राईटर : नितु कुमारी यादव, ठेगाना : सोनमा-५, महोत्तरी
ख) डि.फार्म हाउस प्रा.लि., सञ्चालकः देवेन्द्र कु. यादव/संगिता मल्ल, ठेगाना : सोनमा-२, महोत्तरी

| जग्गाधनीको नाम | सुरक्षणको विवरण: ठेगाना | कि.नं. | क्षेत्रफल | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| देबेन्द्र कुमार यादव | काठमाडौं जिल्ला, महांकाल-५ | ५८ | ७६३.५० व.मि. | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु.५०००/- |
| | | १२७ | ११५.०० व.मि. | | |
| | | १४५ | १४३.२५ व.मि. | | |
| | सर्लाही जिल्ला, हरिवन-६ज | २३६ | ०-१-० विगाहा | | रु.५०००/- |
| | | १३१ | ०-०-७ विगाहा | | |
| | | १६१ | ०-१-० विगाहा | | |
| | | १३२ | ०-१-१३ विगाहा | | |

**सिरहा शाखा**

१. ऋणीको नाम : महतो फ्यूल सेन्टर, प्रोप्राईटर : मनराज महतो, ठेगाना : लक्ष्मीपुर प्र.म.–३, सिरहा

| जग्गाधनीको नाम | सुरक्षणको विवरण: ठेगाना | कि.नं. | क्षेत्रफल (विगाहा) | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| मनराज महतो | सिरहा जिल्ला, साबिक लक्ष्मिपुर प्र.म-३ | २९३ | ०-८-० | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु.५०००/– |
| रामपरी कोइरीन | सिरहा जिल्ला, साबिक लक्ष्मिपुर प्र.म-३ | ४८९ | ०-२-५-२ | | रु.३०००/– |
| | | ४९१ | ०-०-१-१४ | | |
| इन्द्रदेव महतो | सिरहा जिल्ला, साबिक लक्ष्मिपुर प्र.म-३ | ४९४ | ०-०-६-१० | | रु.१०००/– |
| | | ४९७ | ०-०-२-११ | | |

२. ऋणीको नाम : जितु बस्त्रालय, प्रोप्राईटर : विनोद कुमार यादव, ठेगाना : विष्णुपुर प्र.म.–६, सिरहा

| जग्गाधनीको विवरण | सुरक्षण विवरण: ठेगाना | कि.नं | क्षेत्रफल (विगाहा) | कैफियत | फारम दस्तूर |
|---|---|---|---|---|---|
| बिन्देश्वर यादव | सिरहा जिल्ला, साबिक विष्णुपुर प्र.म.-९ | ३४०४ | ०-०-६.५ | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. १००० |
| | | ३७९५ | ०-०-३ | | |
| राज लाल यादब | सिरहा जिल्ला, साबिक विष्णुपुर प्र.म.-६ख | ३२९७ | ०-१-५ 1/4 | | रु. १००० |
| सोमिन्दा यादब | सिरहा जिल्ला, साबिक विष्णुपुर प्र.म.-६ख | ३३७५ | ०-०-१० | | रु. १००० |

**आदर्शनगर शाखा**

१. ऋणीको नाम : श्याम होटल, प्रोप्राईटरः श्याम बाबु साह, ठेगाना : साबिक बहुअरी-७, बारा

| जग्गाधनीको विवरण | सूरक्षण विवरण: ठेगाना | कि.नं | क्षेत्रफल (विगाहा) | कैफियत | फारम दस्तूर |
|---|---|---|---|---|---|
| पुनम देबी साह कानु | बारा जिल्ला, साबिक बहुअरी–१ | १४७६ | ०-१-० | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ३००० |


# कतारबाट विमान उपहार लिने ट्रम्पको निर्णय विवादमा



कतारले अमेरिकी राष्ट्रपतिको औपचारिक प्रयोगका लागि 'बोइङ ७४७-८' उपहार दिने भएपछि अमेरिकी राजनीति तरंगित भएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नयाँ बोइङ विमान नआउँदासम्म उक्त विमान अस्थायी रूपमा प्रयोग गरिने बताएका छन् । अमेरिकी पत्रिका 'द हिल'का अनुसार कतारको शाही परिवारले संयुक्त राज्य अमेरिकालाई उपहार दिन लागेको विमानको मूल्य ४० करोड अमेरिकी डलरजति पर्छ । यदि स्विकारियो भने यो अमेरिकी सरकारलाई विदेशको कुनै सरकारले दिएको सबैभन्दा महँगो उपहार हुनेछ ।

बोइङ विमान स्वीकार गर्ने समाचार बाहिरिएपछि विपक्षी डेमोक्र्याटिक पार्टी र नियमनकर्ताले सामाजिक सञ्जालमार्फत निर्णयप्रति आश्चर्य व्यक्त गर्दै आलोचना गरेका छन् । केहीले यो उपहारले देशको संविधान उल्लंघन हुने उल्लेख गरेका छन् । अमेरिकी संविधानको धारा एक, खण्ड ९ र दफा ८ ले 'सरकारी पदधारकलाई कुनै पनि प्रकारको पहार लिन' बन्देज लगाएको छ । ट्रम्पले भने बोइङ ७४७ आफूलाई नभएर अमेरिकी वायु सेना/रक्षा मन्त्रालयलाई दिइन लागेको बताएका छन् ।

संविधानप्रतिकूल कदमका अतिरिक्त विदेशी सरकारबाट यति ठुलो उपहार लिएपछि राष्ट्रपति सो देशका सरकारप्रति अनुग्रहित हुने पनि चिन्ता केहीले व्यक्त गरेका छन् । यसले देशका नीति कार्यान्वयन वा सो देशको सरकारसँगको सम्झौतामा प्रभावित हुने तिनले चेतावनी दिएका छन् ।

राष्ट्रपति ट्रम्पले भने विमान उपहार लिने आफ्नो निर्णयको बचाउ गर्दै उपहार स्विकार्दा करोडौँ डलर जोगिने बताउँदै जोगिएको रकमलाई 'अमेरिकालाई फेरि महान् बनाउन' खर्च गरिने बताए । ट्रम्पले सामाजिक सञ्जाल ट्रुथ सोसलमा एक पोस्ट सेयर गर्दै अमेरिकी रक्षा मन्त्रालयका लागि माग भएका बोइङ जेटको डेलिभरी धेरै ढिलो हुने देखिएकाले यसले ढिलाइको पूर्ति गर्ने बताएका छन् । 'यो उपहार हामीले वर्षौंदेखि प्रतिरक्षा गर्दै आएको एउटा राष्ट्र कतारद्वारा अमेरिकालाई दिइएको उपहार हो । यसलाई हाम्रो सरकारले नयाँ बोइङहरू नआउँदासम्म अस्थायी एयर फोर्स वनको रूपमा प्रयोग गर्नेछ,' ट्रम्पले लेखेका छन्, 'राम्रो कामका लागि कसैले इनाम दिन चाहन्छ भने त्यो नस्विकार्नु मूर्खता मात्र हो ।' ह्वाइट हाउसकी प्रेस सचिव कारोलिन लेभिटले सरकारले पाएको चन्दा वा उपहार कानुनको पूर्ण पालना गर्दै स्विकारिने बताइन् ।

*- एजेन्सी*

# हसिनाका छोराले लिए अमेरिकी नागरिकता



**ढाका/** बंगलादेशकी पूर्वप्रधानमन्त्री सेख हसिनाका छोरा सजीव वाजेद जोयले अमेरिकी नागरिकता लिएको बताइएको छ । ५३ वर्षीय जोयले वासिंटन डिसीमा अमेरिकी नागरिकताको शपथ लिएको र शनिबार आफ्नो नागरिकता प्रमाणपत्र प्राप्त गरेको बंगलादेशी दैनिक पत्रिका 'बंगलादेश प्रतिदिन'ले लेखेको छ । 'सजीव वाजेद जोयले वासिंटन डिसीस्थित अमेरिकी नागरिकता केन्द्रमा अमेरिकी नागरिकताको शपथ लिए । शनिबार मात्रै उनले अमेरिकी नागरिकताको प्रमाणपत्र पाए । प्रमाणपत्र पाएपछि जोयले पासपोर्टका लागि पनि आवेदन दिए,' बंगलादेश प्रतिदिनले लेखेको छ, 'त्यस शपथग्रहण समारोहमा जोयका साथमा विभिन्न देशका २२ व्यक्तिले अमेरिकाप्रतिको समर्पणको शपथ लिएका थिए । २२ मध्ये जोयसहित तीनजना बंगलादेशी मूलका थिए ।'

अबामी लिगका नेता एवं पूर्वसूचना राज्यमन्त्री मुहम्मद अली अराफातका अनुसार जोयको बंगलादेशी पासपोर्ट युनुसको सरकारले रद्द गरिदिएपछि अमेरिकी पासपोर्ट लिन बाध्य भए ।

# इतिहासमा आज

मे १६




**सन् १९७५ :** भारतका राष्ट्रपतिद्वारा हिमाली राज्य सिक्किममाथिको कब्जालाई अनुमोदन

**सन् १९२० :** सय वर्षीय युद्धमा फ्रान्सको तर्फबाट लडेर किशोर उमेरमै सहादत प्राप्त गरेकी जोन अफ आर्कलाई भ्याटिकनले सन्त घोषित गऱ्यो ।

**सन् १९२९ :** पहिलो एकेडेमी अवार्ड (ओस्कार) पुरस्कार वितरण सम्पन्न भयो । 'विङ्स' उत्कृष्ट फिल्म बन्यो ।

**सन् १९७५ :** जापानी नागरिक जुन्को ताबेई सफल सगरमाथा आरोहण गरेर सो सफलता हासिल गर्ने ३६औँ व्यक्ति र पहिलो महिला बनिन् ।

**सन् १९८९ :** सोभियत नेता मिखाइल गोर्बाचेभ र चिनियाँ नेता देङ सियाओ पिङबिच बेइजिङमा भेटवार्ता भएसँगै दुई देशबिच तीस वर्षदेखि कायम तिक्त सम्बन्ध औपचारिक रूपमा अन्त्य भयो ।


**विर्तामोड शाखा**

१. ऋणीको नाम : महादेव ईन्टरप्राईजेज, साझेदारः भानु प्रसाद शिवाकोटी/खगेन्द्र खरेल, ठेगाना : विर्तामोड–४, झापा

| जग्गाधनीको विवरण | सूरक्षण विवरण: ठेगाना | कि.नं | क्षेत्रफल(विगाहा) | कैफियत | फारम दस्तूर |
|---|---|---|---|---|---|
| भानु प्रसाद शिवाकोटी | झापा जिल्ला, साबिक चारपाने–१ | ११७६ | ०-०-१० | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु.५००० |
| | | १४६३ | ०-०-१८.७५ | | |
| | | १४६४ | ०-०-१.२५ | | |
| लिला शिवाकोटी | झापा जिल्ला, साबिक चारपाने–१ | १४६१ | ०-१-० | | रु.५००० |

२. ऋणीको नाम : मनकामना हार्डवेयर, प्रोप्राईटरः विकी शाह रौनियार, ठेगाना : विर्तामोड–४, झापा

| जग्गाधनीको नाम | सुरक्षणको विवरण: ठेगाना | कि.नं. | क्षेत्रफल ( व.मी.) | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| किरन साह रौनियार | झापा जिल्ला, साबिक अनारमनी–४ | १२४ | ००१०१.५८ | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु.५०००/– |
| | | १२५ | ००३०४.७६ | | |
| | झापा जिल्ला, साबिक गरामनी–८ | ३३२ | ३३८.६३ | | |
| | झापा जिल्ला, साबिक अनारमनी–२ | २२०० | २३७.१० | | रु.१०००/– |
| विकी शाह रौनियार | झापा जिल्ला, साबिक भद्रपुर–८ | २८९ | २१५.८६ | | रु.१०००/– |
| | झापा जिल्ला, अनारमनी–४ | ४४४ | ३४०.०० | | रु.१०००/– |
| किरन साह रौनियार | झापा जिल्ला, साबिक चारपाने-१ | १८०५१ | ३३८.६४ | | रु.१०००/– |

**भेडासिं शाखा**

कर्जा भएको शाखा : भेडासिं शाखा, शिल्ड टेण्डर बुझाउने शाखा : भेडासिं शाखा/पाँचखाल शाखा/दमक शाखा

१. ऋणीको नाम : सिटी इन्टरप्राइजेज प्रा.लि, संचालकः सुश्री पुष्पा कुमारी रिजाल, ठेगानाः साबिक काठमाडौं–३२, काठमाडौं

| जग्गाधनीको नाम | सुरक्षणको विवरण: ठेगाना | कि. नं. | क्षेत्रफल (रोपनी) | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| सिटी इन्टरप्राइजेज प्रा.लि. | काभ्रेपलान्चोक जिल्ला, साबिक पांचखाल–२ | ७८२ | ५-८-३-२ | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु.५०००/– |
| | | ७८१ | ५-८-०-० | | |
| | | ७८३ | ५-१२-०-३ | | |
| | | ७८५ | ४-१३-०-० | | |
| | | १४१ | ७-६-१-० | | |
| | | १४३ | १-१२-०-० | | |
| | | ७८४ | ५-१२-०-२ | | |
| | | १०९९ | २-४-२-० | | |
| | | ११०१ | १-५-२-० | | |
| रघुनाथ पौडेल | झापा जिल्ला, साबिक तोपगांछी–५/घ | ४७०१ | ०-१-०-० विगाहा | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. १०००/– |

**नोट :** सिटी ईन्टरप्राईजेज प्रा.लि.को नाममा रहेको कि.न.७८२, ७८१, ७८३, ७८५, १४१, १४३, ७८४, १०९९ र ११०१ को शिल्ड टेण्डर पांचखाल शाखा वा भेडासिं शाखामा तथा रघुनाथ पौडेलको नाममा रहेको कि.न. ४७०१ को शिल्ड टेण्डर दमक शाखा वा भेडासिं शाखामा बुझाउनु पर्नेछ ।

**भद्रपुर शाखा**

१. ऋणीको नाम : श्यामिला आइरन एण्ड स्टील इण्डष्ट्रीज प्रा.लि., सञ्चालक : भुपेन्द्र कुमार सिंह/निलम सिंह, ठेगाना : भद्रपुर ७, झापा

| जग्गाधनीको नाम | सुरक्षणको विवरण: ठेगाना | कि.नं. | क्षेत्रफल (विगाहा) | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| भुपेन्द्र कुमार सिंह | झापा जिल्ला, साबिक महेशपुर ७ | ६४ | ३-१९-५ | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५०००/– |

**सिद्धार्थनगर शाखा**

१. ऋणीको नाम : क) भण्डारी कृषि फार्म, प्रोप्राईटरः शोभा कोईराला, ठेगाना : साबिक प.अमवा-२, रुपन्देही
ख) शोभा कोईराला, ठेगाना : साबिक प.अमवा-२, रुपन्देही

| जग्गाधनीको नाम | सुरक्षणको विवरण: ठेगाना | कि.नं. | क्षेत्रफल (विगाहा) | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| लिल बहादुर भण्डारी | रुपन्देही जिल्ला, साबिक आ.अमवा–२/ख | ९५३ | ०-१-१७ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५०००/– |
| | | ९५६ | ०-१६-३ | | |

२. ऋणीको नाम : प्रगति रत्न गुभाजु र लक्ष्मी देवी गुवाजु, ठेगाना : बुटवल उप महानगरपालिका-११, रुपन्देही

| जग्गाधनीको नाम | सुरक्षणको विवरण: ठेगाना | कि.नं. | क्षेत्रफल (व.मी.) | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| लक्ष्मी देवी गुवाज | रुपन्देही जिल्ला, साबिक बुटवल नगरपालिका–९ | १२३८४ | २५.३९ | जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. १०००/– |
| | | १२३८६ | ६३.४९ | | |

३. ऋणीको नाम : श्री तिलक इन्टरनेशनल, साझेदार : सन्जीव श्रेष्ठ ठेगाना : बु.उ.म.न.पा.-८, रुपन्देही

| जग्गाधनीको नाम | सुरक्षणको विवरण: ठेगाना | कि.नं. | क्षेत्रफल (विगाहा) | कैफियत | फाराम दस्तूर |
|---|---|---|---|---|---|
| मनु श्रेष्ठ | रुपन्देही जिल्ला, साबिक मधवलिया - ७/ख | ६६८ | ०-०-३-० | जग्गा/घर तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत | रु. ५०००/– |
| | | ६७१ | ०-०-६-० | | |
| रमेश श्रेष्ठ | रुपन्देही जिल्ला, साबिक मधवलिया - ७/ख | ६७० | ०-०-६.७५ | | |
| | | ६७३ | [illegible] | | |
| | | ७८७ | [illegible] | | |


Scanned with CamScanner

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २ जेठ ०८२

# निजीकरण गर्न चल्दा-चल्दैका दुई सरकारी सिमेन्ट उद्योग बन्द

१५ वैशाखको मन्त्रिपरिषद् बैठकले निजीकरण गर्ने निर्णय गरेको पाँच दिनपछि हेटौँडा सिमेन्टको प्लान्ट बन्द, आइतबारदेखि उदयपुर सिमेन्ट पनि ठप्प


हेटौँडा सिमेन्टको गोदाममा ५६ हजार बोरा मौज्दात


१५ दिनमा उदयपुरद्वारा सात करोडको सिमेन्ट उत्पादन

मकवानपुरमा **पोष्टराज अधिकारी**
उदयपुरमा **विदुर कटुवाल**

चलिरहेका दुई सरकारी सिमेन्ट उद्योगलाई १५ वैशाखको मन्त्रिपरिषद् बैठकले निजीकरण गर्ने निर्णय गरेपछि अहिले बन्द गरिएको छ। निजीकरण गर्ने सरकारी निर्णयलाई सघाउ पुऱ्याउन व्यवस्थापनले उदयपुर र हेटौँडा सिमेन्ट उद्योग बन्द गराएका हुन्।

मन्त्रिपरिषद् बैठकले निजीकरण गर्ने निर्णय लिएको पाँच दिनपछि २० वैशाखमै हेटौँडा सिमेन्ट बन्द गरिएको थियो भने उदयपुर सिमेन्ट उद्योगले मौज्दातमा रहेको कोइला सकेर आइतबारदेखि उत्पादन रोकेको छ। क्लिंकर उत्पादन रोकेका दुवै उद्योगले अहिले सिमेन्ट बिक्रीका लागि उद्योग खुला राखेको जनाएका छन्।

उदयपुर सिमेन्टका निमित्त महाप्रबन्धक महेशप्रसाद साहले कोइला अभावका कारण उद्योग बन्द गरेको जानकारी दिए। १५ दिन चलेको उद्योगले सात करोड मूल्यको सिमेन्ट उत्पादन गरेको बताए। '१५ दिन चलेर चार हजार आठ सय मेट्रिकटन सिमेन्ट उत्पादन गरी कोइला अभावमा उद्योग बन्द भएको हो,' उनले भने। उदयपुर सिमेन्टलाई व्यवस्थापकीय रूपमा कमजोर बनाउन सरकारले करिब दुई वर्षदेखि महाप्रबन्धकसमेत नियुक्त गरेको छैन। २५ जेठ ०८० मा तत्कालीन महाप्रबन्धक गोपीकृष्ण न्यौपानेले राजीनामा दिएयता साहले निमित्त जिम्मेवारी पाइरहेका छन्।

साहले तुरुन्तै कोइला किन्ने पैसा अभाव भएकाले उद्योग बन्द गरेको जिकिर गरेका छन्। तर, दैनिक खपतका आधारमा कोइला अभाव नहुने गरी किनेर मौज्दात राख्ने विगतको अभ्यास थियो। यसपटक उद्योग बन्द गराउने नियत राखेरै कोइलाको मौज्दात सकाएको स्रोतको भनाइ छ।

साहले सरकारबाट प्राप्त गरेको १६ करोड ऋणबाट मर्मत गरी उद्योग चलाएको र ६ करोड रुपैयाँ बाँकी रहेको जानकारी दिए। 'मर्मतपछि नियमित रूपमा सिमेन्ट उत्पादन गर्ने क्षमता विकास भएको छ,' साहले भने, 'तर, निजीकरण गर्ने सरकारको तयारी छ। यसबिचमा कोइला नै अभावका कारण बन्द गर्नुपर्ने बाध्यता पनि भयो।' केही नीतिगत र आर्थिक सहयोग गरे उद्योग निजीकरण नगरी पूर्ण क्षमतामा चलाउन सक्ने साहको दाबी छ। 'उद्योग कुन र कस्तो मोडालिटीमा निजीकरण हुने हो भनेर काम गर्न पनि हतोत्साहित भइरहेको स्थिति छ। उद्योगको सम्पत्तिको मूल्यांकन कसरी हुन्छ भन्ने कुराको अन्योल भएको छ।'

हेटौँडा सिमेन्ट पनि १० दिनअघिबाटै बन्द छ। उद्योगमन्त्री दामोदर भण्डारीले आफूअनुकूलको निर्णय गराउन उद्योगको अध्यक्षमा नरेन्द्र भण्डारीलाई नियुक्त गरेका छन्। चैत अन्तिम साताबाट सञ्चालनमा आएको उद्योगको क्लिंकर उत्पादन गरेर तयारी सिमेन्ट बोरामा प्याकेजिङ गर्ने र ढुंगा क्रसिङ गर्ने काम मात्रै भइरहेको निमित्त प्रबन्धक नवीन कर्णले जानकारी दिए।

'उद्योगको किल १० दिनदेखि बन्द छ। मर्मतको काम चलिरहेकाले एक-दुई दिनभित्रमै किल सञ्चालनमा आउँछ,' उनले भने, 'ढुंगा क्रसिङ र प्याकेजिङको काम भने चलिरहेको छ।' उत्पादन बन्द गरिएको उद्योगमा ५६ हजार बोरा सिमेन्ट मौज्दात रहेको र बिक्रीबाट प्राप्त रकमले तत्काललाई उद्योग सञ्चालन खर्च व्यवस्था गर्ने उनले जानकारी दिए।

बागमतीका मुख्यमन्त्री भन्छन्-

## प्रदेशलाई जिम्मेवारी दिए निजीकरण हुन दिन्नौँ, नाफामा जाने गरी आफैँ चलाउँछौँ



बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले निजीकरणको सूचीमा परेको हेटौँडा सिमेन्ट उद्योग र जीर्ण रहेको हेटौँडा कपडा उद्योगको स्वामित्व प्रदेशलाई दिए नाफामा चलाएर देखाउने बताएका छन्। हेटौँडामा आयोजित 'मुख्यमन्त्रीसँग युवा संवाद' कार्यक्रममा बोल्दै उनले भने, 'हेटौँडा सिमेन्ट र कपडा उद्योग प्रदेश सरकारलाई चलाउन दिइयो भने दुई वर्षमै नाफामा लैजान सक्छौँ। यस विषयमा हामीले अध्ययन, अनुगमन गरिसकेका छौँ,' उनले भने। उनले संघीय सरकारको गलत मानसिकताले सरकारी उद्योगहरू रुग्ण अवस्थामा पुगेको आरोप पनि लगाए। प्रदेशमा उपलब्ध जनशक्ति र स्रोतका भरमा दुवै उद्योगलाई पुनः सञ्चालन गर्न सक्ने क्षमता भए पनि अधिकार नदिएको उनले गुनासो गरे।

# झापामा पाइपलाइनमार्फत हजार घरमा बायोग्यास जडान गरिँदै

प्रधानमन्त्री केपी ओलीको 'घर-घरमा पाइपलाइनबाट ग्यास' योजना कार्यान्वयन गर्न आयल निगम अग्रसर, विकसित देशमा प्रयोग भइरहेको 'सिटी ग्यास पाइपलाइन' जडानका लागि काठमाडौं विश्वविद्यालयमार्फत अध्ययन हुने

**अजित अधिकारी**/नयाँ पत्रिका

झापाको कन्काई- २, सुकेडाँडामा उत्पादन भएको बायोग्यास पाइपलाइनमार्फत सुरुंगा बजारसहित आसपासका एक हजार घरमा पुऱ्याइने भएको छ। प्रधानमन्त्री केपी ओलीको निर्देशनपछि आयल निगमले घर-घरमा पाइपलाइनमार्फत ग्यास वितरण गर्ने कार्यमा लगानी गर्ने गरी अध्ययन अघि बढाएको हो।

आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले प्रधानमन्त्री ओलीले बालुवाटार बोलाएर झापामा उत्पादन भइरहेको बायोग्यासलाई पाइपलाइनमार्फत स्थानीयको घरमा लैजाने व्यवस्था गर्न निर्देशन दिएलगत्तै अध्ययन अघि बढाएको बताए। 'आवश्यक पूर्वाधार नहुँदा झापामा उत्पादित बायोग्यास खेर गइरहेको रहेछ,' भट्टले भने, 'त्यसैले पाइपलाइनमार्फत स्थानीयका घरमा बायोग्यास वितरणका लागि हामीले अध्ययन अघि बढाएका छौँ।'

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको आर्थिक तथा प्राविधिक सहयोगमा ०७५ देखि निर्माण थालिएको प्लान्टबाट तीन वर्षअघिदेखि नै बायोग्यास उत्पादन भइरहेको छ। प्लान्टमा उत्पादित ग्यास पाइपलाइनमार्फत घरमा पुऱ्याउन करिब सात करोड रुपैयाँ लाग्ने आयल निगमको प्रारम्भिक अनुमान छ। झापास्थित प्लान्ट अध्ययन गरेर फर्किएका निगमका उपनिर्देशक प्रदीप यादवले काठमाडौं विश्वविद्यालयलाई पाइपलाइनमार्फत बायोग्यास जडानको जिम्मेवारी दिन लागिएको बताए।

'पाइपलाइनसहितको पूर्वाधारमा लाग्ने खर्च निगमले व्यहोर्नेछ। तर, आवश्यक अध्ययन गरेर उचित किसिमको पाइपलाइन जडानको काम काठमाडौं विश्वविद्यालयको टिमलाई दिने विषयमा गृहकार्य गरिरहेका छौँ,' यादवले भने। केयूको टोलीले निगमले बिहीबार दिउँसो एक चरण छलफलसमेत गरिसकेको छ।

उनका अनुसार सुरुंगा बजारसहितका घरमा 'सिटी ग्यास पाइपलाइन' जडान हुनेछ। विभिन्न देशमा जडान भएका यस्ता पूर्वाधारको अध्ययनसमेत गरेर झापामा काम थालिने उनले जानकारी दिए। 'फोहोरमैलाको व्यवस्थापन, जैविक मल उत्पादन र वार्षिक अर्बौंको एलपी ग्यास आयातमा भइरहेको घाटा न्यूनीकरणका लागि पनि बायोग्यासको प्रयोग बढाउनु जरुरी छ,' उनले भने। निगमका कार्यकारी निर्देशक भट्टले अध्ययनपश्चात् पाइपलाइनमार्फत बायोग्यास वितरण सम्भव देखिए सञ्चालक समिति बैठकबाट निर्णय गराएर काम थाल्ने योजना रहेको बताए।


कन्काई- २, सुकेडाँगीमा निर्माण गरिएको बायोग्यास प्लान्ट

## ■ २३ वैशाखमा बालुवाटार बोलाएर प्रधानमन्त्री ओलीले दिएका थिए निर्देशन



२३ वैशाखमा प्रधानमन्त्री केपी ओलीले आयल निगमलाई झापामा उत्पादित बायोग्यासलाई पाइपलाइनमार्फत घर-घरमा पुऱ्याउने कामको जिम्मा लिन निर्देशन दिएका थिए। प्रधानमन्त्री ओलीले उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, मन्त्रालयका दुई सचिव कृष्णबहादुर राउत र गोविन्दबहादुर कार्की, आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्ट, उपनिर्देशक प्रदीप यादवलगायतलाई बोलाएर छलफल गरेका थिए।

सो छलफलमा झापामा बायोग्यास उत्पादन भएको, तर पाइपमार्फत लैजान समस्या भएकाले अध्ययन गरेर निकास निकाल्न प्रधानमन्त्री ओलीले निर्देशन दिएको निगमका कार्यकारी निर्देशक भट्टले जानकारी दिए। 'प्रधानमन्त्रीज्यूले अध्ययन र लगानी जे गर्नुपर्ने हो, गर्नुस् र बायोग्यासलाई पाइपमार्फत घरमा लैजाने व्यवस्था मिलाउनुस् भनेर निर्देशन दिनुभएको थियो,' उनले भने। त्यसपछि उपनिर्देशक यादवको नेतृत्वमा निगमले झापा पुगेर बायोग्यास प्लानको निरीक्षणसमेत गरेर फर्किसकेको उनले जानकारी दिए।निगमले टोलीले एक साताभित्रै प्रधानमन्त्री ओलीसमक्ष सिटी ग्यास पाइपलाइनको अवधारणाअनुसार परियोजना अघि बढाउन कार्ययोजना पेस गर्ने भएको छ।

## पूर्वाधार नहुँदा खेर गइरहेको छ बायोग्यास

पाइपलाइनमार्फत घर-घरमा बायोग्यास पुऱ्याउने उद्देश्यले प्लान्ट स्थापना भए पनि पूर्वाधार तयार हुन सकेको छैन। जसकारण ५० किलो तौलको सिलिन्डरमा ६ किलो ग्यास भरेर स्थानीय एक होटेलमा मात्रै बायोग्यास खपत भइरहेको छ। प्लान्टको दैनिक उत्पादन क्षमता ६ सय ५० किलो भए पनि पूर्ण क्षमता उपयोग हुन सकेको छैन।

आयल निगमका तर्फबाट अध्ययन टोलीमा खटिएका उपनिर्देशक प्रदीप यादवका अनुसार एलपी ग्यासको तुलनामा धेरै चापमा राख्नुपर्ने भएकाले तुलनात्मक रूपमा ठुलो सिलिन्डरमा थोरै बायोग्यास भर्नुपर्ने बाध्यता छ। 'ठुलो सिलिन्डर ढुवानीमा समस्या हुन्छ। त्यसैले पाइपलाइनमार्फत नै घरको चुलोसम्म बायोग्यास ढुवानी गर्नु सबैभन्दा उत्तम विकल्प हुने प्रारम्भिक अध्ययनमा देखिएको छ,' उनले भने।

## तीन नगरपालिकाको फोहोर व्यवस्थापन

स्थानीय तीन नगरपालिका कन्काई, बिर्तामोड र अर्जुनधाराको फोहोर र पशुको गोबरको प्रयोगबाट बायोग्यास उत्पादन भइरहेको छ। कन्काई नगरपालिका प्रमुख राजेन्द्रकुमार पोखेलले एक हजार घरमा पाइपलाइनमार्फत बायोग्यास वितरण गर्ने क्षमताको प्लान्ट बने पनि उपयोग गर्न नसकिएको बताए। उनले तीनवटा नगरपालिकामा रहेको कुहिने फोहोर व्यवस्थापन हुने भएकाले परियोजनालाई तीव्र गतिमा अघि बढाउनु जरुरी रहेको बताए। 'बिर्तामोड र कन्काईको कृषि बजारबाट निस्केको फोहोरलाई अहिले बायोग्यास प्लान्टमा उपयोग गरिरहेको स्थिति छ,' उनले भने, 'खपत बढ्ने हो भने तीनवटा नगरपालिकाको सबै फोहोर व्यवस्थापन हुने र घर-घरमा पाइपबाटै ग्यास लैजान सक्ने अवस्था पनि हुन्छ।' उनले स्थानीय बासिन्दाको लागत सहभागितामा परियोजना अघि बढेको बताए।




## पेट्रोलमा एक र डिजेल-मट्टीतेलमा तीन रुपैयाँ घट्यो

**काठमाडौं**/ नेपाल आयल निगम लिमिटेडले बिहीबार रातिबाट लागू हुने गरी पेट्रोल एक र डिजेल तथा मट्टीतेल तीन रुपैयाँ प्रतिलिटरका दरले घटाएको छ। मूल्य घटाएपछि काठमाडौं उपत्यकामा पेट्रोल एक सय ५७ रुपैयाँ र डिजेल तथा मट्टीतेल एक सय ४२ रुपैयाँ कायम भएको छ। इन्डियन आयल कर्पोरेसनले बिहीबार दिउँसो मूल्य घटाएर पठाएका कारण नेपाली बजारमा पनि समायोजन गरेको हो।


## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशन मिति २०८२।०२।०२ गते)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामादिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ

**तपशिल**

**धितो लिलाम बिक्री हुने मिति : २०८२ साल असार महिना ८ गते आइताबार दिनको १२ देखि ३ बजे सम्म**

**सम्बन्धित कार्यालय : कृषि विकास बैंक लि.शाखा कार्यालय, डुम्रे । लिलाम हुने स्थान/कार्यालय : कृषि विकास बैंक लि.शाखा कार्यालय दमौली, तनहुँ ।**

**ग्राहकको विवरण**

**सम्बन्धित कार्यालय : कृषि विकास बैंक लि.शाखा कार्यालय, डुम्रे । लिलाम हुने स्थान/कार्यालय : कृषि विकास बैंक लि.शाखा कार्यालय दमौली, तनहुँ ।**

**१) ग्राहकको नाम : एरोज किराना पसल**

दर्ता भएको कार्यालयः नेपाल सरकार बाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, मुख्य शाखा कार्यालय दमौली, तनहुँ
फर्मको दर्ता नं. : २३३६/०७०/०७१ दर्ता मितिः २०७०/०७/१०, पान नं. : ६०१५१७९४९

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| व्यापार | यशोदा धिताल | तनहुँ | दोरदोर | ५ ज | ९५१ | ०-३-०-० |

**प्रोप्राईटरको विवरणः**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| यशोदा धिताल | भानु- ५, तनहुँ | ५७५२० | लमजुङ , २०६२/१०/१८ जिल्ला प्रशासन कार्यालय | विकास धिताल | प्रेम बहादुर |

**२) ग्राहकको नाम : न्यूँ सरिता टेलर्स**

दर्ता भएको कार्यालय : नेपाल सरकार उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय तनहुँ।
फर्मको दर्ता नं. : ५०९९/०७३/७४ दर्ता मितिः २०७३/०४/१६, पान नं. : ६०४८९१३४५

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल (रोपनीमा) |
|---|---|---|---|---|---|---|
| घरेलु उद्योग संचालन | राजु वि.क. | तनहुँ | बन्दिपुर | ४ | ७३८ | ४-०-०-० |

**प्रोप्राईटरको विवरणः**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| सरिता विश्वकर्मा | वन्दिपुर- ४ तनहुँ | ४३१०२८/११४०२१ | तनहुँ/२०६५/१२/१३/ जिल्ला प्रशासन कार्यालय | राजु वि.क. | दधिराम विश्वकर्मा |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| राजु वि.क. | वन्दिपुर- ४, तनहुँ। | २२६८८ | तनहुँ/२०५४/१२/२०, जिल्ला प्रशासन कार्यालय | दधिराम विश्वकर्मा | मनीराम |

**३) ग्राहकको नाम : निरमाया सुनचाँदी उद्योग**

दर्ता भएको कार्यालयः नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय तनहुँ।
फर्मको दर्ता नं.: ३२६९/०६९/०७० तनहुँ, दर्ता मितिः २०६९/०८/०८ पान नं. : ६००७५०८९५

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल (रोपनीमा) |
|---|---|---|---|---|---|---|
| व्यापार | देव प्रसाद विश्वकर्मा | तनहुँ | वन्दिपुर | ४ | ७४३ | ५-२-२-० |

**प्रोप्राईटरको विवरणः**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| निरमाया विश्वकर्मा | बन्दीपुर- ४, तनहूँ | ४९८५५ | चितवन/२०४४/०३/०२/जिल्ला प्रशासन कार्यालय | देव प्रसाद विश्वकर्मा | दधिलाल विश्वकर्मा |

**व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः**

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| देव प्रसाद विश्वकर्मा | वन्दिपुर- १, तनहुँ | ६९९६ | तनहुँ/२०३७/०३/०१ जिल्ला प्रशासन कार्यालय | दधिलाल विश्वकर्मा | मन्धरे |

**४) ग्राहकको नाम : रुद्रराज खनाल**

ना.प्र.नं. २४५/११४२ जारी मितिः २०३४/११/१७, जारी भएको कार्यालय : जिल्ला प्रशासन कार्यालय गोरखा।
ठेगाना : पालुङटार- ४, गोरखा। बाबुको नाम : दयाराम खनाल, बाजेको नाम : सेतु पाध्या

**लिलाम हुने अचल सम्पत्तिको विवरण**

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल (रोपनीमा) |
|---|---|---|---|---|---|---|
| घरायसी कर्जा | रुद्रराज खनाल | तनहुँ | वन्दिपुर | १ | ६४३ | ०-२-१-३ |

**शर्तहरु :**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाईने छैन।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै व्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**कृषि विकास बैंक लि.**
कर्जा असुली तथा संकलन विभाग
केन्द्रीय कार्यालय, रामशाहपथ, काठमाडौं


## बिमा प्राधिकरणको 'एकीकृत निर्देशन' आउँदै

**काठमाडौं**/ नेपाल बिमा प्राधिकरणले अहिलेसम्म जारी गरेको विभिन्न निर्देशन, निर्देशिकालगायतका नीतिगत दस्तावेजलाई एकीकृत गरेर एकीकृत निर्देशन जारी गर्ने भएको छ। बिहीबार काठमाडौंमा आयोजित प्राधिकरणको ५७औँ वार्षिकोत्सव समारोहमा प्राधिकरणका अध्यक्ष शरद ओझाले एकीकृत निर्देशन जारी गर्न लागेको बताएका हुन्। बिमा क्षेत्रको विकास र नियमनका लागि भन्दै सरकारले १ जेठ ०२६ मा अर्थ मन्त्रालयको शाखाका रूपमा बिमा समिति स्थापना गरेको थियो। त्यो अहिले प्राधिकरणका रूपमा स्वायत्त निकाय भएर काम गर्दै आएको छ।

'बिमा क्षेत्रमा निकै लामो समयदेखि रहेका कानुनी अस्पष्टता हटेर बिमा ऐन, २०७९ र बिमा नियमावली, २०८१ लागू भएसँगै एक बलियो कानुनी आधार सिर्जना भएको छ। बिमा ऐन, नियमावलीका व्यवस्था कार्यान्वयन गर्न प्राधिकरणले विभिन्न विनियम, निर्देशिका तथा मार्गदर्शन, निर्देशन जारी गरेको छ। त्यसरी छरिएर रहेका निर्देशनलाई एकीकृत गरी बिमा क्षेत्रको नियमनलाई व्यवस्थित बनाउने काम भइरहेको छ,' उनले बताए।

जेठ महिनाभरिमा एकीकृत निर्देशनको मस्यौदा जारी गर्ने उनले बताए। त्यसपछि असारमा आवश्यक सुझाव लिएर मस्यौदालाई अन्तिम रूप दिने उनको भनाइ छ। आगामी आर्थिक वर्ष अर्थात् साउन १ गते भने एकीकृत निर्देशन नै लागू गरिने अध्यक्ष ओझाले बताए।

अहिले नेपालमा नियमनकारी निकायमा नेपाल राष्ट्र बैंकले मात्रै एकीकृत निर्देशन जारी गर्ने अभ्यास गरेको छ। अब बिमा प्राधिकरणले पनि एकीकृत निर्देशन जारी गर्ने देखिएको छ।

यस्तै, प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले बिमित हित संरक्षण, सेवा प्रवाहको प्रभावकारिता, पारदर्शिता तथा बिमा पहुँचको विस्तारलाई प्राथमिकतामा राखेर काम गर्दै आएको बताए। यस्तै, नेपाल राष्ट्र बैंककी कामु गभर्नर नीलम ढुंगना तिम्सिनाले बैंक र बिमा क्षेत्रको सहकार्य आवश्यक रहेको बताइन्। बिमा क्षेत्रमा एआईलगायतका सूचना प्रविधिको विकास हुन आवश्यक रहेको उनको भनाइ छ।

# १० महिनामा एकतिहाइ मात्रै पुँजीगत खर्च

पुँजीगत बजेटको लक्ष्य पूरा गर्न दैनिक पौने तीन अर्ब खर्चिनुपर्ने, १० महिनामा ३५ प्रतिशत पुँजीगत खर्च गरेको सरकारलाई बाँकी दुई महिनामा ६५ प्रतिशत खर्च गर्नुपर्ने चुनौती



**नयाँ पत्रिका**

तोकिएको समयमा पुँजीगत खर्च गर्न नसक्ने प्रवृत्तिले यस वर्ष पनि निरन्तरता पाएको छ। सरकारले चालू आर्थिक वर्षको १० महिना बित्दा पुँजीगत खर्च लक्ष्यको एकतिहाइ मात्रै गर्न सकेको हो।

सरकारले वैशाखसम्ममा एक खर्ब २० अर्ब ३७ करोड रुपैयाँ पुँजीगत खर्च गर्न सकेको छ। जुन विनियोजित पुँजीगत बजेट तीन खर्ब ५२ अर्ब ३५ करोडको ३४.१६ प्रतिशतबराबर हो। सरकारले वैशाखसम्म गरेको पुँजीगत खर्च गएको आर्थिक वर्षको सोही अवधिको तुलनामा २.८८ विन्दु प्रतिशतले न्यून हो। गत वर्षको दश महिनामा सरकारले विनियोजित तीन खर्ब दुई अर्ब सात करोडको ३७.०४ प्रतिशत अर्थात् एक खर्ब ११ अर्ब ८८ करोड खर्च गर्न सकेको थियो।

यो वर्ष सुरुदेखि हालसम्म (साउनदेखि वैशाखसम्म) भएको खर्च र समयको हिसाब गर्दा दैनिक औसत ४० करोड १२ लाख खर्च भएको देखिन्छ। अबको ६० दिनमा सरकारले विनियोजित बजेटको ६५.८४ प्रतिशत अर्थात् दुई खर्ब ३१ अर्ब ९८ खर्च गर्न बाँकी छ। लक्ष्यअनुसार सबै खर्च गर्नलाई सरकारले दैनिक औसत तीन अर्ब ८६ करोड रुपैयाँ खर्च गर्नुपर्ने हुन्छ।

### ■ मापदण्डअनुसार खर्च भएन

सरकार आफैँले बनाएको मापदण्डअनुसार पुँजीगत खर्च गर्न सकेको छैन। सरकारले सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी र प्रभावकारी बनाउने भन्दै 'सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०८१' बनाएको छ। २३ माघमा सार्वजनिक मापदण्डअनुसार पहिलो त्रैमासमा १० प्रतिशत र त्यसपछिका हरेक महिनामा १०-१० प्रतिशतका दरमा पुँजीगत खर्च गर्नुपर्ने उल्लेख छ। नयाँ मापदण्डअनुसार सरकारले हालसम्म ८० प्रतिशतभन्दा बढी पुँजीगत खर्च गरिसक्नुपर्ने थियो। तर, तोकिएको मापदण्डको आधा पनि खर्च हुन नसकेको सरकारी तथ्यांक छ।

### ■ आम्दानीभन्दा दुई खर्ब आठ अर्बभन्दा बढी खर्च

सरकारले चालू आवका १० महिनामा कुल नौ खर्ब ४९ अर्ब ७६ करोड रुपैयाँ खर्च प्राप्ति गरेको छ। यसमा सरकारले लिएको ऋण जोडिएको छैन। तर, यही अवधिमा कुल खर्च भने ११ खर्ब ५७ अर्ब ८९ करोड रुपैयाँ पुगिसकेको छ।

सरकारले गरेको कुल खर्च कुल प्राप्तिको तुलनामा दुई खर्ब आठ अर्ब १३ करोड रुपैयाँले बढी हो। अर्थात्, सरकारको आम्दानीभन्दा खर्च धेरै छ। वैशाखसम्ममा सरकारले सात खर्ब ७३ अर्ब २२ करोड चालू खर्च गरेको छ, जुन विनियोजित बजेट ११ खर्ब ४० अर्ब ६६ करोडको ६७.७९ प्रतिशत हो।

Scanned with CamScanner

# धनुषाको विद्यालयलाई सिटिजन्स बैंकद्वारा पंखा सहयोग

**काठमाडौं** / सिटिजन्स बैंक इन्टरनेसनलले धनुषाको एक विद्यालयलाई पंखा सहयोग गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत जनकपुरधाम गाउँपालिका- ४ स्थित श्री संकटमोचन देवसरन रामरती माध्यमिक विद्यालयलाई पंखा सहयोग प्रदान गरेको छ। उक्त विद्यालयमा करिब एक हजारजना बालबालिका अध्ययन गर्दै आइरहेका छन्। गर्मीको समयमा उनीहरूको पठनपाठनलाई सहज बनाउन बैंकले सो सहयोग प्रदान गरेको जनाएको छ।




विद्यालयमा आयोजित एक समारोहबिच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले सहयोगस्वरूप पंखा हस्तान्तरण गरे। समारोहलाई सम्बोधन गर्दै उनले बैंकको यो सानो सहयोगले विद्यार्थी लाभान्वित हुने विश्वास व्यक्त गरे। आगामी दिनमा पनि बैंकले सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिकलगायतका क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन विभिन्न कार्यक्रम सञ्चालन गर्ने योजना रहेको उनले जानकारी गराए। बैंकले देशभरका दुई सय शाखा, एक सय ६८ एटिएम, तीन विस्तारित काउन्टर र ७४ वटा शाखारहित बैंकिङ इकाइबाट सेवा प्रदान गर्दै आइरहेको छ।


## एनआइसी एसिया लघुवित्तले गऱ्यो वित्तीय साक्षरता

**काठमाडौं** / एनआइसी एसिया लघुवित्तले गण्डकी प्रदेशअन्तर्गतको शाखा कार्यालय मगरकोटमा बुधबार वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। स्थानीय जनप्रतिनिधि टेकनारायण महतो तथा मगरकोट उपप्रदेश कार्यालयका अनुगमन अधिकृत भुवनराज भट्टको उपस्थितिमा सञ्चालन गरिएको कार्यक्रममा करिब ४० जना महिला सदस्यको सहभागिता रहेको थियो।

यसैगरी, लघुवित्तको बांगेसिमल शाखाले पनि वित्तीय साक्षरता तथा पुनर्ताजगी कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा लघुवित्तका कर्णाली प्रदेश प्रमुख नवराज सिंह, उपप्रदेश कार्यालय बांगेसिमलका अनुगमन अधिकृत गणेश पुनमगरलगायत बांगेसिमल शाखामा कार्यरत कर्मचारीसहित ५५ जना सदस्यको उपस्थिति थियो।

लघुवित्तको बेस्तडा शाखा दैलेखले तीनदिने आधारभूत बाख्रापालन तालिम कार्यक्रम सम्पन्न गरेको छ। वैशाख २७ देखि २९ सम्म चलेको कार्यक्रममा भगवतीमाई गाउँपालिकाका अध्यक्ष गणेशबहादुर थापा, उपाध्यक्ष मीनाकुमारी खड्का, पशु प्राविधिक प्रशिक्षक गणेशराज जोशी, बिनेश परियारलगायतको उपस्थिति थियो।

## खल्तीको 'द बिगेस्ट पेमेन्ट जात्रा'को तेस्रो संस्करण सुरु




**काठमाडौं** / डिजिटल वालेट 'खल्ती'ले करोडौंको अफर रहेको 'द बिगेस्ट पेमेन्ट जात्रा'को तेस्रो संस्करण बिहीबारदेखि सुरु गरेको छ। यो तेस्रो संस्करण पहिलेको तुलनामा अझै परिष्कृत र अझै ठुलो, अझै धेरै अफर र उपहारका साथ ल्याएको खल्तीले जनाएको छ। अफरअन्तर्गत पाँचजनाले पल्सर एनएसएफआइएबिएस बाइक जित्न सक्नेछन्। अन्य विजेताले आइफोन १५, होनोर एक्स-७ बी स्मार्ट फोन, वासिङ मेसिन, स्मार्ट टिभी, स्मार्ट फोन, माउन्टेन फ्लाइटदेखि एयर बडलगायतका उपहार जित्न सक्नेछन्। यसका साथै हरेक खल्ती प्रयोगकर्ताले आफ्नै प्रोमोकोड बनाई आफ्नो सञ्जालमा सेयर गर्न सक्नेछन् भने पहिलेजस्तै हरेक दिन खुत्रुके र हरेक भुक्तानीमा स्क्र्याच कार्डमार्फत उपहार जित्ने मौका पाउनेछन्।

३१ असारसम्म लागू रहने दुई महिनाको यस जात्रा अवधि चारवटा राउन्डमा विभाजन गरिएको छ। प्रत्येक राउन्डमा खल्तीबाट कुनै पनि दुई भुक्तानी पूरा गर्ने प्रयोगकर्ता बाइकका लागि 'लक्की ड्र'मा सहभागी हुन योग्य हुनेछन्। हरेक राउन्डको अन्त्यमा एक भाग्यशाली विजेता घोषणा हुनेछ। चारवटै राउन्डमा सहभागी हुने प्रयोगकर्ताले बोनस राउन्डको बाइकका लागि स्वतः सहभागी हुन पाउने र जित्न सक्ने कम्पनीले जनाएको छ।

## सिन्धु विकास बैंकको रक्तदान तथा सम्मान कार्यक्रम



**काठमाडौं** / सिन्धु विकास बैंकको शाखा कार्यालय बाह्रबिसेले नेपाल रेडक्रस सोसाइटी बाह्रबिसे उपशाखासँगको सहकार्यमा बाह्रबिसेमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। रक्तदान कार्यक्रममा ४३ जनाले रक्तदान गरी सहभागिता जनाएका थिए।

त्यस्तै, बैंककै सहकार्यमा प्राइभेट प्याराडाइज माविमा आयोजित नगरस्तरीय अन्तरविद्यालय वक्तृत्वकला प्रतियोगितामा बाह्रबिसे नगरपालिकाका १० वटा विद्यालयका १८ जना विद्यार्थीले सहभागिता जनाएका थिए।

उक्त कार्यक्रममा दुई सयजनाभन्दा बढी जनसमुदायको उपस्थिति रहेको थियो। सो वक्तृत्वकला प्रतियोगितामा प्रथम हुनेलाई १२ हजार, द्वितीयलाई नौ हजार र तृतीयलाई ६ हजार रुपैयाँ नगद उपहार पनि प्रदान गरिएको थियो।

## सान्भी इनर्जीले ९ जेठदेखि आइपिओ जारी गर्ने

**काठमाडौं** / सान्भी इनर्जी कम्पनीले ९ जेठदेखि सर्वसाधारणमा आइपिओ निष्कासन गर्ने भएको छ। कम्पनीले नेपाल धितोपत्र बोर्डबाट प्रतिकित्ता एक सय रुपैयाँ अंकित दरका ३७ लाख ९० हजार कित्ता सेयर निष्कासन गर्न अनुमति आएको थियो। जसमध्ये आठ लाख ८० हजार कित्ता आयोजना प्रभावितका लागि र दुई लाख ९१ हजार कित्ता वैदेशिक रोजगारीमा रहेका नेपालीमा निष्कासन गरी बाँडफाँटसमेत गरिसकेको छ।

बाँकी रहेको २६ लाख १९ हजार कित्तामध्ये एक लाख ४५ हजार पाँच सय कित्ता सामूहिक लगानी कोष र ५८ हजार दुई सय कित्ता कर्मचारीलाई सुरक्षित गरी बाँकी २४ लाख १५ हजार तीन सय कित्ता सर्वसाधारणमा निष्कासन गर्न लागेको हो। आवेदन जेठ १३ गतेसम्म दिन सकिनेछ। कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकमा नेपाल एसबिआई मर्चेन्ट बैंकिङ हो।

## नेप्से २६ सय विन्दुमा, सात अर्बको सेयर कारोबार

**काठमाडौं** / साताको अन्तिम कारोबार दिन बिहीबार सेयर बजारमा गिरावट देखिएको छ। नेप्से परिसूचक ८.४१ अंक (०.३२ प्रतिशत)ले घटेर २,६११.८५ विन्दुमा झरेको हो। 'क' वर्गका कम्पनीहरूको कारोबारमापक सेन्सेटिभ इन्डेक्स पनि समान दरले घटेको छ।



कारोबारमा आएका तीन सय २० कम्पनीको एक करोड ७४ लाख २३ हजार कित्ता सेयर सात अर्ब आठ करोड रुपैयाँबराबरमा खरिद-बिक्री भएको छ। अघिल्लो दिन आठ अर्ब ६१ करोड रुपैयाँभन्दा बढीको सेयर कारोबार भएको थियो।

होटेल तथा पर्यटन समूहको सूचक झन्डै पाँच प्रतिशतले वृद्धि हुँदा म्युचल फन्ड र व्यापार एक प्रतिशतभन्दा थोरैले बढेका छन्। बाँकी सबै समूहमा गिरावट आएको छ। विकास बैंक २ प्रतिशत र अन्य समूह १ प्रतिशतभन्दा धेरैले घट्दा बाँकी समूह १ प्रतिशतभन्दा थोरैले ओरालो लागेका हुन्। बजार घटे पनि ओम मेगाश्री फर्मास्युटिकल्स र उपकार लघुवित्तको सेयर मूल्य ९ प्रतिशत तथा बाराही हाइड्रोपावर र सोल्टी होटेलको मूल्य ८ प्रतिशतभन्दा धेरैले वृद्धि भएको छ। तर, कर्पोरेट विकास बैंक र जोशी हाइड्रोपावर विकास कम्पनी सर्वाधिक गुमाउनेमा परेका छन्। यी कम्पनीको सेयर मूल्य क्रमशः ८ र ७ प्रतिशतभन्दा धेरैले घटेको छ।

## सवा दुई करोड लागतमा गोन्द्राङ्मा राइनो पार्क बन्ने

**चितवन** / भरतपुर- १२ को गोन्द्राङ्मा नगरस्तरीय पार्क निर्माण हुने भएको छ। करिब सवा दुई करोड लागतमा निर्माण हुने राइनो पार्क तथा खुला चिडियाखानाको भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले शिलान्यास गरेकी छिन्। उनले भरतपुर महानगरपालिकाको एक वडा, एक पार्कको नीतिअनुसार राजमार्गसँग जोडिएको यस ठाउँमा पार्क निर्माण गर्न लागिएको बताइन्। यो पार्कमा विभिन्न पर्यटकीय पूर्वाधार निर्माण र सौन्दर्यकरणको काम हुने बताइएको छ।

बेलसहर सामुदायिक वन क्षेत्रमा पर्ने पार्क आठ बिघा क्षेत्रफलमा निर्माण हुनेछ। गौतम मोर्डन जेभीले ०८२ कात्तिक ७ गतेभित्र निर्माण सम्पन्न हुने गरी मूल्य अभिवृद्धि करसहित दुई करोड २३ लाख आठ हजार ६ सय ५४ रुपैयाँमा पार्क निर्माण गर्नेछ। महागनरपालिकाका सिनियर डिभिजनल इन्जिनियर सन्तोष आचार्यले यो रकमबाट वन्यजन्तु उद्धार भवन, गोही, सर्प, माछा, कछुवाका लागि पोखरी, म्युजियम, फुटपाथ, घेराबारसहितको खुला चिडियाखाना र विश्रामका लागि गोलघर निर्माण हुने बताए।कार्यक्रममा भरतपुर महानगरपालिका उपप्रमुख चित्रसेन अधिकारीले पार्क निर्माणले पर्यापर्यटनलाई सहयोग पुऱ्याउने उल्लेख गरे।

---

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)
NIC ASIA एन आई सी एशिया बैंक लि.

### गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

**तपसिल**

| क्र.सं. | गैर बैकिङ्ग सम्पतिको विवरण |
|---|---|
| १. | बर्दिया जिल्ला, डेउढाकला गा.वि.स. वडा नं. ३ (हाल बाँसगढी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २०६ र ६३४४ को क्षेत्रफल क्रमशः ४१५ र ५५८.७० -व.मी) को घरजग्गा । |
| २. | मोरङ्ग जिल्ला, कसेनी गा.वि.स. वडा नं. ८ क स्थित कित्ता नं. ६० को क्षेत्रफल ०-०-१९-० (विगाह) को जग्गा । |
| ३. | सिराहा जिल्ला, पडरीया गा.वि.स. वडा नं. ९क (हाल लहान न.पा. वडा नं. १२) स्थित कित्ता नं.२०५० को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा । |
| ४. | पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ५ (हाल कुस्मा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १०४८ को क्षेत्रफल ०-४-०-० रोपनी (१२७.१६ वर्ग मिटर) को जग्गा । |
| ५. | बारा जिल्ला, बहुअरी गा.वि.स. वडा नं. ९ (हाल परवानीपुर गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ४६९ को क्षेत्रफल ०-०-१५-० (विगाह) को जग्गा । |
| ६. | रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १००२ को क्षेत्रफल ०-३-०-० विगाहा (१,०१५.९२ वर्ग मिटर) को जग्गा । |
| ७. | रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ५१४ को क्षेत्रफल ०-०-१०-० विगाहा (१६९.३२ वर्ग मिटर) को जग्गा । |
| ८. | रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं. ६ (हाल गरुडा न.पा. वडा नं. ४) स्थित कित्ता नं. २६९७ को क्षेत्रफल ०-२-२-० विगाहा (७११.१४ वर्ग मिटर) को जग्गा । |
| ९. | रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ७४५ को क्षेत्रफल ०-३-५-८ विगाहाको जग्गा र रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ३८५ र ३८६ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-१-०-० विगाहा को जग्गा । |
| १०. | रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. २(हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ६५३ र ७३८ को क्षेत्रफल क्रमशः ०-१-११-० विगाहा र ०-१-१०-० विगाहा को जग्गा |
| ११. | रौतहट ज़िल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. ४ (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९१० को क्षेत्रफल ०-०-३-४ (विगाह) को जग्गा, रौतहट जिल्ला, बसविटी जिंगाडिया गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ८) स्थित कित्ता नं. ९०७ र ९२२ को क्षेत्रफल क्रमशः ०-२-५-० र ०-१-३-० (विगाह) को जग्गा र रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ५ (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६९८ को क्षेत्रफल ०-३-७-८ (विगाह) को जग्गा । |
| १२. | रौतहट जिल्ला, डुमरिया मटियौन गा.वि.स. वडा नं. ६/क (हाल चन्द्रपुर न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११०२ को क्षेत्रफल ०-३-१८-० (विगाह) को जग्गा । |
| १३. | कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ३ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७२३ को क्षेत्रफल ६८९ व.मि.को जग्गा र कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ४ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७९४ को क्षेत्रफल २७५० व.मी. को जग्गा । |
| १४. | तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९९ र १०० को क्षेत्रफल क्रमशः १-०-०-० र १-५-३-० (रोपनी) को जग्गा । |
| १५. | तनहुँ जिल्ला, वन्दिपुर गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ३-०-३-० (रोपनी) को घरजग्गा । |
| १६. | चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ७ क (हाल खैरहनी न.पा. वडा नं. ७) स्थित कित्ता नं. १४६३ र ११४७ को क्षेत्रफल: २८९५.२९ (व.मी.) र ४९१.०० (व.मी.) को घर/जग्गा । |
| १७. | ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. ३२७ को क्षेत्रफल १-६-१-० (रोपनी) को जग्गा । |
| १८. | ललितपुर ज़िल्ला, लामाटार गा.वि.स. वडा नं. १ङ (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २५८ र ६२७ को क्षेत्रफल क्रमशः १-४-१-० र ०-८-३-१ (रोपनी) को जग्गा । |
| १९. | सुनसरी जिल्ला, भादगाउँ सिनवारी गा.वि.स. वडा नं. २ ग (हाल रामधुनी न.पा. वडा नं. १) स्थित कित्ता नं. ८८१ र ८८२ को क्षेत्रफल क्रमशः ०-०-१५-० र ०-०-१५-० (विगाह) को जग्गा । |
| २०. | कास्की जिल्ला, पुरुञ्चौर गा.वि.स वडा नं. २ स्थित कित्ता नं. ५०२, ५०६, ५०७, ५३४, ५३५, ५३६, ५३७, ५३८ र १२६० को क्षेत्रफल क्रमशः ३-२-१-१, ०-५-१-०, ०-९-२-१, ०-७-३-२, ०-५-०-१, ०-७-०-१, १-९-१-१, ०-१३-३-१ र ०-८-१-२ (रोपनी) को जग्गा । |
| २१. | कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ५ स्थित कित्ता नं. १५१, १५९ र १६७ को क्षेत्रफल क्रमशः ४१, ५०.७० र ४७ (व.मि.) को घरजग्गा । |
| २२. | कास्की जिल्ला, लामाचौर गा.वि.स वडा नं. ३ स्थित कित्ता नं. १०८० को क्षेत्रफल १-९-२-३ (रोपनी) को जग्गा । |
| २३. | रौतहट जिल्ला, करकच गा.वि.स वडा नं. ५ (हाल देवाही गोनही न.पा वडा नं. ६) स्थित कित्ता नं. ८४५ र १२६५ को क्षेत्रफल क्रमशः ०-१-१५ र ०-०-१५ (विगाह) को जग्गा। |
| २४. | रौतहट जिल्ला, रमौली गा.वि.स. वडा नं. २ क स्थित कित्ता नं. २०२ को क्षेत्रफल ०-५-०-० (विगाह) को जग्गा । |
| २५. | नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ५ख (हाल मध्यबिन्दु न.पा. वडा नं. ९) स्थित कित्ता नं. १४३, ८६ र ३०५ को क्षेत्रफल क्रमशः ०-६-८-०, १-०-०-०, र ०-५-१५-० (विगाह) को जग्गा । |
| २६. | नवलपरासी जिल्ला, कोलुवा गा.वि.स. वडा नं. ९ क, स्थित कित्ता नं. ७०२ को क्षेत्रफल ०-५-७ (विगाह) को जग्गा । |
| २७. | नवलपरासी जिल्ला, तम्सरिया गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ७० को क्षेत्रफल ०-१-७-०.५ (विगाह) को घरजग्गा । |
| २८. | काठमाण्डौ जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ६ (हाल टोखा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ११८ को क्षेत्रफल ९५.६० (व.मि) को घरजग्गा । |
| २९. | रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.१ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७१७, ७२५, ७३७ र ५६९ को क्षेत्रफल क्रमशः ०-२-१०-०, ०-५-३-०, ०-२-१०-० र ०-१-५-० (विगाह) को जग्गा । |
| ३०. | रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.७ (हाल वृन्दावन न.पा. वडा नं. २) स्थित कित्ता नं. १०६४ को क्षेत्रफल ०-११-१०-० (विगाह) को जग्गा । |
| ३१. | रौतहट जिल्ला, विश्रामपुर गा.वि.स वडा नं.२ (हाल वृन्दावन न.पा. वडा नं. ३) स्थित कित्ता नं. ५८७ को क्षेत्रफल ०-८-०-० (विगाह) को जग्गा । |
| ३२. | मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६७२७ र ६७२६ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-०-५-० (विगाह) को घरजग्गा । |
| ३३. | सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. २ (हाल मेलम्ची न.पा. वडा नं. १०) स्थित कित्ता नं. ५५४ को क्षेत्रफल ६-१४-१-० (रोपनी) को जग्गा । |
| ३४. | रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ क (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४०५० र ४०४८ को क्षेत्रफल क्रमशः ०-०-२.२५ र ०-०-१२.७५ (विगाह) को जग्गा । |
| ३५. | रुपन्देही जिल्ला, केरवानी गा.वि.स वडा नं. ८ ख (हाल देवदह न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४२९, २१३ र १६८४ को क्षेत्रफल क्रमशः ०-०-१.५०, ०-०-२ र ०-०-१० (विगाह) को घर/जग्गा । |
| ३६. | रौतहट जिल्ला, रमौली वैरिया गा.वि.स. वडा नं. २ क (हाल वृन्दावन न.पा. वडा नं. १) स्थित कित्ता नं. २८८ को क्षेत्रफल ०-३-०-० (विगाहा) को जग्गा । |
| ३७. | पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ६ (हाल वीरगंज म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. २६४ को क्षेत्रफल ३६६.४० व.मि. को घरजग्गा । |
| ३८. | चितवनजिल्ला, भरतपुर न.पा. वडा नं. २ क स्थित कित्ता नं. १५६३ र ३३०९ को क्षेत्रफलक्रमशः ०-०-१०-० र ०-०-५-० (विगाह) को घर जग्गा । |
| ३९. | मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ५ (हाल हेटौडा उ.म.न.पा वडा नं. १२) स्थित कित्ता नं. ४३७१ को क्षेत्रफल १-३-०-० (विगाह) को घरजग्गा । |
| ४०. | तनहुँ जिल्ला, दोरदोर गा.वि.स. वडा नं. ५/ज स्थित कित्ता नं. १२२५ को क्षेत्रफल १-०-२-० (रोपनी) को घरजग्गा । |
| ४१. | मकवानपुर जिल्ला, बासामाडी गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. २७९४ को क्षेत्रफल १३५४.५२ (व.मि) को जग्गा । |
| ४२. | रौतहट जिल्ला, रंगापुर गा.वि.स. वडा नं. ६ क (हाल गुजरा न.पा. वडा नं. १), स्थित कित्ता नं. ५५० को क्षेत्रफल १-८-१ (विगाह) को जग्गा । |
| ४३. | महोत्तरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. १०४३ को क्षेत्रफल ०-०-६.७५-० (विगाह) को घर/जग्गा । |
| ४४. | पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ५ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ७७८, ७९४ र ४४ को क्षेत्रफल क्रमशः ४.२३, १० र ६३९(व.मि) को जग्गा । |
| ४५. | रुपन्देही जिल्ला गजेडी गा.वि.स. वढा नं. ७ स्थित कित्ता नं. ६ को क्षेत्रफल १९३३ (व.मि.) को घरजग्गा । |
| ४६. | बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १७९ को क्षेत्रफल २२० (व.मी) को घरजग्गा र बाकेँ जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १८७ को क्षेत्रफल १०० (व.मी) को जग्गा । |
| ४७. | बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.६ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ६३४, १७२९ र १९२६ को क्षेत्रफल क्रमशः १६९.३२, ३३८.६३, र ३३८.६३ (व.मी) को घर/जग्गा । |
| ४८. | रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं.८ (हाल गरुडा न.पा. वडा नं.४) स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा । |
| ४९. | झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १३०७ को क्षेत्रफल ३६० (व.मि) को घरजग्गा । |
| ५०. | पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९१ र १४ को क्षेत्रफल क्रमशः २९५ र १०.४० (व.मि.) को जग्गा । |
| ५१. | बर्दिया जिल्ला, सानोश्री गा.वि.स. वडा नं. ५ क (हाल बर्दिया जिल्ला, मधुवन न.पा. वडा नं. ६) स्थित कित्ता नं. ११७५ र १२९३ को क्षेत्रफल क्रमशः २२४३.४१ र १२४८.६८ (व.मि) को जग्गा । |
| ५२. | कास्की जिल्ला, अर्घौ गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १८८५ को क्षेत्रफल ०-७-०-० (रोपनी) को जग्गा । |
| ५३. | पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हालवीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. १३, १४ र १५ को क्षेत्रफलक्रमशः १००.८०, ३११.०० र १४२.८० (व.मि) को जग्गा । |
| ५४. | रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७३१ को क्षेत्रफल ०-३-१-० (विगाह) को जग्गा । |
| ५५. | रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ३ (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८६३ को क्षेत्रफल ०-२-१०-० (विगाह) को जग्गा । |
| ५६. | रौतहट जिल्ला, सखुअवा गा.वि.स. वडा नं.७/क (हाल माधव नारायण न.पा. वडा नं.३) स्थित कित्ता नं. ९९७ को क्षेत्रफल ०-१२-२.५-० (विगाह) को जग्गा । |
| ५७. | रौतहट जिल्ला, रघुनाथपुर गा.वि.स. वडा नं. ४/क (हाल गरुडा न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९४२ को क्षेत्रफल ०–३–० (विगाह) को जग्गा । |
| ५८. | महोत्तरी जिल्ला, २५ नं. वहादुरगंज गा.वि.स. वडा नं. ३ ख (हाल बर्दिवास न.पा. वडा नं. १४) स्थित कित्ता नं. १२०२ को क्षेत्रफल ०-१-१०-० (विगाह) को जग्गा । |
| ५९. | पर्वत जिल्ला, पाङ गा.वि.स वडा नं. १ स्थित कित्ता नं. १६५१ र २३०४ को क्षेत्रफल क्रमशः ०-४-१-० र ०-७-०-१ (रोपनी) को जग्गा । |
| ६०. | पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २८) स्थित कित्ता नं. ६२६ र ६२९ को क्षेत्रफल क्रमशः ०-०-११-१ र ०-०-१-५ (विगाह) को जग्गा । |
| ६१. | भक्तपुर जिल्ला, चित्तापोल गा.वि.स. वडा नं. ७/७ ग (हाल सूर्यविनायक न.पा. वडा नं. १०) स्थित कित्ता नं. ५२६ को क्षेत्रफल ०-५-०-० (रोपनी) को जग्गा । |
| ६२. | सुर्खेत जिल्ला गोठीकाडा गा.वि.स. वडा नं. ३ (हाल विरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. ५८७८ को क्षेत्रफल ०-०-१५१/२ (बिगाह) को घरजग्गा । |
| ६३. | झापा जिल्ला, बाहुनडांगी गा.वि.स. वडा नं. ६ (हाल मेचीनगर न.पा. वडा नं. २) स्थित कित्ता नं.३०८६ र ४२८६ को क्षेत्रफल क्रमशः १-४-१६-० र ०-२-२-० (विगाह)को जग्गा । |
| ६४. | झापा जिल्ला, नकलबन्दा गा.वि.स. वडा नं. ७/७क (हाल मेचीनगर न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११४० र १६८२ को क्षेत्रफल क्रमशः ०-१-१०-० र ०-१८-१०-० (विगाह)को जग्गा । |
| ६५. | बारा जिल्ला, बलिरामपुर गा.वि.स. वडा नं. ६ (हाल: कलैया उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ५३९ को क्षेत्रफल ०-२-१-० (विगाहा) को जग्गा । |
| ६६. | बारा जिल्ला, भवानीपुर गा.वि.स. वडा नं. ३ (हाल: कलैया उ.म.न.पा. वडा नं. ३) स्थित कित्ता नं. १२७ को क्षेत्रफल ०-५-३-० (विगाहा)को जग्गा । |
| ६७. | काठमाडौं जिल्ला, काभ्रेस्थली गा.वि.स. वडा नं. ७ क (हाल: तारकेश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं. ६३७ को क्षेत्रफल १-६-२-२ (रोपनी) को जग्गा । |
| ६८. | रौतहट जिल्ला, स.धमौरा गा.वि.स. वडा नं. ६ (हाल वृन्दावन न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४ को क्षेत्रफल १-१-०-० (विगाह) को जग्गा । |
| ६९. | सुनसरी जिल्ला, खनार गा.वि.स. वडा नं. १ख स्थित कित्ता नं. ६१५ को क्षेत्रफल ०-०-१९.५-० (विगाह) को जग्गा । |
| ७०. | चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ५ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. ८६९ को क्षेत्रफल ७५२.७७ (व.मि) को जग्गा । |
| ७१. | रौतहट जिल्ला, जयनगर गा.वि.स. वडा नं. ७ (हाल गरुडा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३२९ को क्षेत्रफल ०-२-१२-० विगाहा (८८०.४६ वर्ग मिटर) को जग्गा । |
| ७२. | ललितपुर जिल्ला, चापागाँउ न.पा/गा.वि.स. वडा नं. ४ क (हाल गोदावरी न.पा. वडा नं. ११) स्थित कित्ता नं. २३१ को क्षेत्रफल ०-७-०-० (रोपनी) को घरजग्गा । |
| ७३. | रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ स्थित कित्ता नं. १९२ को क्षेत्रफल १४३.११ (व.मी.) को घर/जग्गा । |
| ७४. | चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ६ क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. १२८८ र १२९० को क्षेत्रफल क्रमशः ७६१.६२ र १४९२.२८ (व.मि.) को जग्गा । |
| ७५. | पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ८ (हालवीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ३१३ को क्षेत्रफल ११९.८३ (व.मि) को घर जग्गा । |
| ७६. | तनहुँ जिल्ला, कलुर्ङ गा.वि.स. वडा नं. १ ज स्थित कित्ता नं. २१७ र ३५५ को क्षेत्रफलक्रमशः ०-३-०-० र ०-१०-०-० (रोपनी) को घरजग्गा । |
| ७७. | बारा जिल्ला, मैनी गा.वि.स. वडा नं. २ (हाल महागढीमाई न.पा. वडा नं. २) स्थित कित्ता नं. ७५५ को क्षेत्रफल ०-३-२-८ (विगाह) को जग्गा । |
| ७८. | बारा जिल्ला, तेतरिया गा.वि.स. वडा नं. १ (हाल करैयामाई गा.पा. वडा. नं. ५) स्थित कित्ता नं. ७५ को क्षेत्रफल १-४-५-० (विगाह) को जग्गा । |
| ७९. | बारा जिल्ला, तेतरिया गा.वि.स. वडा नं. २ (हाल करैयामाई गा.पा. वडा. नं. ५) स्थित कित्ता नं. ३६५ को क्षेत्रफल ०-६-४-० (विगाह) को जग्गा । |
| ८०. | महोत्तरी जिल्ला, श्रीपुर गा.वि.स. वडा नं. ४/ख (हाल औरही न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७६८ र ५०९ को क्षेत्रफल क्रमशः ०-२-६-१० र ०-११-४-० (विगाह) को जग्गा । |
| ८१. | रुपन्देही जिल्ला, गंगोलिया गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ६३ को क्षेत्रफल ०-१५-१५-० (विगाहा) को जग्गा । |
| ८२. | रुपन्देही जिल्ला, गंगोलिया गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९७ को क्षेत्रफल ०-९-४-० (विगाहा) को जग्गा । |
| ८३. | बाँके जिल्ला, राधापुर गा.वि.स. वडा नं. २ (हालखजुरा गा.पा. वडा नं. १) स्थित कित्ता नं. ९८, १०० र २१७ को क्षेत्रफलक्रमशः २१५५, १८७५ र २०६५ (व.मि) को जग्गा । |
| ८४. | बारा जिल्ला, निजगढगा.वि.स. वडा नं. ६/ख (हाल निजगढ न.पा. वडा नं. ७) स्थित कित्ता नं. १८३३ को क्षेत्रफल ०-२-५-० (विगाह) को जग्गा । |
| ८५. | मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ९ घ (हालउर्लाबारी न.पा. वडा नं. ४) स्थित कित्ता नं. १६६८ को ०-०-१७-१ (विगाह) को घरजग्गा । |
| ८६. | रौतहट जिल्ला, सखुअवाधमौरा गा.वि.स. वडा नं. १ (हाल वृन्दावन न.पा. वडा नं. ७) स्थित कित्ता नं. २६४ को क्षेत्रफल ०-५-०-० (विगाह) को जग्गा । |
| ८७. | महोत्तरी जिल्ला, पसदिवाड गा.वि.स. वडा नं. १ (हालसम्सी गा.पा. वडा नं. १) स्थित कित्ता नं. ९१५ को क्षेत्रफल ०-१-१०-० (विगाह) को घर जग्गा । |
| ८८. | महोत्तरी जिल्ला, पसदिवाड गा.वि.स. वडा नं. ३ (हालसम्सी गा.पा. वडा नं. १) स्थित कित्ता नं. ४६५ को क्षेत्रफल ०-३-१३.७५-० (विगाह) को जग्गा । |
| ८९. | रौतहट जिल्ला, बसन्तपट्टीगा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ६८७ को क्षेत्रफल १०१५.८९ (व.मि) को जग्गा । |
| ९०. | महात्तरी जिल्ला, खोपीगा.वि.स. वडा नं. १/क (हाल रामगोपालपुर न.पा. वडा नं. ९) स्थित कित्ता नं. ९४१ को क्षेत्रफल ०-१०-१५.५-० (विगाह) को जग्गा । |
| ९१. | धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं. १ स्थित कित्ता नं. २३५१ को क्षेत्रफल१-११-३-१ (रोपनी) को घरजग्गा । |
| ९२. | सुर्खेत जिल्ला, कटकुवा गा.वि.स. वडा नं. ३ (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४७०३ को क्षेत्रफल ०-०-५-० (विगाह) को जग्गा । |

**लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पत्ति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पत्तिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

CamScanner
Scanned with CamScanner

## प्रक्रिया सुरु गर्ने...

पृष्ठ १ बाट क्रमशः

मुद्दामा पूर्वसचिव, दूरसञ्चार प्राधिकरणका दुई पूर्वअध्यक्षलगायत विभिन्न तहमा संलग्न अधिकारीहरू प्रतिवादी सूचीमा छन् ।

आयोगका अनुसार तीन अर्ब २१ करोड ८३ लाख ७७ हजार १८२ रुपैयाँ लागतमा अघि बढाइएको टेरामक्स कार्यक्रमको खरिद प्रक्रिया नै गैरकानुनी देखिएको छ । कानुन र प्रक्रियाविपरीत ढंगले गरिएको यो खरिदमा संलग्नहरूमाथि पूरै रकम बिगो कायम गर्दै भ्रष्टाचार निवारण ऐनअनुसार मुद्दा दायर गरिएको छ । अख्तियारले आरोपपत्रमा उल्लेख गरेअनुसार टेरामक्स कार्यक्रम अघि बढाउने क्रममा विभिन्न कानुनी प्रावधान र सार्वजनिक खरिद विधि तथा वित्तीय अनुशासनको गम्भीर उल्लंघन भएको पाइएको छ ।

अन्तर्राष्ट्रिय कल बाइपासलगायतका समस्या बढेपछि त्यससमेतलाई रोक्न इन्टरनेसनल कल मोनिटरिङ र भिओआइपी नियन्त्रणका लागि उपर्युक्त उपकरण र प्रणाली सञ्चालनको प्रक्रिया आर्थिक वर्ष ०७४/७५ देखि सुरु गरिएको थियो । पछि यसलाई टेरामक्स भनियो ।

तत्कालीन सञ्चारमन्त्री बस्नेत प्रमुख प्रतिवादी र बोर्ड सदस्यका रूपमा पूर्वकानुनसचिव धनराज ज्ञवाली र पूर्वसहप्राध्यापक टीकाप्रसाद उप्रेती प्रतिवादी छन् । त्यस्तै, दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्षद्वय दिगम्बर झा र पुरुषोत्तम खनालविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ । प्राधिकरणकै तीन निर्देशक र चार उपनिर्देशक र पनि मुद्दाका प्रतिवादी छन् । परामर्शदाता र त्यसका प्रतिनिधि पनि अख्तियारको मुद्दामा तानिएका छन् ।

सर्वोच्च अदालतको आदेशसमेत प्रतिकूल हुने गरी नागरिकको व्यक्तिगत सूचनामा पहुँच पाउने गरी अनधिकृत तवरमा टेरामक्स प्रणालीको संरचना स्थापना गर्न राज्यको सम्पत्तिको दुरुपयोग गरी हानि-नोक्सानी पुऱ्याएको उजुरी अख्तियारमा परेको थियो । त्यपछि अख्तियारले यसको छानबिन अघि बढाएको थियो ।

सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठ र न्यायाधीश देवेन्द्रगोपाल श्रेष्ठको इजलासले २१ माघ ०७२ मा टेरामक्सबारे गरेको आदेशमा गैरकानुनी तवरले सूचनाको प्रवाह नगर्न, नगराउन र रोक्न भनेको थियो । सर्वोच्चले संविधानले व्यवस्था गरेको गोपनीयताको हकको सर्वमान्यताविपरीतको कार्य नगर्न/नगराउन आदेश दिएको थियो ।

गैरकानुनी तरिकाले सूचना प्रवाहित गर्नेलाई सेवासम्बन्धी कानुनबमोजिम कारबाही एवं सजाय गर्न, गराउन र गैरकानुनी हस्तक्षेप वा पहुँच माग्ने वा सो गर्न बाध्य गर्ने जोसुकै पदाधिकारीविरुद्ध प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गर्न, गराउनसमेत सर्वोच्चको आदेशमा थियो । कानुनबमोजिम कुनै अपराध अनुसन्धानको सिलसिलामा जरुरी भई सूचनामा पहुँचका लागि सम्बन्धित जिल्ला अदालतबाट अनुमति लिने व्यवस्था मिलाउन सर्वोच्चको आदेशमा उल्लेख छ ।

### खरिद प्रक्रियामा संलग्नविरुद्ध मुद्दा

तत्कालीन सञ्चारमन्त्री मोहनबहादुर बस्नेतलाई प्रमुख प्रतिवादी कायम गरेर अख्तियारले मुद्दा दायर गरेको छ । उनी सिन्धुपाल्चोक २ बाट प्रत्यक्ष निर्वाचित कांग्रेस सांसद हुन् । उनीविरुद्ध तीन अर्ब २१ करोड ८३ लाख ७७ हजार १८२ रुपैयाँ बिगो कायम गरिएको छ । उनीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी गरेको कसुरमा भ्रष्टाचार मुद्दा दायर भएको छ । उनीविरुद्ध ऐनको अघिल्लो व्यवस्थाबमोजिम आठदेखि १० वर्ष कैद र प्रचलित व्यवस्थाबमोजिम १० देखि १४ वर्षसम्म कैद र जरिवानासहित बिगो असुल्ने मागदाबी अख्तियारले गरेको छ । त्यस्तै, दूरसञ्चार ऐनमा व्यवस्था भएको दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिने नेपाल सरकारमा निहित अधिकारको अपव्याख्या गरी टेरामक्स लागू गर्न दिएको निर्देशन पनि भ्रष्टाचार ऐनबमोजिमको कसुरजन्य कार्य भएको अख्तियारले जनाएको छ । 'नपाएको अधिकार पाएँ भनेर प्रयोग गरेको' कसुरमा उनलाई दफा १५ बमोजिम एकदेखि दुई वर्षसम्म कैद र ५० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना दाबी गरिएको छ । सांसदका रूपमा विशिष्ट पदाधिकारी भएकाले उनलाई अरू तीन वर्षसम्म कैद सजायको मागदाबी अख्तियारले गरेको छ ।

दूरसञ्चार प्राधिकरणका तत्कालीन अध्यक्षहरू दिगम्बर झा र पुरुषोत्तम खनाललाई पनि बस्नेतलाई समान जनही बिगो तथा सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी गरेको र थप सजायको कसुरमा प्रतिवादी कायम गरिएको छ । झा र खनाल दुवैजना हालै भ्रष्टाचारको मुद्दामा दोषी ठहर भएका छन् । उनीहरू मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस)को परामर्श सेवा खरिदमा भएको भ्रष्टाचारको मुद्दामा विशेष अदालतबाट दोषी ठहर भएका हुन् । उनीहरूलाई एक वर्ष एक महिना कैद र पाँच करोड ८० लाख १४ हजार ८२८ रुपैयाँका दरले जरिवाना भएको छ ।

प्राधिकरणका तत्कालीन सदस्य धनराज ज्ञवाली र टीकाप्रसाद उप्रेतीलालाई पनि अख्तियारले प्रतिवादी कायम गरेको छ । ज्ञवाली पूर्वसचिव हुन् । सहसचिव हुँदा उनी बोर्डमा सदस्यका रूपमा प्रतिनिधि थिए । उप्रेती त्रिभुवन विश्वविद्यालयअन्तर्गत पुल्चोक इन्जिनियरिङ अध्ययन संस्थानका पूर्वसहप्राध्यापक थिए । उनीहरूविरुद्ध तीन अर्ब २१ करोड ८३ लाख ७७ हजार १८२ रुपैयाँ संयुक्त बिगो कायम गरी सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी गरेको कसुरमा १० देखि १४ वर्षसम्म कैद र जरिवानासहित बिगो असुल्ने मागदाबी अख्तियारले गरेको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक विजयकुमार राय, उपनिर्देशक रेवतीराम पन्थ, उपनिर्देशक सुरेश बस्नेत, उपनिर्देशक हिरण्यप्रसाद बस्ताकोटी र उपनिर्देशक अच्युतानन्द मिश्रविरुद्ध पनि संयुक्त तीन अर्ब २१ करोड बिगो कायम भएको छ । सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी गरेको कसुरमा १० देखि १४ वर्षसम्म कैद र जरिवानासहित बिगो असुल्ने मागदाबी अख्तियारले गरेको छ । आशयपत्र आह्वान (इओआई) मूल्यांकनमा गलत प्रतिवेदन दिएकामा गलत प्रतिवेदन दिएको कसुरमा उनीहरूविरुद्ध तीन महिनादेखि एक वर्षसम्म कैद र १० हजारदेखि ५० हजार रुपैयाँसम्म जरिवानाको मागदाबी उनीहरूउपर छ ।

प्राधिकरणकै निर्देशकद्वय सुरेन्द्रलाल हाडा र निपेश आचार्य तथा उपनिर्देशक सन्दीप अधिकारी पनि मुद्दाका प्रतिवादी छन् । उनीहरूउपर तीन अर्ब २१ करोड बिगो र सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी गरेको कसुरमा १० देखि १४ वर्षसम्म कैद र जरिवानासहित बिगो असुल्ने मागदाबी भएको छ ।

परामर्शदाता भ्यानराइज सोलुसन एसएएल र त्यसका प्रमुख कार्यकारी अधिकृत (सिइओ) जमल अनौतीविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ । उनीहरूविरुद्ध संगठित संस्थाबाट भएको कसुरमा मुख्य भई काम गरेको कसुरमा लाभ प्राप्त गर्ने मतियार ठहर गरेर अख्तियारले मुख्य कसुरदारसरह नै सजायको मागदाबी गरेको छ ।

परामर्शदाता भ्यानराइजको स्थानीय एजेन्ट कनेक्सन ट्रेड लिंक प्रालि काठमाडौंका अध्यक्ष दिलीपकुमार गुरुङ र निर्देशक तेजप्रसाद खरेल पनि मुद्दाका प्रतिवादी छन् । उनीहरूविरुद्ध संगठित संस्थाबाट भएको कसुरमा मुख्य भई काम गरेको कसुरमा लाभ प्राप्त गर्ने मतियार ठहर गरेर अख्तियारले मुख्य कसुरदारसरह नै सजायको मागदाबी गरेको छ ।

'नीतिगत/कानुनी स्पष्टता नभएसम्म यसको कार्यान्वयन नहुने भनी सम्बन्धित निकायले औपचारिक निर्णय गरिसकेकाले हालसम्म भुक्तानी भएको रकमको अतिरिक्त सम्झौताबमोजिम दायित्व सिर्जना भएको रकमबराबर नेपाल दूरसञ्चार प्राधिकरणलाई हानि-नोक्सानी हुन गएको छ । प्रचलित कानुनविपरीतको कार्य गरी/गराई सोको परिणामस्वरूप नेपाल दूरसञ्चार प्राधिकरणलाई हानि-नोक्सानी गरे/गराएको अवस्था पुष्टि हुन आएको छ,' अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

### प्राधिकरणको अधिकार क्षेत्र हस्तक्षेप गरी तत्कालीन मन्त्री बस्नेतले ल्याएका थिए टेरामक्स खरिद कार्यक्रम

अख्तियारको दाबीअनुसार टेरामक्स खरिदको सुरुवात तत्कालीन सञ्चारमन्त्री बस्नेतले गरेका थिए । प्राधिकरणले आर्थिक वर्ष ०७४/७५ को वार्षिक कार्यक्रम सहमतिका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा प्रस्ताव पठाएको थियो, जसमा टेरामक्सको विषय थिएन ।

तर, तत्कालीन सञ्चारमन्त्री बस्नेतले आफ्नो क्षेत्राधिकार नाघेर एकल निर्णय लिँदै टेरामक्स कार्यान्वयनका लागि निर्देशन दिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ । मन्त्रीको निर्णयअनुसार प्राधिकरणका तत्कालीन पदाधिकारीहरूले एक-आपसमा मिलेमतो गरी सर्वोच्चको आदेशको प्रतिकूल र प्रचलित कानुनविपरीत खरिदसम्बन्धी कार्य गरेको अख्तियारको दाबी छ ।

प्रणाली खरिद र सञ्चालन गर्ने निकाय प्राधिकरणको प्रस्तावविनै तत्कालीन मन्त्री बस्नेतले पदीय अधिकार दुरुपयोग गर्दै आव ०७४/७५ को वार्षिक कार्यक्रममा टेरामक्स समावेश गरेका थिए । यहीँ मन्त्री बस्नेतले 'नेपाल दूरसञ्चार ऐन, २०५३ ले गठन गरेको स्वायत्त संस्था नेपाल दूरसञ्चार प्राधिकरणको अधिकारलाई हस्तक्षेप गरी प्राधिकरणलाई हानि-नोक्सानी गराउने पृष्ठभूमि तयार गरेको' अख्तियारको आरोपपत्रमा छ । मन्त्रीले वार्षिक कार्यक्रममा टेरामक्ससम्बन्धी विषय समावेश गरिदिएपछि भ्रष्टाचारको बीजारोषण भएको थियो ।

नेपाल दूरसञ्चार ऐन, २०५३ को दफा ४५ र नेपाल दूरसञ्चार प्राधिकरण आर्थिक प्रशासन विनियमावली, २०७३ को विनियम १४ ले प्राधिकरणको वार्षिक कार्यक्रम र बजेट तयार गर्ने विधि तोकेको छ । ती व्यवस्थामा कार्यक्रमको ढाँचासमेत निर्धारित छ । यसविपरीत मन्त्री बस्नेतले आयोजनाको उपयुक्तताबारे सम्भाव्यता अध्ययन नगरी र लागत तथा बजेटको आकलनविना नै जबर्जस्ती कार्यक्रम समावेश गरिदिएका थिए ।

यसबाहेक खर्च व्यहोर्ने स्रोत/शीर्षकसमेत नखुलाई, सञ्चालन अवधि किटान नगरी, बजेट सञ्चालनको मोडालिटी नतोकी र सञ्चालनपश्चात् प्राप्त हुने नतिजा यकिन नगरी कार्यक्रम अघि बढाइएको थियो । मन्त्री बस्नेतले मन्त्रालय तथा प्राधिकरणका कर्मचारी तथा पदाधिकारीहरूको राय-सल्लाह नलिई र अनुसन्धानविना नै टेरामक्स सञ्चालन गर्ने कार्यक्रम राखेर पदीय हस्तक्षेप गरेको अख्तियारको आरोप छ ।

## रवि पक्षलाई...

पृष्ठ १ बाट क्रमशः

पाएका थिएनौँ ।' पेसी चढेको सूचना अन्तिम अवस्थामा अन्य स्रोतबाट पाएपछि रवि पक्षले स्थगितको माग राख्दै कानुन व्यवसायीमार्फत निवेदन दर्ता गराएको थियो । तर, मुख्य न्यायाधीश रत्नबहादुर बागचन्द र न्यायाधीश मिलनकुमार राईको संयुक्त इजलासले पेसी स्थगितको निवेदनप्रति विचार नै नगरी एकतर्फी सुनुवाइ अघि बढाएर मुद्दा हेर्दाहेर्दैमा राखेको छ ।

हिरासत वा कारागारमा रहेको पक्षलाई उसको मुद्दाको सुनुवाइ हुँदै छ, फलानो दिनमा पेसी चढेको छ भनेर कारागारमै सूचना पठाएर सूचित गर्ने गरिन्छ । रवि उच्च अदालत तुलसीपुर (बुटवल इजलास)को आदेशले हाल भैरहवास्थित रूपन्देही जिल्ला कारागारमा छन् । तर, उनलाई सुनुवाइ हुनेबारे कुनै सूचना गरिएन ।

कुनै पनि कारणले सम्बन्धित पक्षसम्म सूचना पुगेको रहेनछ भने सूचना दिएर पुनः पेस गर्ने भनेर आदेश हुने परम्परा छ । तर, यसो नगर्नुले सर्वोच्च अदालतको पूर्ण इजलासको नजिरलाई समेत बेवास्ता गरेको देखिन्छ । सर्वोच्चले १४ असोज ०७८ मा भेषराज खत्रीसम्बन्धी बन्दी प्रत्यक्षीकरण मुद्दामा गरेको निर्णय (निर्णय नम्बर १०७१३) मा स्पष्ट रूपमा भनिएको छ, 'प्रतिवेदनउपर सुनुवाइ गर्ने अदालतले सुनुवाइका लागि प्रत्यर्थी पक्षलाई सूचना दिई, प्रतिवादको अवसर दिएर मात्र आदेश परिवर्तन गर्न सकिन्छ ।' साथै, यस्तो सूचना सोही मुद्दा चलिरहेको अदालतमार्फत नै दिनुपर्ने व्यवस्था पनि सो आदेशमा उल्लेख छ ।

तर, रविलगायत प्रतिवादीलाई अदालतबाट कुनै औपचारिक सूचना नदिई सुनुवाइ अघि बढाइएको कार्य न्यायिक प्रक्रिया र निष्पक्ष सुनुवाइको आधारभूत सिद्धान्तविपरीत देखिएको छ । यता रविलाई गैरकानुनी थुनामा राखिएको भन्दै परेको बन्दी प्रत्यक्षीकरणको मुद्दा लगातार तीनपटकसम्म हेर्न नमिल्नेमा परेपछि अब ४ जेठमा अर्को पेसी तोकिएको छ ।

### ■ रविविरुद्ध किर्ते जाहेरी खडा गरिएकोमा संसद्‌मा विरोध

सरकारले सभापति रविविरुद्ध किर्ते जाहेरी खडा गरेर मुद्दा चलाएको भन्दै रास्वपा सांसद सोविता गौतमले संसद्‌मा विरोध जनाएकी छिन् । जाहेरीकर्ताहरूले नै रविविरुद्धको किर्ते जाहेरीमा आफूहरूको नाम राखिएको भनेर आपत्ति जनाइरहेका वेला गौतमले संसद्‌को ध्यानाकर्षण गराएकी हुन् । 'जाहेरीकर्ता बनाइएकाहरूले सार्वजनिक रूपमै लामिछानेविरुद्ध कुनै पनि किटानी जाहेरी नदिएको, थाहै नदिई अभियोगपत्रमा नाम लेखिएको र कसैविरुद्ध किटानी उजुरी नै नहालेका वेला उजुरीकर्ता बनाएको भनेर आपत्ति जनाइरहेका छन् । यसले लामिछानेविरुद्ध राज्यद्वारा लगाइएको फौजदारी अभियोगमा किर्ते र जालसाजी भएको देखिन्छ,' उनले भनिन्, 'राज्यले किर्ते जाहेरी निर्माण गरी एकजना उदाउँदो राजनीतिक नेतृत्वविरुद्ध फौजदारी मुद्दा खडा गरेको कुरा गम्भीर चासोको रूपमा आएको छ ।'

## साढे चार वर्षपछि...

पृष्ठ १ बाट क्रमशः

न्यायाधीशहरू सपना प्रधान मल्ल, मनोजकुमार शर्मा, कुमार चुडाल र नहकुल सुवेदीको इजलासले सुनुवाइ गरेको थियो ।

तत्कालीन प्रधानमन्त्री ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट ३० मंसिर ०७७ मा संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी संशोधन अध्यादेश जारी भएको थिए । यस्तो अध्यादेश जारी हुँदा ३८ जना नियुक्तिका लागि सिफारिसमा परेका थिए । तर, राष्ट्रिय दलित आयोगमा सदस्यमा सिफारिस परशुराम रम्तेल, समावेशी आयोग सदस्यमा सिफारिस रामप्रसाद खत्री, आदिवासी जनजाति आयोग सदस्यमा सिफारिस मेन्चुङ लामा तथा राष्ट्रिय थारू आयोग सदस्यमा सिफारिस विकास चौधरी र बबिता चौधरीले नियुक्ति लिन अस्वीकार गरेका थिए । त्यस्तै, दोस्रोपटक २१ वैशाख ०७८ मा २० जनाको सिफारिस भएको थियो । उनीहरू ०७८ असारमा नियुक्त भएका थिए । यस समयमा पनि संसदीय सुनुवाइविना नै उनीहरूले नियुक्ति बुझेर काम थालेका थिए ।

६ वर्षे कार्यकालका लागि नियुक्त भएकाहरूले साढे चार वर्ष पार गरिसकेपछि बल्ल मुद्दामा सुनुवाइ भएर निर्णय आउने निश्चित भए पनि कतिपयले ६५ वर्षे उमेरहदका कारण अवकाश पाइसकेका छन् । एकको त मृत्यु भइसकेको छ । यो मुद्दामा अधिवक्ता ओमप्रकाश अर्याल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ता कीर्तिनाथ शर्मा पौडेल, तत्कालीन सभामुख अग्निप्रसाद सापकोटा, निशान्त बाबु खड्का, समृत खरेल, मनोजकुमार हरिजनसमेत, पुण्यप्रसाद खतिवडालगायत निवेदक रहेको १५ निवेदन लगाउमा राखी सुनुवाइ भएको थियो । अध्यादेश ल्याई गरिएका नियुक्तिको वैधानिकता परीक्षण, अध्यादेशको वैधता, नियुक्ति खारेजीको विषय र विनासंसदीय सुनुवाइ हुने गरी बनाइएको संघीय संसद्‌को नियमावली खारेजीलगायतका विषय यी निवेदनमा छन् । १ पुस ०७७ देखि १० साउन ०७९ सम्म यी रिट दर्ता भएका थिए ।

अध्यादेशका आधारमा तत्कालीन प्रधानमन्त्री ओली, प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमल्सिना तीनजनाको बैठकले विभिन्न आयोग तथा निकायमा पदाधिकारी र सदस्य सिफारिस गरेका थिए । बैठकमा परिषद् सदस्य रहेका तत्कालीन सभामुख अग्निप्रसाद सापकोटा र प्रमुख प्रतिपक्षी दलका नेता शेरबहादुर देउवा अनुपस्थित थिए । यो विषयमा दर्ता भएको रिट यसको आठ महिनापछि ०७८ को भदौमा मात्र पहिलोपटक सुनुवाइका लागि इजलासमा पुगेको थियो ।

## 'राजनीतिक दबाब'...

पृष्ठ १ बाट क्रमशः

उन्मुक्ति दिएको छ । तर, आफ्नो कार्यकालमा उनीहरूले खरिद कार्यक्रमको निरन्तरतासहित ७०-७० करोड बजेट प्रस्तावमा सहमति दिएका थिए । उस्तै खालको अपराधमा बस्नेत दोषी र बाँस्कोटा र कार्की निर्दोष देखाएको अख्तियारको निर्णयमाथि प्रश्न उठेको छ । ३ पुस ०७५ मा परेको उजुरी टुंग्याएर अख्तियारले बिहीबार मुद्दा दायर गरेको छ ।

०७४ फागुनदेखि ०७६ फागुनसम्म मन्त्री रहेका बाँस्कोटाले आफ्नो कार्यकालमा खरिद प्रक्रिया अघि बढे/बढाएको नदेखिएको अख्तियारको दाबी छ । प्राधिकरणले वार्षिक कार्यक्रम तथा बजेट बनाउँदा ०७४ कात्तिकदेखि टेरामक्स खरिद कार्यक्रम बजेटमा राखी अगाडि बढाएको कार्यक्रमलाई दूरसञ्चार नियमावलीको प्रयोजनका लागि मन्त्रालय पुऱ्याएकोसम्म देखिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

यसको अर्थ टेरामक्ससमेतलाई कार्यक्रममा राखेर प्राधिकरणले अघि बढाएको कार्यक्रमलाई मन्त्रीका रूपमा बाँस्कोटाले निरन्तरता दिएको अख्तियारकै आरोपपत्रमा छ । 'निज तत्कालीन मन्त्री गोकुलप्रसाद बाँस्कोटाको कार्यकालमा टेरामक्सको खरिदका विषयमा निज तत्कालीन बाँस्कोटाले कुनै आदेश दिएको वा स्वीकृति दिएको वा निजको खरिद प्रक्रियामा कुनै पनि चरणमा निजले कारबाही अघि बढाएको भन्ने देखिँदैन,' अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

उनको अवधिमा खरिद प्रक्रिया नै अदालतमा विवादित बन्न पुगी विचाराधीन रहेको पनि अख्तियारले उल्लेख गरेको छ । 'यसर्थ निजको हकमा हालसम्मको अनुसन्धानबाट उक्त टेरामक्स खरिदको कसुरमा संलग्नता पुष्टि हुने प्रमाणको अभाव देखिँदा थप प्रमाण प्राप्त भएको बखत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ (ग) बमोजिम हुने नै हुँदा हाल केही बोलिरहनुपरेन भनी आयोगबाट निर्णय भएको व्यहोरा अनुरोध छ,' अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

त्यस्तै, ०७८ असोजदेखि ०७९ पुससम्म मन्त्री भएका कार्कीलाई चोख्याएको अख्तियारले उनको कार्यकालमा टेरामक्स खरिद प्रक्रिया अघि बढाउने विषयमा पहिलेदेखि नै कुनै निर्णय वा कामकारबाही बढेको अवस्था नदेखिएको दाबी गरेको छ । रिट परेपछि सर्वोच्चको फैसला आदेश कार्यान्वयन गर्ने/गराउने क्रममा टेरामक्सको बाँकी खरिद प्रक्रिया प्राधिकरणले अघि बढाएको थियो ।

प्राधिकरणले मन्त्री कार्कीसमक्ष बजेट तथा कार्यक्रम दूरसञ्चार नियमावली, २०५४ को नियम ३४ (ग) को प्रयोजनका लागि मन्त्रालय पुऱ्याएको अख्तियारले उल्लेख गरेको छ । प्राधिकरणले ल्याएको कार्यक्रम नियमावलीको प्रयोजनका लागि स्वीकृत भएको देखिएको अख्तियारको दाबी छ ।

'निज तथा उक्त मन्त्रालयमा सो सम्बन्धमा अदालतको आदेश कार्यान्वयनका लागि पेस गर्ने राष्ट्रसेवकको हकमा हालसम्मको अनुसन्धानबाट उक्त टेरामक्स खरिदको कसुरमा संलग्नता पुष्टि हुने प्रमाणको अभाव देखिँदा प्रमाण प्राप्त भएको बखत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ (ग) बमोजिम अनुसन्धान हुने नै हुँदा हाल केही बोलिरहनुपरेन भनी आयोगबाट निर्णय भएको व्यहोरा अनुरोध छ,' अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

२५ कात्तिक ०७८ मा मन्त्री कार्कीले टेरामक्स कार्यान्वयन गर्न प्राधिकरणबाट सहमतिका लागि आएको ७० करोडको पूरक बजेटमा स्वीकृति दिएका थिए । तत्कालीन सञ्चारसचिव (मुख्यसचिवबाट अवकाश) अर्यालले पेस गरेकामा मन्त्री कार्कीले यसको निर्णय गरेका थिए । यही प्रक्रियाअनुसार आएको टेरामक्स कार्यक्रमका लागि बाँस्कोटाले पनि ७० करोड स्वीकृत गरेका थिए ।


**मोटरसाइकल हरायो**

मिति २०८२/१/३० गते दिउँसो अन्दाजी १३:१७ बजेको समयमा काठमाडौं जिल्ला ता.न.न.पा.-२, बसन्तकोलनी स्थित घर को पार्किङबाट निम्न व्यहोरा भएको निलो, कालो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : हुलाश फिन सर्भ लि.
(ऋणी : हाउस अफ मिट)
मो.सा.नं.: बा.प्र. ०२-०५३ प २७८४
चेसिस नं.: MD2A13EX7RCE82967
इन्जिन नं.: DKXCRE34096
सम्पर्क न.: 9851351697


## क्यान्सर...

पृष्ठ १ बाट क्रमशः

दर ३४ प्रतिशतले कम हो ।

'गत वर्ष प्रतिखिल्ली ९० पैसा बढेको थियो, तर त्यसले चुरोट सेवनमा कमी आउने देखिएन, क्यान्सरका बिरामी झन् बढिरहेका छन् । अब ७५ प्रतिशत पुऱ्याउन सिफारिस गरेका छौँ,' उनले भने, 'अर्थ मन्त्रालयलाई लेखेर पठाइसकेका छौँ, अर्थले विधिअनुसार बढाउँछौँ भनेको छ ।'

छिमेकी भारतले सुर्तीजन्य पदार्थमा ५३ प्रतिशत कर लगाउँदै आएको छ । त्यस्तै, पाकिस्तानले ५६ प्रतिशत, बंगलादेश र श्रीलंकाले ७०-७० प्रतिशत कर उठाउँछन् ।

सरकारी र गैरसरकारी निकायहरूले गरेको अध्ययन तथ्यांकले सुर्तीजन्य पदार्थ प्रयोगका कारण नसर्ने रोगको जोखिम बर्सेनि बढाइरहेको देखाउँछ । स्वास्थ्य मन्त्रालयका अनुसार हाल देशभर ३२ प्रतिशतभन्दा बढी जनसंख्याले सुर्तीजन्य पदार्थ सेवन गर्ने गरेको अनुमान छ । त्यसमध्ये २९ प्रतिशत वयस्क जनसंख्याले सुर्तीजन्य पदार्थ सेवन गर्ने गरेका छन् ।


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभाग, ई.पी.एस कोरिया शाखा**
ग्वार्को, ललितपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति :- २०८२-०२-०२

यस कार्यालयको मिति २०८१-११-२२ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं 02/NCB/GOODS/EPS/081/082 कार्यका लागि आव्हान गरिएको बोलपत्रमा रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक र आर्थिक प्रस्तावमा योग्य रहेका तपशिलका बोलपत्रदाता न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतको लागि छनौटभई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कामको विवरण | ठेक्का नं. | फर्मको नाम र ठेगाना | भ्याट बाहेक स्वीकृत रकम |
|---|---|---|---|
| Supply and Delivery of Jacket and Cap | 02/NCB/GOODS/EPS/081/082 | SAMRIDDHI TRADE INTERNATIONAL | रु. ८७०००००/- |



**गजुरी गाउँपालिका**
**गजुरी गाउँ कार्यपालिकाको कार्यालय**
गजुरी, धादिङ

**आ.व. २०८२/०८३ को लागि नदीजन्य पदार्थको उत्खनन तथा बिक्री करका लागि बोलपत्र आव्हान सम्वन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८२/०२/०२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र यस गजुरी गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ८ को व्यवस्था बमोजिम गजुरी गाउँपालिका क्षेत्रको मलेखु, बेल्खु, त्रिशुली र दरियाल खोलाहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम उत्खनन हुने नदीजन्य पदार्थ गजुरी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरूले तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं | बोलपत्र नं. | बोलपत्रको नाम | आ.व. २०८२/०८३ का लागि कायम वार्षिक न्यूनतम बोलपत्र रकम (मू. अ. कर वाहेक) | उत्खनन् तथा संकलन गर्न पाउने अधिकतम परिमाण | बोलपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | GRM/G/NCB/01/2082/83 | ढुंगा, गिट्टी, बालुवा, रोडा, ग्राभेल, स्लेट, बिछ्याउने ढुंगा उत्खनन तथा बिक्री शुल्क उठाउने कार्य । | ३,७५,६४,४११/- (तीन करोड पचहत्तर लाख चौसट्ठी हजार चार सय एघार रुपैया मात्र) | खोला खानी क्रसर, बालुवा धुने उद्योगहरू समेत गरी जम्मा १,१८,१८८.४ घन मिटर (४१,७३,८२३.३५ घन फिट) | रू. ५०००/- | कबोल अंकको ५ प्रतिशत |

**शर्तहरू :**

१. बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले फर्मको नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको रसिद वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय गजुरीमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता बैंक खाता नं. १०५०१००३०१०१०००२ मा नगद जम्मा गरेको नगद भौचर वा स्थानीय तहको राजस्व पोर्टलमा राजस्व शिर्षक १४५२९ मा जम्मा गरेको भौचर साथ यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३१ औं दिनको दिउँसो १२:०० बजे भित्र विद्युतीय माध्यमबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरू डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ । बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

२. आफुले कबोल गरेको अंकको कम्तिमा ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय गजुरीमा रहेको धरौटी खाता नं. १०५०१००३०३००००२ (धरौटीको लागि) जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १५० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड विद्युतीय माध्यमबाट पेश गर्नु पर्नेछ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको १२:१५ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिने छ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

४. प्रि-बिड बैठक मिति २०८२ जेठ १८ गते दिनको दिउँसो २:०० बजे गजुरी गाउँपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन सार्वजनिक बिदा परेमा सो बैठक उक्त दिनको भोलिपल्ट सोही समयमा हुनेछ ।

५. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको मितिले १५ दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत संलग्न गरी कबोल अंकको प्रथम किस्ता बापत ४० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो र तेस्रो किस्ताबापत ६० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८३ साल असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा अनिवार्य बुझाउनु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

६. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ । यस गाउँपालिकाको नदी तथा नदीहरूको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय अध्ययन IEE प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

७. आन्तरिक आय बन्दोबस्तीका लागि गरिएको यस ठेक्काको अवधि आ.व. २०८२/०८३ को लागी यस कार्यालयसँग ठेक्का सम्झौता भएको मितिदेखि २०८३ आषाढ मसान्त सम्म रहनेछ ।

८. बन्द हड्ताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाईने छैन । यस प्रयोजनका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदनको परिधिभित्र रही तोकिएको समयावधिमा मात्र नदी क्षेत्रबाट सामग्री उत्खनन् गर्न दिईने छ ।

९. गाउँपालिकाको हितलाई मध्यनजर गरी कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । तोकिएको समयमा तोकिएको किस्ता रकम अनिवार्य रूपमा बुझाउनु पर्नेछ । कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा/छुट सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१०. ठेक्काको बाँकी दुई किस्ता रकम मध्ये क्रमश: दोस्रो किस्ता (कबोल अंकको ३० प्रतिशतले हुने रकम) २०८२ पौष मसान्त भित्र र तेस्रो तथा अन्तिम किस्ता (कबोल अंकको ३० प्रतिशतले हुने रकम) २०८३ वैशाख मसान्त भित्र बुझाई सक्नु पर्नेछ ।

११. उल्लेखित शर्त पूरा नभएको बोलपत्रहरूलाई मूल्यांकनमा समावेश गरिने छैन । यस शर्तमा उल्लेख नभएका कुराहरूको हकमा प्रचलित ऐन कानून बमोजिम ठेक्का स्विकृती पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको website : ww[illegible]mun.gov.np मा समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत


CamScanner
Scanned with CamScanner

■ टी-२० महिला विश्वकप एसिया

# नेपालको सुपर थ्रीमा पुग्ने आशा जीवितै



नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीले आइसिसी टी-२० विश्वकपअन्तर्गत एसिया छनोटको सुपर थ्रीमा पुग्ने सम्भावना बलियो बनाएको छ। समूह 'सी'बाट शीर्ष स्थानमा रहँदै सुपर थ्रीमा पुग्न नेपालले हङकङ र बहराइनबिचको लिगको अन्तिम खेलको नतिजाको प्रतीक्षा गर्नुपर्नेछ। हङकङको जितले नेपाल समूह चरणबाटै बाहिरिनेछ। यसबाहेकको समीकरणबाट नेपाल सुपर थ्रीमा पुग्न सक्छ। हङकङमाथि बहराइनको जित तथा कारणवश खेल रद्द भए नेपाल सुपर थ्रीमा प्रवेश गर्नेछ।

बहराइन र हङकङबिचको खेल हुन नसक्दा नेपाल बढी जितका आधारमा अगाडि बढ्नेछ। प्रतियोगिताको नियमअनुसार समान अंक भए बढी जित दर्ता गर्ने टोली सुपर थ्रीमा पुग्नेछ। नेपालले दुई र हङकङले एक जित मात्र दर्ता गरेको छ। छनोटमा सहभागी नौ राष्ट्रलाई तीन समूहमा विभाजन गरिएको छ। हरेक समूहको विजेताले सुपर थ्रीमा प्रतिस्पर्धा गर्नेछन्। सुपर थ्रीको शीर्ष दुई टोलीले ग्लोबल छनोटमा स्थान बनाउने प्रावधान छ।

> हङकङमाथि बहराइनको जित वा कारणवश खेल रद्द भए नेपाल सुपर थ्रीमा पुग्न सक्ने

समूह 'सी'मा नेपालले आफ्ना सबै खेल खेलिसकेको छ। नेपालले चार खेलबाट सर्वाधिक ५ अंक बटुलेको छ। नेपालभन्दा एक खेल कम खेलेको हङकङ ४ अंकका साथ दोस्रो स्थानमा छ। समूहको तेस्रो टोली बहराइनले ३ खेलबाट १ अंक बटुलेको छ। नेपालले दुई जित र एक हारको सामना गरेको छ। एक खेल वर्षाका कारण रद्द हुँदा नेपालले १ अंक हात पारेको थियो। दोस्रो स्थानको हङकङले एक मात्र जित नेपालविरुद्ध प्राप्त गरेको थियो। वर्षाले दुई खेल रद्द हुँदा हङकङले २ अंक जोडेको थियो। बहराइनले तीन खेलबाट १ अंक मात्र हात पारेको छ। बहराइनले दुई खेल गुमाएको छ।

### बहराइनमाथि ६ विकेटको जित

थाइल्यान्डको बैंककमा चलिरहेको एसियन छनोटअन्तर्गत बिहीबार नेपालले बहराइनमाथि डिएलएस नियमअनुसार ६ विकेटको जित दर्ता गर्दै सुपर थ्रीमा पुग्ने सम्भावना जीवितै राखेको हो। वर्षाले प्रभावित खेल १२.४ ओभरमा झारिएको थियो। पहिलो ब्याटिङ गरेको बहराइनले १२.४ ओभरमा तीन विकेट गुमाएर ७६ रन बनाएको थियो। पुनः वर्षाले खेल रोकिँदा नेपालले सात ओभरमा ५६ रनको नयाँ लक्ष्य पायो। नेपालले ५.४ ओभरमा चार विकेटको क्षतिमा ५६ रन जोड्दै बहराइनविरुद्ध जित निकाल्यो। नेपालले लक्ष्य पछ्याएको इनिङ्समा ९.८ को रनरेटमा ब्याटिङ गरेको थियो। बहराइनका बलरले नेपाललाई अतिरिक्त ९ रन दिएका थिए। जसमा चार बाई र पाँच वाइड समावेश रह्यो। नेपालको ब्याटिङमा एक मात्र छक्का प्रहार भएको थियो।

### वर्षाले प्रभावित खेल

नेपाल र बहराइनबिचको खेल वर्षाले प्रभावित पारेको थियो। टस जितेर ब्याटिङ रोजेको बहराइनले तीन विकेटको क्षतिमा ७६ रन बनाउँदा खेल रोकियो। बहराइनले नेपालविरुद्ध ओपनिङमा राम्रो साथ पाएको थियो। थरांगा गजनायके र रसिका रोड्रिगोले पहिलो विकेटका लागि ४.१ ओभरमा २२ रनको साझेदारी गरेका थिए। थरांगाले १२ बलमा १२ रन बनाइन्। रनआउट हुनुअघि उनले १२ बलमा दुई चौका प्रहार गरेकी थिइन्। त्यसपछि रासिका र कप्तान दीपिका रासानगिकाले दोस्रो विकेटका लागि ३६ रनको साझेदारी गर्दै बहराइनलाई ९.४ ओभरमा ५८-२ को बलियो स्थितिमा राखे। रासिका पनि रनआउट भइन्। उनले २९ बलमा तीन चौकाको सहयोगमा २३ रन बनाइन्। कप्तान दीपिकाले २७ बलमा २३ रन जोडिन।

कप्तान इन्दुले बलिङमा सात बलरलाई बलिङ गराएकी थिइन्। संयोगवश नेपालका कुनै पनि बलरले विकेट लिन सकेनन्। बहराइनले गुमाएको तीनै विकेट रनआउटका रूपमा रह्यो। कविता कुँवर, पूजा, ईश्वरी विष्ट, रिया शर्मा, इन्दु, रजमती ऐरी तथा कविता जोशीले बहराइनविरुद्ध बलिङ गरेका थिए।

समूह 'ए'

| टोली | खेल | जित | हार | अनिर्णीत | अंक | रनरेट |
|---|---|---|---|---|---|---|
| थाइल्यान्ड | ४ | २ | ० | २ | ६ | ४.६ |
| कुवेत | ३ | १ | १ | १ | २ | -०.५ |
| भुटान | ३ | ० | २ | १ | १ | -३.६ |

समूह 'बी'

| राष्ट्र | खेल | जित | हार | अनिर्णीत | अंक | रनरेट |
|---|---|---|---|---|---|---|
| युएई | ४ | २ | ० | २ | ६ | ६.९ |
| मलेसिया | ३ | ० | १ | २ | २ | -३.० |
| कतार | ३ | ० | १ | २ | २ | -८.१ |

समूह 'सी'

| टोली | खेल | जित | हार | अनिर्णीत | अंक | रनरेट |
|---|---|---|---|---|---|---|
| नेपाल | ४ | २ | १ | १ | ५ | ०.८ |
| हङकङ | ३ | १ | ० | २ | ४ | ०.८ |
| बहराइन | ३ | ० | २ | १ | १ | -१.८ |

## कप्तान इन्दुको अलराउन्ड प्रदर्शन



नेपालकी कप्तान इन्दु बर्माले बहराइनविरुद्धको महत्त्वपूर्ण प्रतिस्पर्धामा अलराउन्ड प्रदर्शन गरेकी थिइन्। प्रतिस्पर्धामा विकेटविहीन भए पनि इन्दुले कसिलो बलिङ गरेकी थिइन्। उनले तीन ओभरमा १३ रन खर्चिन्। लक्ष्य पछ्याएको ब्याटिङमा उनी आक्रामक रूपमा प्रस्तुत भइन्। इनिङ्सको एक समय नेपाल १.५ ओभरमा ८-३ को दयनीय अवस्थामा थियो। ०.५ ओभरमा नेपालले ओपनर सम्झना खड्कालाई ५ रनमा गुमाएको थियो। यसैगरी १.१ ओभरमा रुबी पोडार १ रनमा आउट भइन्। अनुभवी खेलाडी कविता जोशी शून्यमा पेभेलियनमा फर्किइन्। उनले चार बलको सामना गरेकी थिइन्। त्यसपछि इन्दुले उपकप्तान पूजा महतोसँग चौथो विकेटका लागि १५ रनको साझेदारी गर्दै टोलीलाई ३.५ ओभरमा २३-४ को स्थितिमा राखिन्। पूजाले ११ बलमा दुई चौका प्रहाक गरी १३ रन बनाइन्। इन्दुले इनिङ्समा केवल सात बल सामना गरी सर्वाधिक २४ रनको योगदान दिइन्। उनले ३२४.८५ को स्ट्राइकमा ब्याटिङ गरी चार चौका र एक छक्का प्रहार गरेकी थिइन्।

उनकै उत्कृष्ट ब्याटिङ प्रदर्शनमा नेपालले बहराइनलाई हराएको हो। बहराइनविरुद्ध पूर्वकप्तान रुबिना क्षेत्रीले पाँच बलमा ४ रन बनाइन्। बलिङमा बहराइनका लागि पभिथा सेठीले दुई ओभरमा १० रन खर्चेर तीन विकेट हात परिन्। नेपालको जितमा महत्त्वपूर्ण योगदान दिएकी कप्तान इन्दु खेलकै म्यान अफ दी म्याच भइन्।

# नयाँ बस्ती दुई खेलअघि नै रेलिगेसनमा

मध्यपुर युथ र श्री भगवतीले १-१ को बराबरी खेलेपछि नयाँ बस्ती दुई खेलअघि नै 'सी' डिभिजनमा घटुवा



'बी' लिग अंकतालिका

| क्लब | खेल | जित | ड्र | हार | गोल | अंक |
|---|---|---|---|---|---|---|
| प्लानिङ ब्वाइज | ११ | ८ | ३ | ० | १५ | २७ |
| श्री भगवती | ११ | ६ | ५ | ० | १२ | २३ |
| ब्वाइज युनियन | ११ | ५ | ४ | २ | ५ | १९ |
| वीरगन्ज | ११ | ४ | ४ | ३ | २ | १६ |
| झापा | ११ | ४ | ३ | ४ | २ | १५ |
| च्यासल | ११ | ४ | ३ | ४ | १ | १५ |
| सरस्वती | ११ | ५ | ९ | ६ | -१ | १५ |
| बाँसबारी | ११ | ५ | ० | ६ | -१ | १५ |
| आरसिटी | ११ | ४ | १ | ६ | -५ | १३ |
| ब्रिगेड | ११ | ३ | ३ | ५ | -४ | १२ |
| मध्यपुर | ११ | ३ | ३ | ५ | -६ | १२ |
| टुसाल | ११ | २ | ५ | ४ | -४ | ११ |
| नयाँ बस्ती | ११ | १ | २ | ८ | -१३ | ५ |

नयाँ पत्रिका

नयाँ बस्ती युवा क्लब सहिद स्मारक 'बी' डिभिजन लिगको रेलिगेसनमा परेको छ। नयाँ बस्ती लिगको अन्तिम दुई खेलअघि नै 'सी' डिभिजनमा घटुवा भएको हो। एन्फा कम्प्लेक्समा बिहीबार मध्यपुर युथ एसोसिएसन र श्री भगवती क्लबले १-१ को बराबरी खेलेपछि नयाँ बस्ती दुई खेलअघि नै घटुवा भयो। नयाँ बस्ती ११ खेलबाट ५ अंकका साथ पुछारमा छ। लिगका बाँकी दुवै खेल जिते पनि नयाँ बस्ती ११औँ स्थान रहनेछ। नयाँ बस्तीले मध्यपुरलाई भेट्नेछैन। मध्यपुरले १२ खेलबाट १२ अंक जोडेको छ। लिगका पुछारका दुई टोली घटुवा हुने प्रावधान छ।

अखिल नेपाल फुटबल संघ (एन्फा)को अपिल कमिटीले मंगलबार सरस्वती युथ क्लबविरुद्ध उजुरी हालेर नयाँ बस्तीले प्राप्त गरेको ३ अंक घटाएको थियो। सरस्वतीका धीरेन्द्रबहादुर शाहको निलम्बन फुकुवा गर्दै सरस्वतीको खोसिएको ३ अंक फिर्ता गरेपछि नयाँ बस्ती संकटमा परेको हो। अब लिगमा दुई खेल मात्रै बाँकी रहँदा 'ए' डिभिजनमा बढुवा हुने र 'सी' डिभिजनमा घटुवा हुने एक टोलीको टुंगो भइसकेको छ। 'ए' डिभिजनमा उक्लने एक र 'सी' डिभिजन लिगमा घटुवा समान एक टोलीको टुंगो लाग्न बाँकी छ। ११ खेलबाट २७ अंक जोड्दै प्लानिङ ब्वाइज युनाइटेड शीर्ष डिभिजनमा उक्लिसकेको छ। ११ खेलबाट २३ अंकका दोस्रो स्थानमा रहेको श्री भगवती क्लब बढुवा हुने सम्भावना छ।

१९ अंक बनाएको 'ए' डिभिजन लिगको पूर्वविजेता ब्वाइज युनियनले श्री भगवतीलाई पछ्याइरहेको छ। टुसाल युथ, मध्यपुर, ब्रिगेड ब्वाइज र श्री कुमारी क्लबबिच रेलिगेसन भिडन्त भइरहेको छ। यीमध्ये एक टिम रेलिगेसनमा पर्नेछ। ब्वाइज युनियनले 'बी' डिभिजन लिगमा रेलिगेसन खतरा टार्‍यो। ब्वाइज युनियनले श्रीकुमारी क्लबलाई ५-३ ले हराउँदै 'बी' डिभिजनमै रहने पक्का गरेको हो। श्री कुमारीविरुद्ध ब्वाइज युनियनका दिव्यविक्रम चौधरीले दुई गोल गरेका थिए।

■ महालेखाको प्रतिवेदन

# कार्यक्रम स्वीकृतिविना नै राखेपले गर्‍यो डेढ अर्ब खर्च

**काठमाडौं**/ राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले आर्थिक वर्ष ०८०/८१ मा युवा तथा खेलकुद मन्त्रालयबाट प्राप्त एक अर्ब ४९ करोड ५१ लाख ९८ हजार रुपैयाँ बजेट कार्यक्रम स्वीकृत नगरी खर्च गरेको पाइएको छ। राखेपले मन्त्रालयबाट एक अर्ब ७८ करोड ५६ लाख ८० हजार रुपैयाँ प्राप्त गरे पनि बजेट तथा कार्यक्रम स्वीकृत नै नगरी खर्च गरेको महालेखा परीक्षकको कार्यालयले जनाएको छ। महालेखा परीक्षकको ६२औँ वार्षिक प्रतिवेदनमा वार्षिक कार्यक्रम र बजेट स्वीकृत गरेर मात्र खर्च गर्नुपर्ने व्यवस्थाविपरीत राखेपले खर्च गरेको उल्लेख छ।

प्रतिवेदनअनुसार गत वर्षको तुलनामा यस वर्ष राखेपमा पेस्की वृद्धि भएको छ। राखेपमा आर्थिक वर्ष ०७९/८० सम्म एक अर्ब ४२ करोड ८४ लाख ६८ हजार पेस्की थियो। जसमध्ये २४ करोड ४४ लाख सात हजार रुपैयाँ फर्स्योट भएको थियो। तर, ०८०/८१ मा तीन करोड ४० लाख ७६ हजार रुपैयाँ थप पेस्की बढेको छ। जसकारण राखेपमा एक अर्ब २१ करोड ८१ लाख ३७ हजार फर्स्योट हुन बाँकी छ। प्रतिवेदनअनुसार राखेपले आफूखुसी अनुदान दिएकोसमेत खुलेको छ। राखेपले राष्ट्रिय खेल संघलाई खेलकुद कार्यक्रम सञ्चालन गर्न अनुदानबापत दुई करोड ५० लाख रुपैयाँ प्रदान गरेको छ। १६ जेठ ०८१ मा सदस्यसचिवस्तरीय निर्णयअनुसार राखेपले २७ संघलाई न्यूनतम एक लाखदेखि अधिकतम ३४ लाखसम्म अनुदान दिएको थियो। यसैगरी, राखेपले १४ क्लबलाई ५० हजारदेखि नौ लाख रुपैयाँसम्म अनुदान दिएको प्रतिवेदनमा उल्लेख छ।

### पूर्वाधार पूरा भएन

महालेखा परीक्षकको प्रतिवेदनमा राखेपले भौतिक पूर्वाधार पूरा गर्न नसकेको जनाएको छ। पाँचथरको फिदिममा रंगशाला तथा अन्य संरचना निर्माण गर्न १२ करोड १८ लाखको सम्झौता भए पनि काम पूर्ण नभएको जनाएको छ। यसैगरी, महालेखा परीक्षकले मूलपानी क्रिकेट एकेडेमी तथा रंगशाला निर्माण कार्यको काम पूरा हुन नसकेको औँल्याएको छ। आर्थिक वर्ष ०८०/८१ सम्म ४० करोड ७७ लाख खर्च भए पनि मूलपानीको रंगशाला निर्माण सम्पन्न हुन नसकेको प्रतिवेदनमा भनिएको छ।

## खेल संक्षेप

### न्युटन र ग्रिनल्यान्ड क्वार्टरफाइनलमा

**काठमाडौं**/ न्युटन र ग्रिनल्यान्ड आठौँ बिएनए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषको क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। बिहीबार भएको खेलमा न्युटनले गोल्डेनपिकलाई २८-२७ ले पराजित गर्‍यो। ग्रिनल्यान्डले एन्जल्स हार्टलाई २६-२२ ले हरायो। सोही स्पर्धामा पारामाउन्टले क्यान्भास वसन्त ऋतुलाई २५-१८ ले पाखा लगायो। भ्याली पब्लिकले आयोजक बसुन्धरा नेसनल एकेडेमी (बिएनए) माथि ४७-३५ को जित निकाली अन्तिम आठको स्थान पक्का गरेको छ।

अब सेमिफाइनल प्रवेशका लागि लालीगुराँस नेसनल एकेडेमीले क्यान्भासको सामना गर्नेछ। अर्को खेल पारामाउन्ट र ग्रिनल्यान्डबिच हुनेछ। भ्याली पब्लिक र गोल्डेनपिकबिच तेस्रो क्वार्टरफाइनल हुनेछ। अन्तिम खेल न्युटन र स्किब्सबिच हुने आयोजकले जनाएको छ। प्रतियोगिताको सिनियर महिलामा केभिकेएसएसले बिएनएलाई २४-१८ ले हरायो। फेरिल्यान्डले टिआइएलाई २८-२२ को स्कोरमा पराजित गर्‍यो।

### हेटौँडामा प्रदेश स्पोर्टस् अवार्ड हुने

**मकवानपुर**/ बागमती प्रदेश सरकारअन्तर्गत युवा तथा खेलकुद मन्त्रालयको आयोजनामा ४ जेठमा पहिलोपटक 'प्रदेश स्पोर्टस् अवार्ड एन्ड युथ समिट' आयोजना हुने भएको छ। प्रदेश युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले बिहीबार खेलाडी, प्रशिक्षक तथा खेल पत्रकारको योगदानस्वरूप स्पोर्टस् अवार्ड आयोजना गर्न लागेको बताए। प्रतिभावान् खेलाडीको विदेश पलायन रोक्न तथा खेलकुद क्षेत्रलाई प्रोत्साहन दिन अवार्ड महत्त्वपूर्ण हुने महर्जनको भनाइ छ।

'यस्ता पुरस्कार तथा सम्मानले नयाँ पुस्तालाई समेत खेल क्षेत्रमा लाग्न प्रेरणा मिल्छ,' उनले भने। वर्षका उत्कृष्ट महिला र पुरुष खेलाडी, प्रशिक्षक, युवा खेलाडी, लोकप्रिय खेलाडी, खेल पत्रकार, बागमती खेलकुदको सान तथा लाइफटाइम एचिभमेन्ट गरी १२ जनालाई पुरस्कृत गरिनेछ।

# एन्फा अध्यक्षलाई अदालतमा उपस्थित हुन आदेश

नयाँ पत्रिका



उच्च अदालत पाटनले अखिल नेपाल फुटबल संघ (एन्फा)का अध्यक्ष पंकजविक्रम नेम्वाङलाई सात दिनभित्र लिखित जवाफसहित अदालतमा उपस्थित हुन आदेश दिएको छ। २६ वैशाखमा काभ्रेको धुलिखेलमा भएको नियमित साधारणसभामा एन्फाका पूर्वअध्यक्ष गणेश थापालाई प्रवेश रोक लगाइएको थियो। त्यसलगत्तै थापाले अदालतमा अवहेलना मुद्दा दायर गरेका थिए।

उच्च अदालतका न्यायाधीशद्वय खडानन्द तिवारी र डिल्लीरत्न श्रेष्ठको इजलासले बिहीबार उक्त मुद्दाको सुनवाइ गर्दै नेम्वाङलाई सात दिनभित्र लिखित जवाफसहित उपस्थित हुन आदेश दिएको हो। यसअघि २४ वैशाखमा उच्च अदालत पाटनले थापालाई साधारणसभामा उपस्थित हुनका लागि नरोक्न आदेश दिएको थियो। यो आदेशविरुद्ध एन्फा भ्याकेटमा गए पनि अदालतले खारेज गरेको थियो। आफ्नो पक्षमा निर्णय आएपछि सहिद स्मारक 'बी' डिभिजन क्लब आरसी ३२ का प्रतिनिधि थापा साधारणसभामा सहभागी हुन धुलिखेल पुगेका थिए। तर, एन्फाले साधारणसभामा प्रवेश गर्ने कार्ड नै उपलब्ध गराएन। एन्फाले काठमाडौं जिल्ला फुटबल संघका सदस्य गौरव थापालाई पनि साधारणसभामा सहभागी हुन रोक लगाएको थियो।

यसैबिच एन्फाले आरसी ३२ र काठमाडौं जिल्लालाई पत्र लेख्दै साधारणसभामा किन सहभागी नभएको प्रश्न सोधेको छ। थापाले नेपालको संविधान २०७२ को धारा १३९ (२) र न्याय प्रशासन ऐन, २०७३ को दफा १७ (२) र (४) बमोजिम कारबाहीको माग गरेका छन्। अदालतको अवहेलना प्रमाणित भए नेम्वाङलाई एक वर्ष कैद र १० हजार रुपैयाँ जरिवाना हुन सक्छ।

Government of Bagmati Province
Ministry of Water Resources, Energy and Irrigation
Water Resources and Irrigation Development Division Office
Bharatpur, Chitwan

Notice of Intention to Award Contract

Date of publication: 16th May 2025

As per our invitation for Bid published on "Naya Patrika " National Daily on 2nd March 2025 with Submission of Bids up to 12:00 hrs, 1st April 2025 and their evaluation, this is to notify to all the concerned bidders who submitted their bids for below mentioned package that the Lowest Evaluated Substantially Responsive bidder as indicated below has been selected to be award the contract. This notice has been published pursuant to clause 27 (2) and 27(3) of Public Procurement Act 2063 for purpose of clause 47 of the same Act.

| SN | Bid No. | Contractor | Bid Price (Excluding VAT & Including PS) |
|---|---|---|---|
| 1. | WRIDDCHIT/CHYADRAA/ NCB-03/81-82 | M/S Jimba- New Buildcon- Milan JV, Bhaktapur Madhyapur, Thimi-17 Magargaun | 3,24,29,397.98 |

Division Chief

Panauti Municipality
Office of the Municipal Executive
Panauti, Kavre
Bagmati Province, Nepal

Invitation for Electronic Revenue Bids

Second Date of Publication: 2082/02/02
Last date of submission: 2082/02/08

The Office of the Municipal Executive, Panauti Municipality invites electronic bids from Nepalese Eligible Bidders for maintaining the depth of roshi kalati river by clearing devris, sand and soil settled due to flooding of 2081 Ashoj 10, 11, 12 and sales of those products as per norms. Eligible Bidders may obtain further information from the www.bolpatra.gov.np and Office of the Municipal Executive, Panauti Municipality, Kavre.

| S.N. | Contract Identification No. | Description of Project | Bid Document Fee, Nrs. | Bid Security Amount Nrs. | Minimum revenue to be collected without VAT | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | panauti/ayethekka/ 2081/82-01 | Collection and sales of soil, sand, stone and devris from roshi and kalati river as per approved IEE norms. And maintaining required depth. | 3000 | 350000 | 6828716.59 | (Highest revenue providing bidder for mentioned quantity will be awarded) |

Panauti Municipality.

# विश्व टेस्ट च्याम्पियनले ३० करोड पाउने

अघिल्लो दुई संस्करणको तुलनामा यसपटक पुरस्कार राशि दोब्बर बनाइयो

एजेन्सी




अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले विश्व टेस्ट च्याम्पियनसिप २०२३-२५ को फाइनलिस्टका लागि पुरस्कार राशि घोषणा गरेको छ। फाइनलिस्टको कुल पुरस्कार राशि ५.७६ मिलियन अमेरिकी डलर अर्थात् ४९.२७ करोड नेपाली रुपैयाँ रहेको छ। आइसिसीले यसपटक पुरस्कार राशिमा अघिल्लो दुई संस्करणको तुलनामा दोब्बरले वृद्धि गरेको हो। विजेता टोलीले ३.६ मिलियन अमेरिकी डलर अर्थात् ३०.८ करोड नेपाली रुपैयाँ प्राप्त गर्नेछ। सन् २०२१ र २०२३ को विजेताले १.६ मिलियन डलर पाएको थियो।

इंग्ल्यान्डको लड्स मैदानमा ११ देखि १५ जुनसम्म दक्षिण अफ्रिका र अस्ट्रेलियाबिच उपाधि भिडन्त हुनेछ। उपविजेताले २.१६ मिलियन अमेरिकी डलर अर्थात् १८.५ करोड नेपाली रुपैयाँ पाउनेछ। अघिल्लो संस्करण तुलनामा यसपटक उपविजेता टोलीको पुरस्कार राशि आठ लाख अमेरिकी डलर बढाइएको छ। दक्षिण अफ्रिकाले अंक तालिकामा शीर्ष स्थान रहँदै अन्तिम दुई स्थान पक्का गरेको थियो। दक्षिण अफ्रिकाले फाइनल सुरक्षित गर्ने क्रममा पाकिस्तान, वेस्ट इन्डिज, बंगलादेश र श्रीलंकालाई हराएको थियो। दक्षिण अफ्रिकाले भारतसँगको घरेलु शृंखला बराबरीमा सकाएको थियो। दक्षिण अफ्रिकाले पहिलोपटक फाइनलमा स्थान बनाएको हो। अस्ट्रेलिया लगातार दोस्रोपटक फाइनल पुगेको हो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं. mail: letter@nayapatrikadaily.

CamScanner
Scanned with CamScanner